# स्थानीय तहको
# दिगो विकास लक्ष्यमैत्री
# मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९




नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री

# मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९


नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री**
**मध्यमकालीन खर्च संरचना तयार गर्न**
**सहयोगी स्रोत पुस्तिका, २०७९**

प्रतिलिपि अधिकार @ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
फोन (+९७७)-१-४२००३१८, ४२००४३२, ४२००२९१
ईमेलः info@mofaga.gov.np

प्राविधिक सहयोगः Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project

**माननीय राजेन्द्रप्रसाद श्रेष्ठ**
मन्त्री
सङ्घीय मामिला तथा
सामान्य प्रशासन मन्त्रालय

# भूमिका

दिगो विकासको लक्ष्य हासिल गर्नु नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा आफ्नै राष्ट्रिय आवश्यकता समेत हो । नेपालको संविधानले सङ्घीय शासन प्रणाली अंगिकार गरी सङ्घ, प्रदेश र स्थानीय तह रहने तीन तहका सरकारबाट राज्य संचालन हुने व्यवस्था गरेको छ भने तीन तहका सरकार बीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरेको छ । तिनै तहका सरकारको सहकार्य बिना दिगो विकासको लक्ष प्राप्ति सम्भव छैन । त्यसमा पनि नागरिकहरुको नजिकको सरकार भएको र स्थानीय सरोकार र विकास निर्माणमा स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ।

आवधिक विकास योजना र दिगो विकासका लक्ष्य एवम् नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रममा रुपान्तरण गर्न, बजेट अनुमानलाई कुशल र यथार्थपरक बनाउन तथा विनियोजन कुशलता प्राप्त गर्नको लागि मध्यमकालीन खर्च संरचनाको तर्जुमा आवश्यक हुन आउंछ । स्थानीय तहमा मध्यमकालीन खर्च संरचनाको तर्जुमा नयां अभ्यास भएकाले यसमा सहयोग पुगोस भनी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले "स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८" जारी गरेको छ। त्यसै दिग्दर्शनमा केन्द्रित रही यो श्रोत पुस्तिका तर्जुमा गरिएको छ ।

यो श्रोत पुस्तिका **"स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८"** लाई थप स्पष्ट पार्न सहयोगी हुने, अनुसूची तथा तालिकाहरु भर्न यसले नमूनाकोरुपमा काम गर्ने र दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनाको अङ्ग बनाउन सहयोगी हुने अपेक्षा गरेको छु।

(राजेन्द्र प्रसाद श्रेष्ठ) मन्त्री
२०७९ असार

# मन्तव्य

सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रूपमा रहेको छ। सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउंदै आवधिक योजनाका लक्ष्य, उद्धेश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आगामी ३ आर्थिक बर्षमा हुने सार्वजनिक खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने ब्यवस्था गरेको छ।

यसै परिप्रेक्षमा स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले **"स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८"** जारी गरेको छ। त्यसै दिग्दर्शन अनुसार गाउँ/नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न थप सहज होस् भन्ने उद्देश्यले यो श्रोत पुस्तिका तर्जुमा गरिएको छ।

यस श्रोत पुस्तिकामा दिग्दर्शनमा भएका प्रावधानहरुलाई थप स्पष्ट पार्दै दिगो विकासका लक्षहरुलाई मध्यमकालीन खर्च संरचनामा कसरी आन्तरिकीकरण गर्ने भन्ने बारेमा ब्याख्या गरिएको छ। साथै, यसमा दिग्दर्शनमा रहेका विभिन्न तालिका तथा अनुसूचीहरु भर्ने विधि बारेमा स्पष्ट पार्न नमूना तालिका र उदाहरणहरु प्रस्तुत गरिएको छ।

यस प्रक्रियामा सहयोग गर्ने राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै यस स्रोत पुस्तिकाको निर्माणमा प्राविधिक सहयोग दिने Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UN Women लाई बिशेष धन्यवाद ज्ञापन गर्दछु।

२०७९ असार

..........................................

(सुरेश अधिकारी)
सचिव
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# बिषय सूची


## १. परिचय१

१.१ पृष्ठभूमि ११

१.२ मध्यमकालीन खर्च संरचना सम्वन्धी अवधारणा १२

१.३ मध्यमकालीन खर्च संरचनाको आवश्यकता र उपादेयता १२

१.४ स्थानीय तहको योजना प्रणालीमा मध्यमकालीन खर्च संरचनाको सान्दर्भिकता १३

१.५ स्रोत पुस्तिकाको उद्देश्य १४

## २. मध्यमकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्यहरु १५

२.१ अवधारणा १५

२.२ लक्ष्यहरु १५

२.३ दिगो विकास लक्ष्य सम्बन्धी नेपालको कार्ययोजना १७

२.४ दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनामा समेट्नुपर्ने आवश्यकता १७

२.५ दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण १८

## ३. मध्यमकालीन खर्च संरचना तयार गर्ने विधि २१

३.१ कार्यदलको व्यवस्था २१

३.२ कार्यतालिका तथा जिम्मेवारी निर्धारण २२

३.३ तथ्य-तथ्याङ्कको प्रस्तुति २२

## ४. मध्यमकालीन खर्च संरचना तयार गर्ने विधिको नमूना २५

४.१ दिग्दर्शनको अनुसूची १: मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तुलनात्मक कार्यतालिका २६

४.२ दिग्दर्शनको अनुसूची २: आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि २७

४.३ दिग्दर्शनको अनुसूची ३: आगामी तीन आर्थिक वर्षको बजेट सीमा २८

४.४ दिग्दर्शनको अनुसूची ४: उपक्षेत्र/कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३६

४.५ दिग्दर्शनको अनुसूची ५: कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण तथा साङ्केतीकरणका आधार तथा प्रक्रिया ३९

४.६ दिग्दर्शनको अनुसूची ६: त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण ५१

४.७ दिग्दर्शनको अनुसूची ७: विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानको ढाँचा ६१

४.८ दिग्दर्शनको अनुसूची ८: विषय उपक्षेत्रगत मध्यमकालीन नतिजासूचक र लक्ष्यको ढाँचा ६३

४.९ दिग्दर्शनको अनुसूची ९: स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका ७५

४.१० दिग्दर्शनको अनुसूची १०: समष्टिगत मध्यकालीन नतिजा खाका ७७

४.११ दिग्दर्शनको अनुसूची ११: समष्टिगत मध्यकालीन बजेट खाका ७९

४.१२ दिग्दर्शनको अनुसूची १२: कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बांडफाट ८३

४.१३ दिग्दर्शनको अनुसूची १३: स्थानीय तहको मध्यमकालीन खर्च संरचना दस्तावेजको विषयवस्तु तथा ढाँचा ९८

अनुसूची - १: प्रमुख शव्दावलीहरुको ब्याख्या ९९

अनुसूची - २: दिगो विकास लक्ष्य प्राप्तिको लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरू र नतिजा मापनका परिमाणात्मक सूचक १०३

अनुसूची - ३: प्रगति समीक्षाका लागि बिवरण संकलन तालिका १२३

# तालिका सूची


| | | | |
|---|---|---|---|
| १. | नमूना तालिका - १: | चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि ढाँचा तालिका भर्ने विधि | २७ |
| २. | उदाहरण - १: | बुकीपाटन नगरपालिकाको चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि | २९ |
| ३. | नमूना तालिका - २: | आगामी तीन आर्थिक वर्षको बजेट सीमा तालिका भर्ने विधि | ३० |
| ४. | उदाहरण - २: | बुकीपाटन नगरपालिकाको आगामी तीन आर्थिक वर्षको बजेट सीमा | ३३ |
| ५. | नमूना तालिका - ३: | कार्यक्रम/आयोजनाको संक्षिप्त बिवरण भर्ने विधि | ३६ |
| ६. | उदाहरण - ३: | बुकीपाटन नगरपालिकाको कार्यक्रम/आयोजनाको संक्षिप्त बिवरण | ३७ |
| ७. | नमूना तालिका - ४: | कार्यक्रम तथा आयोजना वा उपक्षेत्रको प्राथमिकीकरण अङ्क निर्धारण तालिका भर्ने विधि | ४६ |
| ८. | उदाहरण - ४: | बुकीपाटन नगरपालिकाको कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण अङ्क निर्धारण तालिका | ४८ |
| ९. | नमूना तालिका - ५: | लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि | ५३ |
| १०. | उदाहरण - ५: | बुकीपाटन नगरपालिकाको लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | ५४ |
| ११. | नमूना तालिका - ६: | जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि | ५८ |
| १२. | उदाहरण - ६: | बुकीपाटन नगरपालिकाको जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | ५९ |
| १३. | नमूना तालिका - ७: | कार्यक्रम/आयोजना वा उपक्षेत्रको त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण तालिका भर्ने विधि | ६० |
| १४. | उदाहरण - ७: | बुकीपाटन नगरपालिकाको कार्यक्रम/आयोजना/उपक्षेत्रको त्रि-वर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण | ६१ |
| १५. | नमूना तालिका - ८: | विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान भर्ने विधि | ६२ |
| १६. | उदाहरण - ८: | बुकीपाटन नगरपालिकाको विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान | ६३ |
| १७. | नमूना तालिका - ९: | विषय उपक्षेत्रगत मध्यमकालीन नतिजा सूचक र लक्ष्य तालिका भर्ने विधि | ६४ |
| १८. | उदाहरण - ९: | बुकीपाटन नगरपालिकाको विषय उपक्षेत्रगत नतिजा सूचक तथा लक्ष्य | ६५ |
| १९. | नमूना तालिका - १०: | स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका भर्ने विधि | ७६ |
| २०. | उदाहरण - १०: | बुकीपाटन नगरपालिकाको स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका | ७७ |
| २१. | नमूना तालिका - ११: | समष्टिगत मध्यमकालीन नतिजा खाका भर्ने विधि | ७८ |

२२.उदाहरण - ११: बुकीपाटन नगरपालिकाको मध्यमकालीन नतिजा खाका ७९
२३.नमूना तालिका - १२: समष्टिगत मध्यमकालीन बजेट खाका तालिका भर्ने विधि ८०
२४. उदाहरण - १२: बुकीपाटन नगरपालिकाको समष्टिगत मध्यमकालीन बजेट खाका ८२
२५.नमूना तालिका - १३: खण्ड क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ८४
२६.उदाहरण - १३: बुकीपाटन नगरपालिकाको रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ८५
२७.नमूना तालिका - १४: खण्ड ख . प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ८६
२८.उदाहरण - १४ : बुकीपाटन नगरपालिकाको प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ८७
२९.नमूना तालिका - १५: खण्ड ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ८७
३०.उदाहरण - १५: बुकीपाटन नगरपालिकाको दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ८९
३१.नमूना तालिका - १६: खण्ड घ. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ९०
३२.उदाहरण - १६ : बुकीपाटन नगरपालिकाको लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ९१
३३.नमूना तालिका - १७: खण्ड ङ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ९२
३४. उदाहरण - १७: बुकीपाटन नगरपालिकाको जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ९३
३५. नमूना तालिका - १८: खण्ड च. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ९४
३६.उदाहरण - १८: बुकीपाटन नगरपालिकाको स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ९४
३७.नमूना तालिका - १९: खण्ड छ. विषय क्षेत्र/उपक्षेत्रगतरुपमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि ९५
३८.उदाहरण - १९: बुकीपाटन नगरपालिकाको विषय क्षेत्रगतरुपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ९६

# चित्र सूची

१. आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाको अवधि २४
२. मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यहरु २६

# परिचय

१

## १.१ पृष्ठभूमि

हरेक मुलुकमा नागरिकहरुका आवश्यकता र आकांक्षा असीमित हुन्छन् तर साधन र स्रोत सीमित हुन्छ। सीमित साधन र स्रोतको उच्चतम उपयोग गरी द्रुत, सन्तुलित र दिगो विकास हांसिल गर्न योजनावद्ध विकासको अवधारणा शुरु भएको देखिन्छ। यस अन्तर्गत सर्वप्रथम आवधिक विकास योजना तर्जुमा गरिन्छ भने योजनाका लक्ष्य हासिल गर्न कार्यक्रम तथा बजेट तर्जुमा गरी लागु गरिन्छ। आवधिक विकास योजना सामान्यतया ५ वर्षको लागि बनाइन्छ। जननिर्वाचित सरकारहरुको कार्यकाल पनि ५ वर्षको हुने भएकोले हरेक नयां सरकारले आंफुले जनता समक्ष गरेका प्रतिवद्धताहरु आंफ्नै कार्यकालमा पूरा गर्न पनि आवधिक योजनाले सहयोग गर्दछ।

नेपालमा वि.सं. २०१३ देखि आवधिक योजना तर्जुमा गर्न थालिएको हो। हाल सङ्घीय तहमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा रहेको छ। वि.सं. २०७२ मा बनेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको व्यवस्था गरे अनुरुप वि.सं. २०७३/७४ को निर्वाचनबाट पहिलो पटक प्रदेश र स्थानीय सरकारहरु निर्माण भएपछि सात वटै प्रदेश सरकार र अधिकांश स्थानीय तह (गाउँ/नगरपालिका) हरुले पहिलो आवधिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिआएका छन्।

आवधिक विकास योजनाका अतिरिक्त दीर्घकालीन योजना तथा विषय-क्षेत्रगत योजनाहरु पनि निर्माण गरिन्छ। सङ्घीय सरकारले वि.सं. २१०० सम्मको लागि २५ वर्षे दीर्घकालीन सोच पनि तय गरेको छ।

विषय-क्षेत्रगत रुपमा कृषि, पर्यटन, ऊर्जा, व्यापार लगायतका क्षेत्रका १० वर्षे र २० वर्षे योजनाहरु पनि कार्यान्वयनमा रहेका छन् । त्यसैगरी, संयुक्त राष्ट्र सङ्घद्वारा घोषणा गरिएको र सबै सदस्य राष्ट्रहरुले अनुमोदन गरेको दिगो विकासका लक्ष्यहरु १५ वर्षको अवधिमा अर्थात सन् २०३० सम्ममा हासिल गर्नेगरी तय गरिएको छ।

आवधिक विकास योजना र अन्य योजनाहरुले लिएका लक्ष्य हासिल गर्नको लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरी लागु गर्नुपर्ने हुन्छ। कानूनी व्यवस्था अनुरुप हरेक आर्थिक वर्षको लागि सबै तहका सरकारले तोकिएको मितिमा वार्षिक कार्यक्रम तथा बजेट घोषणा गर्ने गर्दछन् । तर आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेट बीच तालमेल नमिल्ने अवस्था पनि अक्सर देखा पर्दछ । यस प्रकारको समस्या निराकरण गर्नको लागि अन्य मुलुकमाझैं नेपालमा पनि ३ वर्षे अवधिको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यन्वयन गर्ने व्यवस्था गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचना सम्वन्धी अवधारणा

मध्यमकालीन खर्च संरचना  सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो। यो सीमित स्रोतलाई सरकार संचालन, सेवा प्रवाह र विकास प्रक्रियामा आदर्शतम उपयोग हुने गरी बांडफाट गर्ने त्रि-वर्षीय चक्रीय योजना हो । यसले सरकारको नीतिगत प्राथमिकतालाई वार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकतासंग आवद्ध गर्दछ। यो आवधिक विकास योजना, राष्ट्रिय नीति तथा रणनीति एवं क्षेत्रगत योजना र वार्षिक कार्यक्रम बीचको सेतु हो जसले आवधिक एवं क्षेत्रगत योजनाका लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिलाई वार्षिक कार्यक्रममा रुपान्तरित गरी कार्यान्वयनमा लैजान्छ।

सन् १९८० को दशकमा प्रारम्भ भएको मध्यमकालीन खर्च संरचना तयार गर्ने अभ्यासलाई विश्वका धेरै देशहरुले अवलम्वन गरेका छन्। यो संरचना नेपालमा दशौं योजना (२०५९-२०६४) देखि प्रारम्भ भएको देखिन्छ । शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विद्युत, सडक र जलस्रोत जस्ता महत्वपूर्ण क्षेत्रबाट शुरु भई क्रमशः अन्य क्षेत्रहरुमा समेत विस्तार हुँदै गएको यस्तो संरचना तयार गर्ने कार्यले पछिल्ला केहि वर्षहरुमा निरन्तरता पाउन सकेन । सार्वजनिक वित्त व्यवस्थापनमा यसको महत्व र प्रभावकारिता र विगतको अनुभव समेतलाई विचार गरी नेपाल सङ्घीय संरचनामा गई सकेपछि तर्जुमा गरिएको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सङ्घ प्रदेश तथा स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework - MTEF) तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ।

## १.३ मध्यमकालीन खर्च संरचनाको आवश्यकता र उपादेयता

आवधिक विकास योजना, राष्ट्रिय तथा क्षेत्रगत नीति, रणनीतिहरुको कार्यान्वयन सरकारले वार्षिक बजेट तथा कार्यक्रम मार्फत गर्दछन्। नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रम र बजेटको प्राथमिकतासंग जोड्न, विनियोजन कुशलता प्राप्त गर्न, वित्तीय अनुशासन कायम गर्न, खर्चमा प्रभावकारिता तथा दक्षता कायम गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। वार्षिक बजेट तथा कार्यक्रमलाई आवधिक विकास योजना, नीति तथा रणनीतिसंग आवद्ध गरी निर्धारित लक्ष्य प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्छ।

मध्यमकालीन खर्च संरचना तर्जुमाबाट हुने फाइदाहरुलाई निम्नानुसार छन्ः

(क) राष्ट्रिय तथा क्षेत्रगत नीति एवं आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमसंग अन्तरसम्बन्ध कायम गरी कार्यान्वयन गराउने ।
(ख) बजेट तर्जुमालाई परम्परागत र साँघुरो सोचबाट बाहिर ल्याई बजेटलाई यथार्थपरक र अनुमान योग्य बनाउने ।
(ग) सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल प्राप्त गर्न मद्दत पुर्‍याउने ।
(घ) नीतिगत प्राथमिकताको आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको प्राथमिकीकरण गर्ने ।
(ङ) मध्यमकालीन नीतिगत परिवर्तनका आधारमा खर्चको पुनर्बितरण गर्ने ।
(च) नतिजा केन्द्रित हुने ।
(छ) विनियोजन कुशलताका साथै आर्थिक अनुशासन कायम गर्न मद्दत गर्ने ।
(ज) बहुबर्षीय आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।
(झ) नतिजा नदेखिने स-साना कार्यक्रममा बजेट छर्ने प्रवृत्तिमा कमी ल्याउने ।
(ञ) लैङ्गिक समानता र दिगो विकासका लक्ष्य हासिल गर्नमा जोड दिने ।
(ट) योजनाको मध्यमकालीन नतिजाको आंकलन गर्ने ।

## १.४ स्थानीय तहको योजना प्रणालीमा मध्यमकालीन खर्च संरचनाको सान्दर्भिकता

नेपालको वर्तमान संविधान अनुसार नेपाल सङ्घीय संरचनामा गएको छ र संविधानबाट निर्धारित अधिकारको सीमाभित्र रही तीन तहका सरकारद्वारा राज्य संचालन हुने व्यवस्था छ। संविधानको धारा २३२ को उपधारा १ मा "**सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ**" भन्ने उल्लेख गरिएको छ। विकास कार्य संचालनमा तीनै तहका सरकार बीच  समन्वय र सहकार्य आवश्यक छ। यी एक-अर्काका परिपूरकको रुपमा रहन्छन् ।

नेपालको संविधान अनुसार स्थानीय तहमा २२ वटा एकल अधिकार छन भने १५ वटा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार रहेका छन् । स्थानीय सरकारका सबै अधिकारहरु विकास निर्माण र सेवा प्रवाहसंग सम्बन्धित छन। संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही स्थानीय सरकार संचालन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय सरकार संचालन ऐनको दफा २४ ले स्थानीय तहले आफ्ना अधिकारका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्ने व्यवस्था गरेको छ।

माथि उल्लेखित पृष्ठभूमिमा विकास निर्माण र सेवा प्रवाहमा स्थानीय तहको अग्रणी भूमिका रहन्छ। दिगो विकासका लक्ष्य प्राप्ति स्थानीय तहको सहकार्य विना सम्भव छैन। जनताको नजिक एवं प्रत्यक्ष सम्पर्कमा रही उनीहरुकै सहभागितामा विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ।

स्थानीय तहका आवधिक विकास योजना र दिगो विकासका लक्ष्य, उद्देश्य, एवं नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रममा रुपान्तरण गर्दै बजेट तथा कार्यक्रमलाई नतिजातर्फ डोऱ्याउन, आयोजना प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनालाई बजेट सुनिश्चित गर्न, आन्तरिक तथा वाह्य स्रोतबाट प्राप्त हुने आयको अनुमान गरी बजेट खाका तयार गर्न, बजेट अनुमानलाई कुशल र यथार्थपरक बनाउन तथा विनियोजन कुशलता प्राप्त गर्ने जस्ता कार्यकालागि स्थानीय तहको योजना प्रणालीमा मध्यमकालीन खर्च संरचना ज्यादै महत्वपूर्ण र सान्दर्भिक रहेको छ।

## १.५ स्रोत पुस्तिकाको उद्देश्य

सङ्घ र प्रदेशले जस्तै गाउँ/नगरपालिकाहरुले पनि मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कार्यलाई कानूनले अनिवार्य गरेको छ। गाउँ/नगरपालिकाहरुको मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यलाई मार्गदर्शन गर्न नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा "**स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८**" जारी गरी त्यसलाई परिमार्जन समेत गरिएको छ। उक्त दिग्दर्शन अनुशरण गरी गाउँ/नगरपालिकाहरुले मध्यमकालीन खर्च संरचना तयार गरे त्यस्तो खर्च संरचना व्यवस्थित र प्रभावकारी बन्न सक्दछ। मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्य प्राविधिक र जटिल प्रकृतिको भएकोले सो कार्यमा थप सघाउ पुऱ्याउने उद्देश्यले यो स्रोत पुस्तिका तयार पारिएको छ।

मुलुकका तीनै तहका सरकारहरुले संचालन गर्ने कार्यहरु आम नागरिकहरुको चौतर्फी विकास र विकासको दिगोपनसंग सम्वन्धित रहेका हुन्छन्। अन्तराष्ट्रिय रुपमा सबै देशले प्रतिबद्धता ब्यात्त गरेका दिगो विकास लक्ष्यहरु हासिल गर्ने कार्य पनि तीनै तहका सरकारको अभिभारा अन्तर्गत पर्दछन्। तसर्थ, स्थानीय तहले संचालन गर्ने क्रियाकलापहरुलाई दिगो विकास लक्ष्यमैत्री बनाउन सहयोग पुऱ्याउने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सघाउनु यस पुस्तिकाको उद्देश्य रहेको छ।

यस पुस्तिकामा खासगरी मध्यमकालीन खर्च संरचना तयार गर्दा अपनाउनु पर्ने विधि र प्रक्रियालाई ब्याख्या गरिएको छ। यस सन्दर्भमा आवधिक विकास योजना र वार्षिक कार्यक्रम तथा दिगो विकासका लक्ष्यहरु एवम् प्रदेश तथा स्थानीय तहको लागि तयार गरिएको नमुना लैङ्गिक उत्तरदायी बजेट निर्देशिका (२०७७) का प्राबधानहरु बीच तादाम्यता मिलाउने विधि बारेमा पनि चर्चा गरिएको छ। त्यसैगरी, कुनै आर्थिक वर्षको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने कामसंगै त्यसपछिका दुईवर्षको बजेट प्रक्षेपण गर्ने कार्यलाई केही उदाहरण सहित प्रष्ट्याइएको छ। दिग्दर्शनका केही खण्डहरु यस पुस्तिकामा जस्ताको तस्तै प्रस्तुत गरिएको छ भने दिग्दर्शनमा तोकिएका फारमहरु भर्न सहज होस् भनेर तिनमा उल्लेख भएका बुंदाहरुको ब्याख्या गरिएको छ। सो ब्याख्या अनुसार तथ्य-तथ्याङ्क तयार गर्ने कार्यलाई प्रष्ट पार्न बुकीपाटन नगरपालिकाको बिवरण भरी देखाइएको छ, जुन एउटा काल्पनिक नगरपालिका हो। दिग्दर्शनमा रहेका प्रमुख शव्दावलीहरुको अर्थलाई थप प्रष्ट पार्ने काम पनि गरिएको छ।

# मध्यमकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्यहरु

२

## २.१ अवधारणा

संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरुले सन् २००१ देखि २०१५ सम्म विश्वको गरिबी र भोकमरी हटाउने, समतामूलक र समावेशी आर्थिक विकास हासिल गर्ने लगायतका सहस्राव्दी लक्ष्यहरु (Millenium Development Goals – MDGs) निर्धारण गरी कार्यान्वयनमा ल्याएका थियो। सहस्राव्दी विकास लक्ष्यका उपलब्धीमा टेकेर विश्वको आर्थिक-सामाजिक विकासको अवस्था र आवश्यकताको लेखाजोखा गरी सन् २०१६ देखि २०३० सम्मको लागि दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals – SDGs) निर्धारण गरिएको छ। संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरुले उक्त लक्ष्यहरुलाई अनुमोदन गरेका छन् जसमध्ये नेपाल एक अग्रिणी देश हो।

## २.२ लक्ष्यहरु

दिगो विकासका लक्ष्यहरु अन्तर्गत निम्मानुसारका १७ वटा लक्ष्यहरु रहेका छन्ः

(१) **गरिबीको अन्त्यः**
सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने।

(२) **शून्य भोकमरीः**
भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने।

(३) **स्वस्थ्य जीवनः**
सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने।

(४) **गुणस्तरिय शिक्षाः**
समावेशी तथा समतामूलक गुणस्तरिय शिक्षा सुनिश्चत गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने ।

(५) **लैङ्गिक समानताः**
लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।

(६) **स्वच्छ पानी र सरसफाइः**
सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलव्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

(७) **आधुनिक उर्जामा पहुँचः**
किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चत गर्ने ।

(८) **समावेशी आर्थिक वृद्धी तथा मर्यादित कामः**
भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धी तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

(९) **उद्योग, नविन खोज र पूर्वाधारः**
उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

(१०) **असमानता न्यूनिकरणः**
मुलुकभित्रको तथा मुलुकहरुबीचको असमानता घटाउने ।

(११) **दिगो शहर र वस्तीः**
सहर तथा मानव वस्तिहरु समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।

(१२) **दिगो उपभोग र उत्पादनः**
दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

(१३) **जलवायु परिवर्तन अनुकूलनः**
जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।

(१४) **सामुहिक स्रोतको उपयोगः**
दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको संरक्षण र दिगो प्रयोग गर्ने ।

(१५) **भूसतह स्रोतको उपयोगः**
परिस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

(१६) **शान्ति, न्याय र सबल संस्थाः**
दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

(१७) **दिगो विकासका लागि साझेदारीः**
दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

दिगो विकासका उक्त लक्ष्यहरु धेरैजसो अन्तरसम्वन्धित रहेका छन् । तसर्थ एउटा लक्ष्य हासिल गर्न कार्यान्वयन गरिने क्रियाकलापले अर्को लक्ष्य हासिल गर्न पनि सहयोग पुऱ्याउँछन । उदाहरणको लागि गरिबी निवारण गर्न सफल हुने अवस्थामा भोकमरीको अन्त्य पनि सहज हुन जान्छ । त्यसैगरी, गुणस्तरिय शिक्षाले लैङ्गिक असमानता हटाउन पनि मदत पुग्दछ । दिगो विकासका १७ लक्ष्यहरु प्राप्त गर्ने सन्दर्भमा १६९ परिमाणात्मक लक्ष्य तोकिएका छन् भने उक्त लक्ष्य प्राप्तिलाई मापन गर्ने २३४ सूचक निर्धारण गरिएका छन् । ती मध्ये स्थानीय तहलाई सान्दर्भिक हुने परिमाणात्मक लक्ष्य र सूचकहरुको सूची यस स्रोत पुस्तिकाको अनुसूची - २ मा प्रस्तुत गरिएको छ ।

## २.३ दिगो विकास सम्वन्धी नेपालको कार्ययोजना

नेपालले दिगो विकासका लक्ष्यहरुलाई चौधौं योजनादेखि नै आन्तरिकीकरण गर्न थालेको हो । हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनामा यसलाई अझ प्रष्टताका साथ समायोजन गरिएको छ । यस अनुरुप सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै उच्च मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य तय गरिएको छ । यस सन्दर्भमा नेपालको दिगो विकासको मार्गचित्र २०१६-२०३० प्रतिवेदन तयार पारिएको छ । संयुक्त राष्ट्रसङ्घले दिगो विकासका १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य तथा २३४ वटा सूचक तोकेकोमा नेपालको सन्दर्भमा वस्तुगत यथार्थलाई समेट्ने गरी ४७९ सूचक निर्धारण गरिएको छ । राष्ट्रिय लक्ष्यलाई आधार मानेर सबै प्रदेशहरुले पनि दिगो विकासका लक्ष्य हासिल गर्न प्रदेशगत आधार तथ्याङ्क प्रतिबेदन तयार गरी कार्यान्वयन गरिरहेका छन् । दिगो विकास लक्ष्य कार्यन्वयन गर्न आवश्यक पर्ने वित्तीय रणनीति समेत तर्जुमा गरिएको छ जस अनुरुप सबै क्षेत्रबाट गरी प्रतिवर्ष सरदर रु. २० खर्ब २५ अर्ब लगानी गर्नु आवश्यक हुन्छ ।

दिगो विकासका लक्ष्य कार्यान्वयनको लागि सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा निर्देशक समिति र राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा समन्वय समिति गठन गरिएको छ भने सचिवालयको काम र दिगो विकास सम्वन्धी सम्पूर्ण कामहरुको फोकल प्वाइण्टको जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिइएको छ । नेपालले गरेका प्रगतिलाई समावेश गरी सन् २०१७ र २०१९ मा दिगो विकासका लक्ष्यहरुको पुनरावलोकन प्रतिवेदन संयुक्त राष्ट्र सङ्घमा प्रस्तुत गर्ने कार्य भएको छ ।

## २.४ दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनामा समेट्नु पर्ने आवश्यकता

दिगो विकासका लक्ष्य प्राप्त गर्नु भनेको नेपालले अन्तर्राष्ट्रियरुपमा गरेको प्रतिवद्धता पूरा गर्नुका साथै आफ्नै राष्ट्रिय आवश्यकता परिपूर्ति गर्नु पनि हो । गरिबी तथा वेरोजगारीको अन्त्य, समावेशी विकास, औद्योगीकरण, उत्पादन र त्यसको समुचित वितरण, विद्युत, खानेपानी तथा सरसफाई, गुणस्तरीय पूर्वाधार, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षा, पोषण, लैङ्गिक समानता, जलवायु परिवर्तन अनुकुलनता, वन, वातावरण तथा जैविक विविधताको संरक्षण, दिगो र संरक्षित मानव वस्ति विकास, शान्ति सुरक्षा तथा मानवअधिकार संरक्षण जस्ता विषयहरुलाई यसका लक्ष्यहरुले समेटको छ । जुन नेपालका तीनै तहका सरकारका विकास एवं सेवा प्रवाहका प्राथमिकताका विषय भएकोले यसको कार्यान्वयन अपरिहार्य भएको छ । तसर्थ, देहायका कारण दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनामा समेट्नु पर्दछः

(क) दिगो विकासका लक्ष्यहरुलाई वार्षिक कार्यक्रम तथा बजेट मार्फत कार्यान्वयन गर्न,
(ख) दिगो विकासका लक्ष्यहरुको मध्यमकालीन प्रगति अनुगमन तथा समीक्षा गर्न,
(ग) तीनै तहका सरकारहरुको दिगो विकासका लक्ष्यहरुको स्वामित्व स्थापित गर्न,
(घ) दिगो विकासका लक्ष्यसंग सम्वन्धित आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट सुनिश्चित गर्न,
(ङ) दिगो विकासका लक्ष्यसंग सम्वन्धित आयोजनाहरुको बजेट अनुमान वास्तविक तथा अनुमानयोग्य बनाउन,
(च) दिगो विकासका लक्ष्यहरुको प्राप्तिमा भएको खर्च पारदर्शी बनाउन र छुट्टै गणना गर्न ।

## २.५ दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण

दिगो विकासका लक्ष्यहरुलाई सङ्घीय तथा प्रदेश सरकारका नीति तथा योजनाहरुले महत्वका साथ प्राथमिकतामा राखेको देखिन्छ । सङ्घीय र प्रदेश योजनाका साथै स्थानीय तहको आवधिक विकास योजनामा पनि यसलाई आन्तिरिकीकरण गर्न आवश्यक छ । स्थानीय तहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने कानूनी व्यवस्था छ। त्यस समितिले मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यको समग्र निर्देशन, आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण र प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषयगत खर्चको सीमा निर्धारण गर्ने कार्य गर्दछ । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृको संयोजकत्वमा विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरु सदस्य र योजना विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख सदस्य सचिव भएको मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था छ। उक्त कार्यदलले वार्षिक बजेट तथा कार्यक्रमको प्रक्रियासंगै मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया अगाडि बढाउने व्यवस्था छ। यस सन्दर्भमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले दिगो विकासका लक्ष्यहरु, लैङ्गिक उत्तरदायी बजेट र तिनको आन्तरिकीकरणको बारेमा विशेष जानकारी राख्नु पर्दछ। त्यसैगरी, स्रोत, सेवा तथा अवसरहरुमा महिलाहरुको समान पहुँच पुऱ्याउन कायम रहेका अवरोधहरुको बारेमा पनि लेखाजोखा गर्नु पर्दछ।

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले विषयगत शाखा, महाशाखा तथा वडा कार्यालयहरुबाट प्रारम्भिक मस्यौदा तयार गराउने, छलफल गराउने काम गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्दछ र उक्त समितिले कार्यपालिकामा पेश गरी स्वीकृत भए पछि गाउं वा नगर सभामा पेश हुन्छ। सीमित स्रोत र असीमित आवश्यकता बीच सामञ्जस्यता कायम गर्नुपर्ने हुंदा विभिन्न समितहरुले छलफल गरी आयोजना प्राथमिकीकरण गर्नुपर्ने हुन्छ। यसको लागि स्थानीय सरकार संचालन ऐन र मध्यमकालीन खर्च संरचना दिग्दर्शनले योजना प्राथमिकीकरणका आधारहरु उल्लेख गरेको छ। त्यसकारण कुनै पनि योजना मध्यमकालीन खर्च संरचनामा समावेश भइ यो प्रक्रियाबाट जानुपर्ने हुन्छ।

कुनै पनि योजना छनौट गर्दा एकभन्दा बढी दिगो विकासका लक्ष्य पूरा गर्न सहयोग गर्ने खालका आयोजना छनौट गर्नु उपयुक्त हुन्छ। यसलाई मध्यमकालीन खर्च संरचनामा प्राथमिकतासाथ राख्न सकिन्छ। जस्तै, कुनै सडक निर्माण गर्दा सडकको दायां-वायां वृक्षारोपण, वायोइञ्जीनियरिङ प्रविधिको अनुशरण, आर्थिक गतिविधि बढी हुने स्थान छनौट, विद्यालय तथा स्वास्थ्य केन्द्रलाई पहुँच वृद्धी, रोजगारी सृजना, समावेशी रोजगारी जस्ता धेरै कुरालाई एकैसाथ ध्यान दिन सकिन्छ। देहायका आयोजना तथा कार्यक्रमहरु दिगो विकासका एकभन्दा बढी लक्ष्य हासिल गर्न सहयोगी हुनसक्ने देखिन्छः

(क) गाउँ/नगरपालिकास्तरमा कृषि उत्पादन प्रवर्द्धन तथा रोजगार कार्यक्रम
(ख) स्थानीय आय-आर्जन, लघुउद्यम, हस्तकला विकास तथा स्वरोजगार कार्यक्रम
(ग) न्यून आय भएका कृषक, सीमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायलाई उत्पादन अनुदान तथा उत्पादित वस्तु बजारीकरण कार्यक्रम
(घ) खाद्य सुरक्षा तथा पोषण कार्यक्रम
(ङ) शिक्षा तथा स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम
(च) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा रोजगार प्रवर्द्धन कार्यक्रम
(छ) खानेपानी तथा सरसफाई कार्यक्रम
(ज) वैकल्पिक उर्जा उत्पादन तथा वितरण कार्यक्रम
(झ) एकिकृत वस्ती विकास/जनता आवास कार्यक्रम
(ञ) सुख्खा तथा खडेरी लक्षित वर्षाको पानी संकलन कार्यक्रम
(ट) पानीका मुहान संरक्षण कार्यक्रम
(ठ) विपद जोखिम न्यूनिकरण कार्यक्रम
(ड) वन, वातावरण तथा जैविक विविधता संरक्षण कार्यक्रम
(ढ) आर्थिक, सामाजिक, साँस्कृतिक तथा लैङ्गिक रुपले पछाडि परेका समुहहरु (महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वादी, मुक्त हलिया तथा अन्य लोपोन्मुख समुदायहरुलाई उत्पादनका अतिरिक्त सीप-विकास, उद्धमशीलता र उत्पादनका क्षेत्रमा आवद्ध गर्ने कार्यक्रमहरु
(ण) सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम ।

दिगो विकास लक्ष्य प्राप्तिको लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरू र नतिजा मापनका परिमाणात्मक सूचक यस स्रोत पुस्तिकाको अनुसूची - २ मा दिइएको छ जसमा दिगो विकास लक्ष्यका संकेतहरु पनि दिइएको छ । बजेटमा गरिएका कार्य अर्थात आयोजना/कार्यक्रमलाई साङ्केतीकरण गरिएमा कुन-कुन दिगो विकास लक्ष्यहरुमा गाउँ/नगरपालिकाको स्थिति के छ र आगामी दिनमा के-कस्ता कार्यक्रममा जोड दिनु पर्ने हो, सो बारेमा मार्गदर्शन गर्न पनि सहज हुन्छ । कतिपय आयोजना तथा कार्यक्रमहरु माथि भनिएझैं एकभन्दा बढी दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी हुन सक्छन् भने कतिपय कार्यक्रमहरु विषयगत रुपमा एक लक्ष्यसंग सम्वन्धित हुनेजस्तो देखिएता पनि कार्यक्रमको उद्देश्य र लक्षित समूह अनुसार त्यस्तो कार्यक्रम अर्कै लक्ष्य हासिल गर्न केन्द्रित हुन सक्छन् । उदाहरणको लागि सामान्यतया पशुपालन सम्वन्धी कार्यक्रमले भोकमरीको अन्त्य गर्ने र खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने दिगो विकास लक्ष्य नम्बर २ हासिल गर्न सघाउ पुऱ्याउँछ । तर सो कार्यक्रम अन्तर्गतका क्रियाकलाप गरिबी निवारणको लागि विपन्न घरपरिवारको आय-आर्जन वृद्धी गर्ने मूल उद्देश्यका साथ बाख्राको पाठा-पाठी वितरण गर्नमा केन्द्रित रहेको भए त्यस कार्यक्रमलाई गरिबीको अन्त्य सम्वन्धी दिगो विकास लक्ष्य नम्बर १ अन्तर्गत वर्गीकरण गरी सोही अनुसार साङ्केतीकरण गर्नु पर्दछ ।

# ३ मध्यमकालीन खर्च संरचना तयार गर्ने विधि

## ३.१ कार्यदलको व्यवस्था

स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८ परिमार्जितमा उल्लेख गरिएअनुसार गाउं/नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका कार्य गर्नको लागि एक कार्यदल रहने व्यवस्था छ।

(क) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ख) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ग) विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत महाशाखा/शाखाहरुसँग आवश्यक समन्वय गर्ने,

(घ) मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने र छलफल प्रक्रियामा आवश्यक सहयोग गर्ने,

(ङ) समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयारी कार्यमा बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग गर्ने,

(च) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अन्य कार्यहरू गर्ने।

## ३.२ कार्यतालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट र मध्यमकालीन खर्च संरचना एक-अर्काका अभिन्न अंग भएकोले यसको तर्जुमा प्रक्रिया पनि संगसंगै लानुपर्ने व्यवस्था दिग्दर्शनमा उल्लेख गरिएको छ।

| सि.नं. | क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|---|
| १. | कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्तभित्र | कार्यदल |
| २. | चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा | बैशाख ७ गतेभित्र | कार्यपालिका |
| ३. | त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आंकलन | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ४. | बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख १० गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ५. | बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५ गतेभित्र | कार्यपालिका/प्रमुख प्रशासकीय अधिकृत |
| ६. | विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/शाखा |
| ७. | विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारी तथा बिषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| ८. | मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ९. | मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकामा स्वीकृत गरी सभामा पेश गर्ने | असार १० गतेभित्र | कार्यपालिका |

कार्यदलले तालिकाको सि.नं. १ मा उल्लेख गरे बमोजिम हरेक वर्ष गाउँ/नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारी प्रक्रिया शुरु हुनुभन्दा अगाडी अर्थात फागुन मसान्तभित्र स्थानीय तहका सदस्य तथा विषयगत शाखा/महाशाखाका प्रमुखहरुलाई मध्यमकालीन खर्च संरचना बारे अभिमुखीकरण गर्नु पर्छ। यस अभिमुखीकरणमा मध्यमकालीन खर्च संरचनाको अर्थ, महत्व तथा आवश्यकता र स्थानीय बजेट प्रक्रियामा यसको सान्दर्भिकता बारे विस्तृत जानकारी दिनुपर्छ। यसका लागि गाउँ/नगरपालिकाले आवश्यक परेमा विज्ञको सहयोग समेत लिनु पर्दछ।

सि.नं. २ अनुसार कार्यपालिकाले आवधिक योजना तथा वार्षिक कार्यक्रमको समीक्षा गरिसकेपछि सि.नं. ३ देखि ९ सम्म उल्लेखित कार्यहरुमा मध्यमकालीन खर्च संरचना कार्यदलले समन्वय, सहयोग र सहजिकरण गर्नुपर्छ।

## ३.३ तथ्य-तथ्याङ्कको प्रस्तुति

गाउँ/नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा चाहिने धेरैजसो तथ्याङ्क गाउँ/नगरपालिकाको आवधिक विकास योजना, पार्श्वचित्र तथा प्रोफाइल, अन्य अध्ययन प्रतिवेदन र वार्षिक प्रगति विवरणमा उपलव्ध हुन्छन्। आवधिक विकास योजना तर्जुमा नगरेका गाउँ/नगरपालिकाले सर्वप्रथम त्यो काम सम्पन्न गर्नु पर्दछ। प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, सङ्घीय अर्थ मन्त्रालय, योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग र अन्य संबैधानीक आयोगहरुले प्रकाशन गरेका तथ्याङ्कहरुमा पनि गाउँ/नगरपालिका विशेषको विवरण समावेश गरिएको हुन्छ। गाउँ/नगर पालिकाको विभिन्न क्षेत्रको हालको अवस्था बारेमा थाहा नभई आगामी गन्तव्य तय गर्न सकिँदैन। तसर्थ, गाउँ/नगरपालिकाको प्रमुख सूचकहरुको वर्तमान अवस्था बारेमा जानकारी लिन गाउँ/नगरपालिका

अन्तर्गतका विषयगत शाखा कार्यालयहरुले प्रमुख सूचकहरुको तालिका बनाई वडा सदस्यहरुको अनुवाईमा तथ्य-तथ्याङ्क संकलन गरी भराउने कार्य गर्न सक्दछन् । उपलव्ध भएसम्म गाउँ/नगरपालिकाको आवधिक विकास योजना, चालु आर्थिक वर्षको प्रगती समीक्षा र आगामी वर्षको कार्यक्रम तथा बजेटलाई नै तथ्य-तथ्याङ्कको मुख्य आधारको रुपमा लिनु पर्दछ ।

गाउँ/नगरपालिकाको चालु आर्थिक वर्षको प्रगती समीक्षामा विभिन्न सूचकहरुको गत वर्षसम्मको यथार्थ र चालु आर्थिक वर्षको असारसम्म हुनसक्ने भनी अनुमान गरिएको प्रगति उल्लेख गरिएको हुन्छ । सोही विवरणको आधारमा सम्वन्धित सूचकहरुको आगामी वर्षको लक्ष्य, सो लक्ष्य हासिल गर्न संचालन गरिने कार्यक्रम र सो को लागि आवश्यक पर्ने बजेट विनियोजन गर्नु पर्दछ । लक्ष्य राख्ने तर सो लक्ष्य पूरा गर्न स्पष्ट कार्यक्रम उल्लेख नगर्ने वा सो कार्यको लागि बजेट विनियोजन नगर्ने वा न्यून गर्ने भएमा लक्ष्य, कार्यक्रम तथा बजेट बीच तालमेल मिल्न सक्दैन र अपेक्षित नतिजा प्राप्त हुँदैन ।

आगामी वर्ष (पहिलो वर्ष) को लागि निर्धारण गरिएको लक्ष्यको आधारमा त्यसपछिको दोस्रो र तेस्रो वर्षको लागि लक्ष्य तोक्नु वा प्रक्षेपण गर्नु पर्दछ । चालु आर्थिक वर्षको अवस्था वा प्रगतिको आधारमा आगामी वर्षको लक्ष्य तोक्न जति सहज हुन सक्छ, त्यति दोस्रो र तेस्रो वर्षको लक्ष्य तोक्दा नहुन सक्छ । यस अवस्थामा विगतको प्रवृत्ती, आगामी वर्षको लागि राखिएको प्रगति लक्ष्य, आगामी वर्ष र त्यसपछिको वर्ष संचालन गरिने संभावित कार्यक्रम र तिनको असर समेतलाई आँकलनका आधार मानेर दोस्रो र तेस्रो वर्षको लक्ष्य प्रक्षेपण गर्नु पर्दछ ।

आर्थिक वर्ष २०७९/८० को लागि मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा गरिंदैछ भने आर्थिक वर्ष २०७७/७८ गत आर्थिक वर्ष र २०७८/७९ चालु आर्थिक वर्ष हुन्छ । गत आर्थिक वर्षको यथार्थ अवस्था जानकारी भैसक्ने हुंदा सो को यथार्थ विवरण भर्नु पर्दछ । कतिपय अवस्थामा गतवर्षको तथ्याङ्क उपलव्ध नहुन सक्छ । खासगरी यस वर्षदेखि आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना पहिलो पटक तर्जुमा गरिंदै छ भने गतवर्षको लक्ष्य र उपलब्धि जस्ता तथ्य-तथ्याङ्क उपलव्ध हुँदैन । यस्तो अवस्थामा सो महलमा खालि नै राख्न सकिन्छ । चालु आर्थिक वर्षको हकमा आर्थिक वर्ष समाप्त भै-नसकेको हुनेहुंदा चैत मसान्तसम्मको तथ्याङ्कको आधारमा आर्थिक वर्षको अन्त्य अर्थात असार मसान्तसम्मको संशोधित अनुमान भर्नु पर्दछ । आगामी वर्ष २०७९/८० को लागि बनाइने बजेट तथा कार्यक्रम भएकोले यस स्थानमा भरिने अङ्कहरु आगामी वर्षको लागि गरिएको विनियोजन, अनुमान वा लक्ष्य हुन्छन् । त्यसका साथै २०८०/८१ (आगामी दोस्रो वर्ष) र २०८१/८२ (आगामी तेस्रो वर्ष) समेत गरी तीन वर्षको लागि परिसूचक अनुसार को लक्ष्य उल्लेख गर्नु पर्दछ ।

त्यसैगरी आर्थिक वर्ष २०८०/८१ को लागि बजेट तर्जुमा गर्दा आर्थिक वर्ष २०८०/८१ पहिलो वर्ष, २०८१/८२ दोस्रो वर्ष र २०८२/८३ तेस्रो वर्ष कायम हुन आउंछ। यस अनुसार तेस्रो आर्थिक वर्षको रुपमा थपिने २०८२/८३ को लक्ष्य प्रक्षेपण गर्नु पर्दछ भने आर्थिक वर्ष २०७९/८० मा हासिल भएका प्रगती र संभावनाको आधारमा २०८०/८१ र २०८१/८२ को पहिले प्रक्षेपण गरिएको लक्ष्यमा आवश्यक संशोधन गर्न सकिन्छ ।

**चित्र १: आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अवधि**



# मध्यमकालीन खर्च संरचना तयार गर्ने विधिको नमूना

४

मध्यमकालीन खर्च संरचना तीन वर्षको हुन्छ भने आवधिक योजना पाँच वर्ष अवधिको हुन्छ । चक्रीय रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा चालु आवधिक योजनाको पाँचौंवर्ष पछिको वर्षको लागि प्रक्षेपित तथ्य-तथ्याङ्कलाई आधार मान्नुपर्ने हुन्छ । माथि चित्र १ मा दिइएको उदाहरण अनुसार आवधिक योजनाको अवधि २०७९/८० देखि २०८३/८४ सम्म रहेको छ। यसको आधारमा आर्थिक वर्ष २०८२/८३ मा मध्यमकालीन खर्च संरचना (म.का.ख.सं.-घ) तयार गर्दा सो को तेस्रो वर्ष (२०८४/८५) को लागि आवधिक योजनालाई आधार बनाउन सकिदैन किनभने नयाँ आवधिक योजना बनिसकेको हुँदैन । आर्थिक वर्ष २०८३/८४ मा मध्यमकालीन खर्च संरचना (म.का.ख.सं.-ङ) तयार गर्दा दोस्रो र तेस्रो वर्षको लागि पनि यस्तै अवस्था रहन्छ । यी आर्थिक वर्षहरुको लागि विगतको प्रवृत्ती र भविष्यको अपेक्षाका आधारमा प्रक्षेपण गरिएको तथ्य-तथ्याङ्क प्रयोग गर्नु पर्दछ ।

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यलाई मार्गदर्शन गर्न जारि गरिएका स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) मा मध्यमकालीन खर्च संरचना तयार गर्ने विधि बारेमा विस्तृतरुपमा ब्याख्या गरिएको छ भने खर्च संरचनाको तथ्य-तथ्याङ्क भर्नको लागि नमूना तालिकाहरु पनि दिइएको छ । ती तालिकाहरु ठीक ढंगले भर्न सकेमा गाउँ/नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार हुन्छ । दिग्दर्शनमा दिइएका अनुसूची तालिकाहरु भर्ने विधि बारेमा थप स्पष्ट पार्नको लागि अनुसूचीको तालिकामा रहेका हरेक कोष्ठहरुमा कस्तो बिवरण वा अङ्क कसरी भर्ने भन्ने तलको खण्डमा ब्याख्या गरिएको छ । दिग्दर्शनको अनुसूची-१ भर्नुपर्ने प्रकृतिको नभएकोले अनुसूचि - २ देखिका अनुसूचीहरु भर्नको लागि **नमूना तालिका**हरुमा तालिका भर्ने विधि सम्वन्धी ब्याख्यासंगै **उदाहरण तालिका**हरुमा **बुकीपाटन नगरपालिका**को बिवरणहरु भरी देखाइएको छ । कतिपय तालिकाहरुमा दिगो विकास लक्ष्य नम्बर भर्नको लागि थप महल समावेश गरिएको छ । उदाहरणमा देखाइएका बिवरणहरुलाई सहयोगीको रुपमा मात्र लिई गाउँ/नगरपालिकाले आफ्नो धरातलीय यथार्थ अनुसार बिवरण भर्नु पर्दछ ।

## ४.१ दिग्दर्शनको अनुसूची १
# मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तुलनात्मक कार्यतालिका

वार्षिक बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमाको काम संगसँगै अघि बढाउनु पर्दछ। चालु आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ भने त्यसमा आगामी दुई वर्षको प्रक्षेपित बजेट तथा कार्यहरु समेत समावेश गरिएका हुन्छन्। तसर्थ, आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा सो मध्यमकालीन खर्च संरचनामा उल्लेख भएका सीमा र प्रक्षेपणलाई आधारको रुपमा लिनु पर्दछ। मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न तय गरिएका काम र समय सीमा तल देखाइए अनुसार रहेका छन्।

**चित्र २: मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यहरू**

| बजेट, कार्यक्रम र दस्तावेज उपर छलफल गरी सभाबाट स्वीकृति | असार मसान्तभित्र | मध्यमकालीन खर्च संरचना र बजेट पुस्तिका प्रकाशन |
|---|---|---|
| बजेट तथा कार्यक्रम कार्यपालिकाबाट पारित गरी सभामा पेश | असार १० गत भित्र | मध्यमकालीन खर्च संरचनाको स्वीकृति |
| बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदाको प्रस्ताव तयारी | असार ५ गतेभित्र | मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी |
| वडास्तरीय र विषय क्षेत्रको बजेट तथा कार्यक्रमको प्रस्ताव बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश | जेठ २५ गतेभित्र | विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना मस्यौदा विषयगत समितिमा छलफल |
| वडा समिति र विषयगत महाशाखा/शाखाबाट विषय क्षेत्र आयोजना/कार्यक्रमको प्राथमिकीकरण | जेठ १५ गतेभित्र | विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी |
| बस्ती र टोलस्तरमा योजना छनौट र वडा समितिमा पेश | बैशाख १५ गत भित्र | बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण |
| कूल श्रोत तथा बजेट अनुमान, बजेट सीमा निर्धारण, मार्गदर्शन तयारी एवम् महाशाखार शाखा र वडा कार्यालयमा संप्रेषण | बैशाख १० गतेभित्र | बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट |
| नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेश | बैशाख ७ गतेभित्र | त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन |
| प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त हुने राजस्व र वित्तीय हस्तान्तरणको खाका प्राप्ति | चैत मसान्त/ बैशाख ७ गतेभित्र | चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा |
| नेपाल सरकारबाट राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको सीमा प्राप्ति | फागुन मसान्त भित्र | कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण |

## ४.२ दिग्दर्शनको अनुसूची २
# आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि

दिगो, फराकिलो र समावेशी विकास हासिल गर्न आवधिक योजना तर्जुमा गरिन्छ भने सो योजनाको कार्यान्वयन वार्षिक बजेट मार्फत गरिन्छ। योजना तथा बजेटको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरुको बारेमा जानकारी लिन योजना तथा कार्यक्रमको समीक्षा गर्नुपर्ने हुन्छ। यसबाट पछिल्लो समयसम्म हासिल भएका उपलब्धि, हुन नसकेका काम र आगामी समयमा गर्नुपर्ने कामका बारेमा समेत जानकारी प्राप्त हुन्छ। योजना तथा कार्यक्रमको प्रगति समीक्षा गर्न तथा गाउँ/नगरपालिकाको बिभिन्न सूचकहरुको पछिल्लो स्थिति बारेमा जानकारी लिन यसै स्रोत पुस्तिकाको अनुसूची -३ मा दिइएको तालिका भरेमा त्यसमा उल्लेख गरिएका तथ्य-तथ्याङ्क प्रयोग गरी मध्यमकालीन खर्च संरचनाका बिभिन्न तालिकाहरु तयार गर्न सहज हुन्छ। स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट तथा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने सिलसिलामा बैशाख ७ गतेभित्र चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा गर्नुपर्ने समय-सीमा तोकिएको छ। आवधिक योजना तथा वार्षिक कार्यक्रमको उपलब्धि सम्वन्धी बिवरण भर्ने ढाँचा दिग्दर्शनको अनुसूची २ मा प्रस्तुत गरिएको छ। उक्त ढाँचा अनुसारको तालिका भर्ने विधि तल नमूना तालिका-१ मा दिइएको छ भने उदाहरण-१ मा बुकी पाटन नगरपालिकाको बिवरण प्रस्तुत गरिएको छ।

### नमूना तालिका - १: चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि ढाँचा तालिका भर्ने विधि

| क्र.सं. | सूचक | दिगो विकास लक्ष्य सङ्केत नम्बर | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व. को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| क | आर्थिक विकास क्षेत्र | | | | |
| | बार्षिक उत्पादन (कृषि, उद्योग र सेवा क्षेत्र)[३] | | रु. लाखमा | हरेक सूचकको गत आ.व.को उपलब्धिको यथार्थ अङ्क भर्ने। | चालु आ.व.को चैत महिनासम्मको तथ्याङ्को आधार मा बांकी अवधिमा हुने कामको समेत आकलन गरी चालु आ.व.को अन्त्यसम्मको उपलब्धि अनुमान गरी भर्ने। |
| | औसत पारिवारिक आय | १ | रु. लाखमा | | |
| | उद्योग, व्यापार र व्यावसाय | ९ | सङ्ख्या | | |
| | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | ८ | कार्यदिन | | |
| | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | ८ | प्रतिशत | | |
| | पर्यटन आगमन | ८ | सङ्ख्या | | |
| | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | १ | प्रतिशत | | |
| | | | | | |
| ख | सामाजिक विकास क्षेत्र | | | | |
| | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | ३ | प्रतिशत | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। |
| | साक्षरता दर (१५ वर्ष माथि) | ४ | प्रतिशत | | |
| | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | ४ | सङ्ख्या | | |
| | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | ६ | प्रतिशत | | |
| | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | १६ | प्रतिशत | | |
| | मातृभाषामा पठनपाठन हुने विद्यालय | ४ | सङ्ख्या | | |
| | सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | १ | प्रतिशत | | |

क्रमशः नमूना तालिका - १: चालु आवधिक.....

क्रमशः नमूना तालिका - १ः चालु आवधिक.....

| क्र.सं. | सूचक | दिगो विकास लक्ष्य सङ्केत नम्बर | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व. को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| ग. | पूर्वाधार विकास क्षेत्र | | | | |
| | स्थानीय सडक (कालोपत्रे) | ९ | कि.मि. | | |
| | स्थानीय सडक (खण्डास्मित) | ९ | कि.मि. | | |
| | स्थानीय सडक (धुले) | ९ | कि.मि. | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। |
| | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसङ्ख्या | ९ | प्रतिशत | | |
| | विद्युतमा पहुँच प्राप्त परिवार | ११ | प्रतिशत | | |
| | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | ११ | प्रतिशत | | |
| | कम्प्युटर तथा इन्टरनेट प्रयोगकर्ता | १७ | प्रतिशत | | |
| | | | | | |
| घ | वन तथा वातावरण क्षेत्र | | | | |
| | वन तथा हरियाली क्षेत्र | १५ | प्रतिशत | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। |
| | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | ११ | प्रतिशत | | |
| | विपद्का घटनाबाट प्रभावित परिवार | १३ | प्रति हजार | | |
| | | | | | |
| ङ | सुशासन, संस्थागत विकास क्षेत्र | | | | |
| | नीति, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | १६ | प्रतिशत | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। | माथी उल्लेख गरिए अनुसार अङ्क भर्ने। |
| | कुल बजेटमा आन्तरिक स्रोतको योगदान | १६ | प्रतिशत | | |
| | बार्षिक बजेट | १६ | रु. हजार | | |

[३]यसमा सकेसम्म गाउँ/नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क भर्नु पर्दछ। प्रतिव्यक्ति आय यकिन गर्न र विभिन्न परिसूचकहरुको अवस्था तुलना गर्न कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क आवश्यक पर्दछ। तसर्थ गाउँ/नगर पालिकाले यो तथ्याङ्क तयार गर्नमा विशेष जोड दिनु पर्दछ। कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क उपलव्ध हुन नसकेको अवस्थामा कृषि, उद्योग र सेवा क्षेत्र अन्तर्गतका बिभिन्न उपक्षेत्रका उत्पादनको तथ्याङ्क लिई त्यसलाई प्रचलित मूल्यमा रुपान्तरण गर्नु पर्दछ। उदाहरणको लागि खाद्यान्न बाली, तरकारी, फलफूल, नगदेबाली, पशुपंछी पालनको उत्पादन जोडेमा कृषि क्षेत्रको वार्षिक उत्पादनको तथ्याङ्क तयार हुन्छ। तर यी क्रियाकलापहरुको उत्पादन कुनै किलोग्राममा, कुनै गोटामा, कुनै लिटरमा हुने हुँदा यी उत्पादनलाई प्रचलित मूल्यमा रुपान्तरण गरी प्रस्तुत गर्नुपर्दछ।

## उदाहरण - १ बुकीपाटन नगरपालिकाको चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि

| क्र.सं. | सूचक | दिगो विकास लक्ष्य सङ्केत नम्बर | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व. को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| क | आर्थिक विकास क्षेत्र | | | | |
| | बार्षिक उत्पादन (कृषि, उद्योग र सेवा क्षेत्र) | १ | रु. लाखमा | ५०,००० | ५५,००० |
| | औसत पारिवारिक आय | ९ | रु. लाखमा | १२० | १३० |
| | उद्योग, व्यापार र व्यावसाय | ८ | सङ्ख्या | २२३ | २५० |
| | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | ८ | कार्यदिन | १०,००० | १५,००० |
| | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | ८ | प्रतिशत | १२ | १८ |
| | पर्यटक आगमन | १ | सङ्ख्या | १५००० | २०००० |
| | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | | प्रतिशत | २४ | २२ |
| | | | | | |
| ख | सामाजिक विकास क्षेत्र | | | | |
| | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | ३ | प्रतिशत | २० | १७ |
| | साक्षरता दर (१५ वर्ष माथि) | ४ | प्रतिशत | ७५ | ८० |
| | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | ४ | सङ्ख्या | ५ | ७ |
| | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | ६ | प्रतिशत | ९५ | ९६ |
| | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | १६ | प्रतिशत | ६० | ६५ |
| | मातृभाषामा पठनपाठन हुने विद्यालय | ४ | सङ्ख्या | ० | १ |
| | सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | १ | प्रतिशत | ८ | १० |
| | | | | | |
| ग. | पूर्वाधार विकास क्षेत्र | | | | |
| | स्थानीय सडक (कालोपत्रे) | ९ | कि.मि. | १२ | ३५ |
| | स्थानीय सडक (खण्डास्मित) | ९ | कि.मि. | २५ | ४० |
| | स्थानीय सडक (धुले) | ९ | कि.मि. | ११७ | १५० |
| | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसङ्ख्या | ९ | प्रतिशत | ३८ | ४० |
| | विद्युतमा पहुँच प्राप्त परिवार | ११ | प्रतिशत | ८५ | ९० |
| | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | ११ | प्रतिशत | ५० | ५५ |
| | कम्प्युटर तथा इन्टरनेट प्रयोगकर्ता | १७ | प्रतिशत | १२ | ३५ |
| | | | | | |
| घ | वन तथा वातावरण क्षेत्र | | | | |
| | वन तथा हरियाली क्षेत्र | १५ | प्रतिशत | ३७ | ३७.५ |
| | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | ११ | प्रतिशत | १० | १२ |
| | विपद्का घटनाबाट प्रभावित परिवार | १३ | प्रति हजार | ४० | ३५ |
| | | | | | |
| ङ | सुशासन, संस्थागत विकास क्षेत्र | | | | |
| | नीति, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | १६ | प्रतिशत | २० | ३० |
| | कुल बजेटमा आन्तरिक स्रोतको योगदान | १६ | प्रतिशत | ६१.५ | ५४ |
| | बार्षिक बजेट | १६ | रु. हजार | ९८,४००० | ११,९५,००० |

## ४.३ दिग्दर्शनको अनुसूची ३
# आगामी तीन आर्थिक वर्षको बजेट सीमा

गाउँ/नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट बनाउने कार्य सर्वप्रथम स्रोत अनुमान तथा बजेट सीमा निर्धारणबाट शुरु हुन्छ। आगामी वर्ष कुल स्रोत कति प्राप्त हुनसक्छ भन्ने यकिन भएपछिमात्र त्यस स्रोतले खाम्ने सम्मको कार्यक्रम तर्जुमा गरी तिनमा बजेट विनियोजन गरिन्छ। स्रोत अनुमान गर्दा सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न शीर्षकका अनुदान तथा सहयोग र आन्तरिक राजस्वको आकलन गरिन्छ। स्रोतको अनुमान गरिएपछि त्यस अनुसार गाउँ/नगरपालिकाको विभिन्न क्षेत्रमा आवश्यकता, प्राथमिकता, प्रतिफल र सन्तुलन जस्ता विषयको आधारमा बजेटको सीमा निर्धारण गरी सो सीमाभित्रको कार्यक्रम तथा आयोजना प्रस्ताव गर्न सम्वन्धित विषयगत कार्यालयहरुलाई सूचित गरिन्छ। कार्यक्रम तथा आयोजनाहरु प्रस्ताव गर्दा दिगो विकासका लक्ष्यहरु हासिल गर्ने कार्यहरुमा जोड दिनुपर्दछ र प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयनबाट दिगो विकासको कुन लक्ष्य हासिल हुने हो, सो समेत उल्लेख गर्नु पर्दछ। बजेट सीमाभित्र रही कार्यक्रम वा आयोजना तय गर्दा प्रत्येक कार्यक्रम तथा आयोजनाको चालु, पुंजिगत खर्च र वित्तीय व्यवस्था समेत छुट्ट्याई प्रस्तुत गर्नु पर्दछ। बजेट सीमा निर्धारण गर्ने विधिको उदाहरण तल नमूना तालिका र उदाहरण तालिकामा दिइएको छ।

**नमूना तालिका - २ आगामी तीन आर्थिक वर्षको बजेट सीमा तालिका भर्ने विधि**

| क्र.सं. | प्रमुख विषय क्षेत्र/उपक्षेत्र | दिगो विकास लक्ष्य सङ्केत | आर्थिक वर्ष | बजेट सीमा (रू.) | | | | बजेट स्रोत (रू.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | चालु | पुंजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १. | आर्थिक विकास क्षेत्र | | पहिलो आ.व. | आर्थिक विकास क्षेत्र अन्तर्गतका क देखि ज सम्मका उपक्षेत्रहरुको निमित्त हरेक आ.व. को लागि निर्धारण गरिएको बजेट सीमा अङ्क जोडी यी महलहरुमा भर्ने। | | | | | | | |
| | | | दोश्रो आ.व. | | | | | | | | |
| | | | तेश्रो आ.व. | | | | | | | | |
| क | कृषि | | पहिलो आ.व. | | | | | | | | |
| | | | दोश्रो आ.व. | | | | | | | | |
| | | | तेश्रो आ.व. | | | | | | | | |
(ग) तटस्थः महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरुको पहिचान नगर्ने वा सम्वोधन नगर्ने क्रियाकलापहरु ।

दोस्रो तहः लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) गर्नेः निर्दिष्ट, सहयोगी तथा तटस्थमा वर्गीकरण गरिएका क्रियाकलापहरुका लागि विनियोजित बजेटको जम्मा निकाल्ने।

| लैङ्गिक वर्गीकरणका आधार | लैङ्गिक वर्गीकरण | लैङ्गिक बजेट कोड |
|---|---|---|
| यदी निर्दिष्ट, सहयोगी र तटस्थमा वर्गिकरण गरिएका क्रियाकलापहरुको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कुल बजेटको ६० प्रतिशत वा सोभन्दा माथि भए | निर्दिष्ट | १ |
| यदी निर्दिष्ट, सहयोगी र तटस्थमा वर्गिकरण गरिएका क्रियाकलापहरुको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कुल बजेटको १० देखि ५९ प्रतिशत भए | सहयोगी | २ |
| यदि निर्दिष्ट क्रियाकलापको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कुल बजेटको ९ प्रतिशत वा सोभन्दा कम भए | तटस्थ | ३ |

माथि दिइएको प्रक्रिया बमोजिम मध्यमकालीन खर्च संरचनाको एक अंगको रुपमा लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्नु पर्दछ।

### नमूना तालिका - ५ लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि

| सङ्केत नं. | लैङ्गिक सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | लैङ्गिक सङ्केत लेख्ने जस्तै निर्दिष्ट | निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि गत वर्ष भएको यथार्थ खर्चको जम्मा लेख्ने | गत वर्षको जम्मा खर्चमा निर्दिष्ट कार्यक्रमको खर्चको प्रतिशत लेख्ने | निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्को अनुमानित खर्च लेख्ने | जम्मा खर्चमा निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्चको प्रतिशत लेख्ने | निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि आगामी वर्षको जम्मा विनियोजित रकम लेख्ने | आगामी वर्षको जम्मा विनियोजनमा निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि विनियोजित रकमको प्रतिशत लेख्ने | निर्दिष्ट कार्यक्रम तथा आयोजनामा आगामी दोश्रो वर्ष को लागि प्रक्षेपित रकम लेख्ने | दोश्रो वर्षको जम्मा प्रक्षेपित रकममा निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि प्रक्षेपित रकमको प्रतिशत लेख्ने | निर्दिष्ट कार्यक्रम तथा आयोजनामा आगामी तेस्रो वर्ष कोलागि प्रक्षेपित रकम लेख्ने | तेस्रो वर्षको जम्मा प्रक्षेपित रकममा निर्दिष्ट कार्यक्रम तथा आयोजनाका लागि प्रक्षेपित रकमको प्रतिशत लेख्ने |
| २ | सहयोगी | सहयोगी– कार्यक्रम/ आयोजनाको– लागि पनि माथि उल्लेख भए अनुसार यथार्थ खर्च लेख्ने | सहयोगीको लागि पनि माथि उल्लेख भए अनुसार खर्चको प्रतिशत लेख्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सहयोगी कार्यक्रम/ आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| ३ | तटस्थ | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| जम्मा | | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा |

लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण गर्दा बजेटमा समावेश गरिएका कार्यक्रम लैङ्गिक उत्तरदायी भए-नभएको वा यसले लैङ्गिक समानताको मूलभूत लक्ष्यमा योगदान गरे-नगरेको आधारमा वर्गिकरण गर्नु पर्दछ। अर्को शव्दमा, लैङ्गिक समानतामा योगदान पुऱ्याउने आधारमा कार्यक्रमको मूल्यांङ्कन गर्नु पर्दछ। लैङ्गिक विकासका सूचकहरुको आधारमा मूल्यांङ्कन गरी निर्दिष्ट, सहयोगी र तटस्थ आयोजनाहरुको बजेट छुट्टा-छुट्टै उल्लेख गर्नु पर्दछ।

**उदाहरण - ५ बुकीपाटन नगरपालिकाको लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रकम रु.लाखमा)

| सङ्केत नं. | लैङ्गिक सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | २७९० | २८.४ | २५०० | २०.९ | ४०८० | २४.४ | ३९६० | २२.७ | ४२२० | २२.२ |
| २ | सहयोगी | ३९७० | ४०.४ | ४६५० | ३८.९ | ६८२० | ४०.८ | ७६४० | ४३.८ | ८०७० | ४२.५ |
| ३ | तटस्थ | ३०८० | ३१.३ | ४८०० | ४०.२ | ५८२० | ३४.८ | ५८६० | ३३.५ | ६७०० | ३५.३ |
| | जम्मा | ९८४० | १००.० | ११९५० | १००.० | १६७२० | १००.० | १७४६० | १००.० | १८९९० | १००.० |

बुकीपाटन नगरपालिकाको उदाहरणमा लैंङ्गिक सङ्केतको आधारमा हेर्दा निर्दिष्ट र सहयोगी गरी दुईतिहाई कार्यक्रमहरुले लैंङ्गिक समानता कायम गर्ने काममा योगदान गर्ने देखिन्छ। लैंङ्गिक साङ्केतीकरण गरिएका कार्यक्रममा विनियोजित रकम र तटस्थ प्रकारका कार्यक्रमहरुमा बिनियोजन गरिएको रकमको जोड नै कुल बजेटको अङ्क हुन आउंदछ।

# खण्ड ग. जलवायु परिवर्तन बजेट सङ्केत निर्धारण प्रक्रिया

जलवायु परिवर्तन र त्यसका असरहरु बारेमा विश्वभर नै चिन्ता व्यक्त गरिँदै छ र जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न विभिन्न कदम चाल्न थालिएको छ। नेपालमा पनि जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न केहि नीति तथा मार्गदर्शनहरु तर्जुमा गरिएका छन् भने विकास बजेटमा जलवायु परिवर्तन बजेट कोडको प्रयोग गर्न थालिएको छ। जलवायु परिवर्तन बजेट कोडको आधारमा कुन कार्यक्रम वा आयोजनाले जलवायु परिवर्तन र त्यसको असरमा के-कस्तो प्रभाव पार्न सक्छ भन्ने निर्क्यौल गर्न सकिन्छ। दिग्दर्शनको अनुसूची ५ को खण्ड ग मा जलवायु परिवर्तन बजेट सङ्केत निर्धारण प्रक्रिया बारेमा ब्याख्या गरि एको छ। त्यसमा समावेश भएका प्रमुख विषयवस्तुहरु तल दिइएको छ।

## जलवायु परिवर्तन कोडको आवश्यकता

जलवायु परिवर्तन सम्वन्धी कार्यको समन्वय सङ्घीय तहमा वन तथा वातावरण मन्त्रालयले गरिरहेको भएता पनि अन्य तहका सरकारी निकायहरुबाट पनि जलवायु परिवर्तनसंग प्रत्यक्ष सम्वन्ध भएका जलवायु अनुकूलन वा न्यूनिकरणका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। जलवायु परिवर्तन अनुकूलन तथा न्यूनिकरणका सबै कार्यक्रमहरु सङ्घीय तहमा मात्रै सम्पादन गर्नेगरी समेटिने अवस्था छैन। त्यस्तै अनुसन्धान तथा विकास-निर्माण जस्ता शीर्षक अन्तर्गतका विकास कार्यभित्र जलवायु परिवर्तनलाई संवोधन गर्ने कार्यहरुमा भएको लगानी बारेको एकीकृत जानकारी गराउन नसक्दा जलवायु परिवर्तनको क्षेत्रमा के-कति लगानी भएको छ र के-कति लगानीको आवश्यकता छ भन्ने यकिन गर्ने स्पष्ट आधार तय गर्न कठीन हुने अवस्था छ। बजेटमा जलवायु परिवर्तनका कार्यक्रमहरु स्पष्ट नदेखिंदा जलवायु परिवर्तनका क्षेत्रमा भएका लगानीको अनुगमनमा कठिनाई पर्ने हुन्छ। जसले गर्दा त्यस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न र आगामी वर्षहरुमा जलवायु परिवर्तनका क्षेत्रमा लगानीको सुनिश्चितता गर्दै योजना तर्जुमा गर्न कठिनाई पर्दछ।

जलवायु परिवर्तनले विकासका सबै क्षेत्रहरुलाई असर गर्ने र ती असरहरु एक-आपसमा सम्वन्धित र आधारित समेत हुने भएकोले जलवायु परिवर्तनको प्रभावको सामना गर्न समुदाय लगायत संस्थाहरुको अनुकूलन क्षमता अभिवृद्धी गर्नु आवश्यक छ। साथै जलवायु परिवर्तन र विकासका विभिन्न क्षेत्र बीचका सम्वन्धका बारेमा सूचना र जानकारी बढाउँदै लैजानु पर्ने हुन्छ। कुन-कुन विषय क्षेत्रका कुन-कुन कार्यक्रम जलवायु परिवर्तनमा केन्द्रित छन् वा आगामी दिनमा जलवायु परिवर्तनमा कसरी केन्द्रित गर्दै लग्नु पर्दछ भन्ने बारे जानकारी उपलब्ध हुन सकेमा अनुकूलन क्षमता अभिवृद्धीका साथै लगानी वृद्धी गर्न समेत सघाउ पुग्न सक्ने देखिन्छ। साथै जलवायु परिवर्तन र वातावरण व्यवस्थापन कार्यक्रमका बीच रहेको भिन्नता यकिन गरी जलवायु परिवर्तनमा मात्र भएको खर्च छुट्ट्याउने आधारको विकास गर्नु पनि त्यत्तिकै जरुरी छ। यसको लागि जलवायु परिवर्तन बजेट कोडको प्रयोग गर्नु मनासिव हुने भएको र उक्त कोडको प्रयोगले जलवायु परिवर्तन सम्वन्धी कार्यमा भएको लगानीको प्रभावकारी कार्यान्वयन तथा अनुगमनमा समेत सहयोग पुग्ने भएकोले जलवायु परिवर्तन बजेट कोडको प्रयोग आवश्यक देखिन्छ।

## ३. जलवायु परिवर्तनसंग सम्वन्धित कार्यक्रम

देहायका कार्यक्रमहरुलाई जलवायु परिवर्तनसंग सम्वन्धित कार्य मानी ती कार्यक्रमहरुमा विनियोजित बजेट वा भएको खर्चलाई तलको तालिकामा उल्लेख भएबमोजिम जलवायु परिवर्तन बजेट कोड प्रयोग गर्नु पर्दछ।

(१) प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धी गर्ने कार्यक्रम,

(२) भू-उपयोग योजना तथा जलवायु परिवर्तनको असरलाई थेग्नसक्ने (Resilient) भौतिक पूर्वाधारको विकास कार्यक्रम,

(३) जलवायु परिवर्तनको कारणबाट मानव स्वास्थ्यमा देखा पर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम,

(४) जलवायु परिवर्तनको कारणबाट खतरामा परेका जीव (Endangered species) र जैविक विविधताको संरक्षण कार्यक्रम,

(५) हरितगृह ग्यासको उत्सर्जन कम गर्नेगरी गरिएको फोहरमैला व्यवस्थापन गर्ने कार्यक्रम,

(६) उर्जा, सिंचाइ र स्वच्छ खानेपानीको लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम,

(७) खाद्य स्वच्छता (Safety) तथा सुरक्षा (Security) संग सम्वन्धित कार्यक्रम,

(८) जलवायु परिवर्तनका कारण उत्पन्न विपद जोखिमलाई न्यूनिकरण गर्ने कार्यक्रम,

(९) हरितगृह ग्यासको उत्सर्जन कम गर्ने तथा न्यून कार्वन उत्सर्जन गर्ने उर्जाको प्रयोग गर्नका लागि नविकरणीय एवम् वैकल्पिक उर्जाको उत्पादन, प्रयोग तथा यस सम्वन्धी प्रविधिको विकास गर्ने कार्यक्रम,

(१०) जलवायु परिवर्तनसंग सम्वन्धित सूचना, शिक्षा, संचार, अनुसन्धान तथा विकास एवम् तथ्याङ्क संकलन व्यवस्थापनको कार्यक्रम,

(११) जलवायु परिवर्तन सम्वन्धमा आवश्यक नीति, कानून एवम् कार्ययोजना तयार गर्ने कार्यक्रम।

## ४. जलवायु परिवर्तन बजेट कोडको प्रयोग गर्ने तरिका

प्रस्तावित बजेट तथा कार्यक्रमा जलवायु परिवर्तन बजेट कोड प्रयोग गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(१) जलवायु परिवर्तनसंग सम्वन्धित माथि उल्लेखित कार्यक्रमहरुलाई मात्र जलवायु परिवर्तन बजेट कोडिङ गर्ने,

(२) प्रस्तावित कार्यक्रम जलवायु परिवर्तनसंग सम्वन्धित भए-नभएको उल्लेख गर्न छ वा छैन लेख्ने,

(३) "छ" लेखिएका सबै कार्यक्रमहरुको बजेट जोड्ने र प्रतिशत निकाल्ने,

(४) बजेट प्रतिशतको आधारमा उक्त कार्यक्रम देहाय बमोजिम १, २ वा ३ मध्ये कुनमा पर्दछ, तय गर्ने।

| बजेट/खर्चको अनुपात | उपादेयता | बजेट कोड (सङ्केत) |
|---|---|---|
| प्रस्तावित कार्यक्रमको ५० प्रतिशतभन्दा बढी बजेट जलवायु परिवर्तनसंग सम्वन्धित भएमा | अत्यन्त सान्दर्भिक | १ |
| प्रस्तावित कार्यक्रमको २० देखि ५० प्रतिशतसम्म बजेट जलवायु परिवर्तनसंग सम्वन्धित भएमा | सान्दर्भिक | २ |
| प्रस्तावित कार्यक्रमको २० प्रतिशतभन्दा कम बजेट जलवायु परिवर्तनसंग सम्वन्धित भएमा वा प्रस्तावित कार्यक्रम जलवायु परिवर्तनसंग सम्वन्धित नभएमा | तटस्थ | ३ |

उपरोक्त बमोजिम मध्यमकालीन खर्च संरचनाको एक अंगको रुपमा निम्नानुसार जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्नु पर्दछ।

## नमूना तालिका - ६ जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि

| सङ्केत नं. | लैङ्गिक सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | जलवायु सङ्केत लेख्ने जस्तैः अत्यन्त सान्दर्भिक | अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि गत वर्ष भएको यथार्थ खर्चको जम्मा लेख्ने | गत वर्षको जम्मा खर्चमा अत्यन्त सान्दर्भिक आयोजना तथा कार्यक्रमको खर्चको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्च लेख्ने | जम्मा खर्चमा अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्चको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनाका लागि आगामी वर्षको जम्मा विनियोजित रकम लेख्ने | आगामी वर्षको जम्मा विनियोजनमा अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि विनियोजित रकमको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनामा आगामी दोश्रो वर्षको लागि प्रक्षेपित रकम लेख्ने | आगामी दोश्रो वर्षको जम्मा प्रक्षेपण मध्ये अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनामा प्रक्षेपित रकमको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनामा आगामी तेस्रो वर्षको लागि प्रक्षेपित रकम लेख्ने | आगामी तेस्रो वर्षको जम्मा प्रक्षेपण मध्ये अत्यन्त सान्दर्भिक- कार्यक्रम तथा आयोजनामा प्रक्षेपित रकमको प्रतिशत लेख्ने |
| २ | सान्दर्भिक | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिकको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| ३ | तटस्थ | तटस्थकोलागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| | जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा |

माथिको तालिकामा जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण प्रस्तुत गर्नुपर्छ। कार्यक्रमको मूल्यांङ्कन गर्दा कुनै कार्यक्रमको लागि विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी जलवायु परिवर्तनसंग सम्बन्धित भएमा अत्यन्त सान्दर्भिक, २० देखि ५० प्रतिशत भएमा सान्दर्भिक र २० प्रतिशत भन्दा कम भएमा तटस्थ भनी वर्गिकरण गर्नुपर्छ।

**उदाहरण - ६ बुकीपाटन नगरपालिकाको जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रकम रु.लाखमा)

| सङ्केत नं. | लैङ्गिक सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्धर्भिक | ४३० | ४.४ | ५८० | ४.९ | १०७० | ६.४ | १२७० | ७.३ | १४२० | ७.५ |
| २ | सान्दर्भिक | १७५० | १७.८ | २१६० | १८.१ | ३४५० | २०.६ | ३७८० | २१.६ | ४२७० | २२.४ |
| ३ | तटस्थ | ७६६० | ७७.८ | ९२१० | ७७.० | १२२०० | ७३.० | १२४१० | ७१.१ | १३३०० | ७०.० |
| | जम्मा | ९८४० | १००.० | ११९५० | १००.० | १६७२० | १००.० | १७४६० | १००.० | १८९९० | १००.० |

जलवायु सङ्केत अनुसार वर्गिकरण गर्दा बुकीपाटन नगरपालिकाको कार्यक्रममध्ये तीन-चौथाई कार्यक्रम तटस्थ रहेको देखिन्छ। जलवायुमैत्री कार्यक्रमहरु बढाउदै लाने लक्ष्य अनुरुप आगामी तीनै आर्थिक वर्षमा अत्यन्त सान्दर्भिक र सान्दर्भिक कार्यक्रम सङ्ख्यामा क्रमिक वृद्धी हुने प्रक्षेपण गरिएको छ।

## ४.६ दिग्दर्शनको अनुसूची ६
## त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण

यस दिग्दर्शनको अनुसूची-६ मा दिइएको तालिकामा उपक्षेत्रगतरुपमा हरेक कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको बिवरण भरी ती कार्यमक्रम तथा आयोजनाहरुको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, दिगो विकास लक्ष्य र लैङ्गिक तथा जलवायु सङ्केत समेत उल्लेख गर्नु पर्दछ। यस अनुसार तालिकामा बिवरण भर्ने विधि तथा उदाहरण तल प्रस्तुत गरिएको छ।

## नमूना तालिका - ७ कार्यक्रम/आयोजना वा उपक्षेत्रको त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण तालिका भर्ने विधि(रकम रु.लाखमा)

| क्र.सं. | उपक्षेत्र | कार्यक्रम/ आयोजना | आगामी आ.व.को विनियोजन | | | | आगामी दोस्रो आ.व.को प्रक्षेपण | | | | आगामी तेस्रो आ.व.को प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकी-करण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| क्रम सङ्ख्या भर्ने | जुन विषय उपक्षेत्रको कार्यक्रम वा आयोजना हो, सोही उपक्षेत्रको नाम लेख्ने। उदाहरण - कृषि सम्वन्धी आयोजना भए कृषि | कार्यक्रम / आयोजनाको नाम लेख्ने | उक्त आयो-जनामा आगामी वर्षको लागि गरि एको कुल विनियोजन लेख्ने | कुल विनियो-जन मध्ये चालु खर्चको लागि गरिएको विनियो-जन लेख्ने | कुल विनियो-जन मध्ये पूजीगत खर्चको लागि गरिएको विनियोजन लेख्ने | कुल विनियोजन मध्ये वित्तीय व्यवस्थाको लागि गरिएको विनियोजन लेख्ने | उक्त आयो-जनामा दोस्रो वर्षको लागि गरिएको कुल विनियो-जन लेख्ने | कुल विनियो-जन मध्ये चालु खर्चको लागि गरिएको विनियो-जन लेख्ने | कुल विनियोजन मध्ये पूजीगत खर्चको लागि गरिएको विनियोजन लेख्ने | कुल विनियोजन मध्ये वित्तीय व्यवस्थाको लागि गरिएको विनियोजन लेख्ने | उक्त आयो-जनामा तेस्रो वर्षको लागि गरि-एको कुल विनियो-जन लेख्ने | कुल विनियो-जन मध्ये चालु खर्चको लागि गरिएको विनियो-जन लेख्ने | कुल विनियोजन मध्ये पूँजीगत खर्चको लागि गरिएको विनियोजन लेख्ने | कुल विनियोजन मध्ये वित्तीय व्यवस्थाको लागि गरिएको विनियोजन लेख्ने | उक्त आयोजना जुन रणनीतिक स्तम्भमा पर्छ सो को नम्वर लेख्ने। उदाहरण - आर्थिक क्षेत्र हो भने १ लेख्ने। | आयोजना जुन प्राथमिकता वर्गमा पर्छ, सो लेख्ने। उदाहरण - P-1, P-2 | दिगो विकासका लक्ष्यमध्ये जुन लक्ष्यसंग सम्वन्धित कार्यक्रम हो, सो को नम्वर लेख्ने। उदाहरण - शिक्षा सम्वन्धी भए नम्वर ४ लेख्ने। | लैङ्गिक समानता कायम गर्न प्रत्यक्ष्यरुपमा सहयोग गर्ने भएमा १ लेख्ने, अप्रत्यक्ष अर्थात सहयोगी भएमा २ लेख्ने र तटस्थ भएमा ३ लेख्ने। | कार्यक्रमले वातावरण संरक्षण गर्न प्रत्यक्ष्यरुपमा सहयोग गर्ने अर्थात निर्दिष्ट भएमा १ लेख्ने, अप्रत्यक्ष अर्थात सहयोगी भएमा २ लेख्ने र तटस्थ भएमा ३ लेख्ने। |
| १ | | | | | | | | | | | | | | | | | | | |
| २ | सबै महलहरुमा माथि उल्लेख गरिए बमोजिमका बिवरणहरु भर्ने। | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | |

**उदाहरण - ७ बुकीपाटन नगरपालिकाको कार्यक्रम/आयोजना/उपक्षेत्रको त्रि-वर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण** (रकम रु.लाखमा)

| क्र.सं. | उपक्षेत्र | कार्यक्रम/ आयोजना | आगामी आ.व.को विनियोजन | | | | आगामी दोस्रो आ.व.को प्रक्षेपण | | | | आगामी तेस्रो आ.व.को प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकी-करण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| १ | कृषि | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजना | ७०० | १०५ | ५९५ | ० | ७०० | १०५ | ५९५ | ० | ६०० | ९० | ५१० | ० | १ | P-1 | २ | २ | २ |
| २ | पर्यटन | होमस्टे प्रवर्द्धन आयोजना | १०० | १२ | ८८ | ० | १०० | १२ | ८८ | ० | ८० | १० | ७० | ० | १ | P-1 | ८ | १ | ३ |
| ३ | उद्योग | औद्योगिक ग्राम निर्माण आयोजना | ३०० | ५० | २५० | ० | ३०० | ५० | २५० | ० | २०० | ३५ | १६५ | ० | १ | P-1 | ९ | २ | ३ |
| ४ | शिक्षा | प्राविधिक शिक्षालय निर्माण आयोजना | ५०० | १५० | ३५० | ० | ५०० | १५० | ३५० | ० | ३०० | ९० | २१० | ० | २ | P-1 | ४ | १ | २ |
| ५ | स्वास्थ्य | अस्पताल पूर्वाधार सुधार आयोजना | १२० | ३५ | ८५ | ० | ११० | ३० | ८० | ० | ७० | २० | ५० | ० | २ | P-1 | ३ | १ | १ |
| ६ | सडक पूर्वाधार | नगरपालिका सडक सुधार आयोजना | १५०० | २२५ | १२७५ | ० | १३०० | २०५ | १०९५ | ० | १२०० | १८० | १०२० | ० | ३ | P-1 | ९ | २ | ३ |
| ७ | वन | वन, जैविक विविधता तथा जलाधार संरक्षण आयोजना | १२० | ४८ | ७२ | ० | ११० | ४५ | ६५ | ० | ७० | २८ | ४२ | ० | ४ | P-1 | १५ | २ | १ |
| ८ | सुशासन | स्थानीय शासन सुधार कार्यक्रम | ६० | ३० | ३० | ० | ५५ | २५ | ३० | ० | ५० | २५ | २५ | ० | ५ | P-2 | १६ | २ | ३ |

यस उदाहरणमा बुकीपाटन नगरपालिकाका केहि उपक्षेत्रहरुका प्रमुख कार्यक्रम तथा आयोजनाहरु मात्र उल्लेख गरिएको छ। गाउँ/नगरपालिकाले आफ्ना सबै आयोजना तथा कार्यक्रमहरु यसै ढांचामा प्रस्तुत गर्नु पर्दछ।

## ४.७ दिग्दर्शनको अनुसूची ७
## विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानको ढाँचा

दिग्दर्शनको अनुसूची-७ मा विषय उपक्षेत्रगत खर्च तथा स्रोत अनुसारको वर्गिकरण गरी प्रस्तुत गर्ने विधि उल्लेख गरिएको छ। सो अनुसूची अनुसारका बिवरण भर्नको लागि तालिकाका हरेक कोष्ठहरु भर्ने विधि र सो अनुसार भरिएको बुकीपाटन नगरपालिकाको बिवरण समावेश गरिएको उदाहरण तालिका तल प्रस्तुत गरिएको छ।

## नमूना तालिका - ८ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान भर्ने विधि

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०../ | यसमा आगामी वर्षको कुल प्रस्तावित बजेट राख्ने | आगामी वर्षको लागि प्रस्तावित चालु बजेट राख्ने | आगामी वर्षको लागि प्रस्तावित पुंजीगत बजेट राख्ने | आगामी वर्षको लागि वित्तीय व्यवस्था बजेट प्रस्तावित भएको भए सो राख्ने | गाउंपालिका वा नगरपालिकाको आगामी वर्षको लागि प्रस्तावित बजेटमा आन्तरिक स्रोतवाट प्राप्त हुने भनी अनुमान गरिएको रकम राख्ने | गाउंपालिका वा नगरपालिकाको आगामी वर्षको लागि प्रस्तावित बजेटमा नेपाल सरकार वाट प्राप्त हुने भनी अनुमान गरिएको रकम राख्ने | गाउंपालिका वा नगरपालिकाको आगामी वर्षको लागि प्रस्तावित बजेटमा प्रदेश सरकार वाट प्राप्त हुने भनी अनुमान गरिएको रकम राख्ने | गाउंपालिका वा नगरपालिकाको आगामी वर्षको लागि प्रस्तावित बजेटमा ऋण तथा अन्य स्रोतवाट प्राप्त हुने भनी अनुमान गरिएको रकम राख्ने |
| २०../ | दोश्रो वर्षको प्रक्षेपित बजेट राख्ने | आगामी दोश्रो वर्षको लागि प्रक्षेपित चालु बजेट राख्ने | आगामी दोश्रो वर्षको लागि प्रक्षेपित पुंजीगत बजेट राख्ने | आगामी दोश्रो वर्षको लागि वित्तीय व्यवस्थापन बजेट प्रक्षेपण भएको भए सो राख्ने | आगामी दोश्रो वर्षको लागि प्रक्षेपित आन्तरिक स्रोतको रकम राख्ने | आगामी दोश्रो वर्षको लागि नेपाल सरकारवाट प्राप्त हुने प्रक्षेपित रकम राख्ने | आगामी दोश्रो वर्षको लागि प्रदेश सरकारवाट प्राप्त हुने प्रक्षेपित रकम राख्ने | आगामी दोश्रो वर्षको लागि प्रक्षेपित ऋण तथा अन्य रकम राख्ने |
| २०../ | तेस्रो वर्षको प्रक्षेपित बजेट राख्ने | आगामी तेस्रो वर्षको लागि प्रक्षेपित चालु बजेट राख्ने | आगामी तेस्रो वर्षको लागि प्रक्षेपित पुंजीगत बजेट राख्ने | आगामी तेस्रो वर्षको लागि वित्तीय व्यवस्थापन बजेट प्रक्षेपण भएको भए सो राख्ने | आगामी तेस्रो वर्षको लागि प्रक्षेपित आन्तरिक स्रोतको रकम राख्ने | आगामी तेस्रो वर्षको लागि नेपाल सरकारवाट प्राप्त हुने प्रक्षेपित रकम राख्ने | आगामी दोश्रो वर्षको लागि प्रदेश सरकारवाट प्राप्त हुने प्रक्षेपित रकम राख्ने | आगामी तेस्रो वर्षको लागि प्रक्षेपित ऋण तथा अन्य रकम राख्ने |

**उदाहरण - ८ बुकीपाटन नगरपालिकाको विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आगामी आर्थिक वर्ष | १६७२० | ५८५० | १०८७० | ० | ४३५० | ८३६० | ४०१० | ० |
| दोस्रो आर्थिक वर्ष | १७४६० | ५५९० | ११८७० | ० | ४५४० | ८७१० | ४२१० | ० |
| तेस्रो आर्थिक वर्ष | १८९९० | ५३२० | १३६७० | ० | ४९३० | ९४९० | ४५७० | ० |

## ४.८ दिग्दर्शनको अनुसूची ८
## विषय उपक्षेत्रगत मध्यमकालीन नतिजासूचक र लक्ष्यको ढाँचा

आयोजना तथा कार्यक्रमहरु निर्धारण गर्दा सम्पूर्ण कृयाकलापहरुलाई प्रमुखरुपमा (क) आर्थिक विकास क्षेत्र, (ख) सामाजिक विकास क्षेत्र, (ग) पूर्वाधार विकास क्षेत्र, (घ) वन तथा वातावरण क्षेत्र र (ङ) सुशासन तथा संस्थागत विकास क्षेत्र गरी पांच क्षेत्रमा वर्गिकरण गरी प्रस्तुत गरिन्छ भने हरेक क्षेत्र अन्तर्गत विभिन्न उपक्षेत्रहरु रहन्छन् । दिग्दर्शनको अनुसूची - ८ अनुसारको तालिकामा उपक्षेत्रगतरुपमा नतिजा सूचक र लक्ष्य निर्धारणको बिवरण भर्नु पर्दछ। गाउँ/नगरपालिकाले आवधिक विकास योजनामा उल्लेख गरे अनुसारको विषय उपक्षेत्रगत शीर्षक राख्नु पर्दछ। आबधिक विकास योजना नबनाएका गाउँ/नगरपालिकाले दिग्दर्शनमा दिइएको उपक्षेत्रलाई आधार मानी बिवरण तयार गर्नु उपुयक्त हुन्छ। पछि आवधिक विकास योजना बनाएर सोहि बमोजिमका उपक्षेत्रका नतिजा सूचकहरु मध्यमकालीन खर्च संरचनामा समायोजना गर्नुपर्दछ । अनुसूची - ८ मा दिइएको ढाँचा तालिकाका हरेक कोष्ठमा भर्नुपर्ने बिवरण बारेमा तल नमूना तालिकामा ब्याख्या गरिएको छ भने सो ब्याख्या बमोजिम बुकीपाटन नगर पालिकाको बिवरण उदाहरण तालिकाहरुमा प्रस्तुत गरिएको छ।

## नमूना तालिका - ९ विषय उपक्षेत्रगत मध्यमकालीन नतिजा सूचक र लक्ष्य तालिका भर्ने विधि

### कृषि उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य भर्ने विधि

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० (आगामी वर्ष) | २०८०/८१ (आगामी दोश्रो वर्ष) | २०८१/८२ (आगामी तेस्रो वर्ष) |
| महल नं: १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| यो पहिलो महलमा कृषि उपक्षेत्रको पहिलो नतिजा सूचक लेख्ने<br>जस्तैः कृषि उत्पादनको मूल्य | यो दोस्रो महलमा नतिजा सूचकको मापन एकाइ राख्ने<br>जस्तैः गोटा, मे.ट., रुपयां आदि | यो तेस्रो महलमा नतिजा सूचकको गत आ.व. सम्मको वास्तविक प्रगति परिमाण लेख्ने<br>यो अङ्क प्रगति समिक्षा प्रतिवेदनबाट लिने | यो चौथो महलमा सम्बन्धित सूचकको चालु वर्षको आषाढ मसान्तसम्ममा प्राप्त हुने अनुमानित परिमाण लेख्ने<br>यो अङ्क प्रगति समिक्षा प्रतिवेदनबाट लिने | यो पाचौं महलमा आगामी वर्षको बजेट विनियोजन र प्रस्ताबित कार्यक्रमको कार्यान्वयनबाट अपेक्षित नतिजालाई लक्ष्यको रुपमा लेख्ने | यो छैठौं महलमा आगामी दोश्रो वर्षको अपेक्षित नतिजाको प्रक्षेपित परिमाण लेख्ने | यो सातौं महलमा आगामी तेस्रो वर्षको अपेक्षित नतिजाको प्रक्षेपित परिमाण लेख्ने |
| नतिजा सूचक | | माथि दिइएको नमूना अनुसार अन्य सबै नतिजा सूचकहरुको बिवरण भर्ने | | | | |
| नतिजा सूचक | | | | | | |
| नतिजा सूचक | | | | | | |
| नतिजा सूचक | | | | | | |

नोटः उपलब्धि सूचकमा परिमाण उल्लेख गर्दा सूचकको प्रकृति अनुसार सकेसम्म Cumulative रुपमा गर्नुपर्दछ।

## उदाहरण - ९ बुकीपाटन नगरपालिकाको विषय उपक्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

### आर्थिक विकास क्षेत्र

**(क) कृषि उपक्षेत्रको नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १. | नगरपालिकाको कुल कृषि उत्पादन | रु. करोड | ४०.०० | ४२.० | ४४.१ | ४८.५ | ५६.० |
| २. | खाद्यान्न उत्पादन | मे. टन | २९२५ | ३०३५ | ३१५० | ३३८० | ३७५६ |
| ३. | तरकारी उत्पादन | मे. टन | ८६ | ८८ | ९० | ९५ | १०५ |

कृषि उपक्षेत्रको बिवरण दिइएको माथिको उदाहरणमा नगरपालिकाको कुल कृषितर्फको उत्पादन चालु आर्थिक वर्षको अन्त्य सम्ममा रु. ४२ करोड पुग्ने अनुमानका आधारमा आगामी वर्षको कार्यक्रम र बजेट कार्यान्वयनबाट त्यसमा ५ प्रतिशतको वृद्धी आई योगदान रकम रु. ४४.१० करोड पुग्ने प्रक्षेपण गरिएको छ। त्यसैगरी, आगामी वर्षको कार्यक्रम कार्यान्वयनको बांकी असर र त्यस पछिका वर्षमा थप कार्यक्रम संचालनबाट प्रगति हासिल हुने संभावनाका आधारमा दोस्रो वर्ष १० प्रतिशत र तेस्रो वर्ष १५ प्रतिशतको वृद्धी हुने प्रक्षेपण अनुसार दोस्रो वर्षको लक्ष्य रु. ४८.५० करोड र तेस्रो वर्षको लक्ष्य रु. ५६.०० करोड प्रक्षेपण गरिएको छ।

**(ख) सिंचाइ उपक्षेत्रको नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १. | सर्वयाम सिंचित भूमि | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४२ |
| २. | वर्षायामको पानी संकलन गर्ने पोखरी निर्माण | सङ्ख्या | १ | २ | ५ | ५ | ६ |
| ३. | लिफ्ट सिंचाई परियोजना | सङ्ख्या | २ | ५ | ५ | ८ | ८ |

### (ग) पशुपंक्षी सेवा उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १. | दूध उत्पादन | लि. हजार | १३० | १३६ | १५० | २५० | ४०० |
| २. | मासु उत्पादन | मे. टन | ९५ | ९७ | १०० | १०५ | १२० |
| ३. | दुग्ध संकलन केन्द्र | सङ्ख्या | १ | २ | ३ | ५ | ५ |

### (घ) उद्योग, व्यापार तथा व्यवसाय उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | नगरपालिकाको वार्षिक उत्पादनमा उद्योग व्यवसाय क्षेत्रको अंश | प्रतिशत | १०.० | ९.० | १०.३ | १०.५ | १०.९ |
| २ | उद्योग व्यवसाय क्षेत्रको वृद्धी दर | प्रतिशत | १०.० | ८.० | १५.० | १०.० | १२.० |
| ३ | उद्योग व्यवसाय | सङ्ख्या | २२३ | २५० | २७५ | ३०० | ३२५ |

यस उदाहरण तालिकामा नगरपालिकाको कुल गार्हस्थ उत्पादनमा उद्योग व्यवशाय क्षेत्रको योगदान गत आर्थिक वर्षमा १० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा कोरोनाको कारण यस क्षेत्रको योगदान ९ प्रतिशतमा सीमित हुने अनुमान गरिएको छ। आगामी वर्ष कोरोनाको प्रभाव हट्ने र उद्योग व्यवशाय पुरानै लयमा फर्कने आँकलनको आधार मा योगदान बढेर १०.३ प्रतिशत पुग्ने लक्ष्य राखिएको छ भने कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस क्षेत्रको योगदान दोस्रो र तेस्रो वर्षमा बढ्ने प्रक्षेपण गरिएको छ। त्यसैगरी, उद्योग व्यवसाय क्षेत्रको आर्थिक वृद्धीदर चालु आर्थिक वर्षमा कोरोनाको कारण केही कम अर्थात ८ प्रतिशत मात्र हुने देखिएकोमा आगामी वर्षमा उद्योग व्यावसायको अवस्था सामान्यतर्फ फर्कने र नयां कार्यक्रम समेत कार्यान्वयन हुने भएकोले १५ प्रतिशतको वृद्धी हुने र त्यस पछिको वर्ष १० प्रतिशत र तेस्रो वर्षमा १२ प्रतिशतको वृद्धी हासिल हुने प्रक्षेपण गरिएको छ। उद्योग व्यवशायको सङ्ख्या गत आर्थिक वर्षमा २२३ रहेकोमा चालु आर्थिक वर्षमा २५० रहने देखिन्छ तर २७ वटा व्यवशाय थप हुंदा पनि उद्योग-व्यवसायको आर्थिक वृद्धी दर १० प्रतिशतबाट ८ प्रतिशतमा झरेको देखिन्छ। कोरोनाको कारण उद्योग-व्यवसायहरु न्यून क्षमतामा चल्नु परेकोले सङ्ख्या केही बढेता पनि वृद्धीदर घटेको हो।

### (ङ) पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | सेवा क्षेत्रको कुल उत्पादनमा पर्यटन क्षेत्रको अंश | प्रतिशत | ० | ० | १ | १.५ | २.० |
| २ | आन्तरिक पर्यटक आगमन | सङ्ख्या | १५,००० | १२,००० | २२,००० | २४,२०० | ३०,००० |
| ३ | बाह्य पर्यटक आगमन | सङ्ख्या | ० | ० | ० | ५० | २०० |

यस तालिका अनुसार बुकीपाटन नगरपालिकामा कोरोनाको कारण चालु आर्थिक वर्षमा आन्तरिक पर्यटक सङ्ख्या घटेको, आगामी वर्ष पर्यटन कोरोना-पूर्वकै लयमा फर्कने र पर्यटन पूर्वाधारमा गरिने लगानीबाट पर्यटक आगमनमा वृद्धी हुने प्रक्षेपणको आधारमा दोस्रो र तेस्रो वर्षको लक्ष्य प्रक्षेपण गरिएको छ। आन्तरिक र वाह्य पर्यटकको आगमन बढ्न थालेपछि पर्यटन क्षेत्रको आम्दानी बढ्ने र सोही अनुसार कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको हिस्सा बढ्ने भएकोले तदनुरुप लक्ष्य पनि क्रमशः बढाइएको छ।

### (च) भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | सहकारीमा आवद्ध जनसङ्ख्या | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |
| २ | भूमिको वैज्ञानिक अभिलेखिकरण | प्रतिशत | १० | २५ | ४० | ५० | ६० |
| ३ | सहकारी शिक्षा | सङ्ख्या | ५०० | १००० | १५०० | १८०० | २००० |

### (छ) श्रम, रोजगारी तथा गरिबी निवारण उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ११ | १५ | २० | २५ | ३२ |
| २ | गरिब-घरपारिवारलाई आयमूलक तालिम | सङ्ख्या | १०० | २०० | ३०० | ४०० | ५०० |
| ३ | गरिब लक्षित कार्यक्रमको लागि अनुदान वितरण | परिवार सङ्ख्या | ५० | १०० | १५० | २०० | ३०० |

## सामाजिक विकास क्षेत्र

### (क) जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | तिस मिनेटको यात्रा  भित्र स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ३८ | ४० | ४२ | ४८ | ५० |
| २ | चार पटक गर्भवती जााच गराउने गर्भवती महिलाको दर | प्रतिशत | ३३ | ३३.८ | ३५ | ४० | ४५ |
| ३. | स्वास्थ्य संस्था | सङ्ख्या | ८६ | ८८ | ९० | ९५ | १०५ |
| ४. | पूर्ण खोप लगाएका बालबालिका | प्रतिशत | ९० | ९२ | ९६ | ९८ | १०० |

दिगो विकास लक्ष्य अन्तर्गत गुणस्तरिय स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राखिएको छ। स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्यामा वृद्धी भएमामात्र स्वास्थ्य सम्वन्धी सूचकहरुमा प्रगति देखिन सक्ने हुंदा यी क्षेत्रमा गाउँ/नगरपालिकाबाट गरिने बजेट विनियोजन र केन्द्र तथा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम समेतको आधारमा प्रगतिका लक्ष्य निर्धारण गर्नु पर्दछ। बुकीपाटन नगरपालिकाले स्वास्थ्य संस्थाको सङ्ख्या आगामी वर्ष ९० पुर्‍याउने लक्ष्य राखेको छ भने त्यसपछिका वर्षहरुमा क्रमशः ९५ र १०५ पुग्ने प्रक्षेपण गरेको छ। त्यसैको आधारमा तिस मिनेटभित्र स्वास्थ्य संस्थामा पहुँच भएको परिवार सङ्ख्या, चार पटक गर्भवती जांच गराउने महिलाको दर र पूर्ण खोपको प्रत्याभूती गर्ने लक्ष्य राखिएको छ। पूर्ण खोप भन्नाले बालबालिकाहरुले जन्मेदेखि लिनुपर्ने भनी तोकिएका सबै खोप लिएको अवस्थालाई जनाउंछ।

### (ख) शिक्षा, कला, भाषा तथा साहित्य उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | शिक्षक-विद्यार्थी | अनुपात | १:३० | १:३० | १:२५ | १:२५ | १:२० |
| २ | विद्यार्थी-कक्षा कोठा | अनुपात | १:३५ | १:३५ | १:३५ | १:३० | १:३० |
| ३ | मातृ भाषामा पठन-पाठन हुने विद्यालय | सङ्ख्या | ० | १ | १ | १ | २ |

यस तालिकामा आगामी आर्थिक वर्षमा शिक्षक सङ्ख्या थप गरी सरदर एक शिक्षक बरावर २५ विद्यार्थी अनुपात कायम गर्ने र आगामी वर्ष निर्माण गरिने थप कक्षा कोठाहरुबाट दोस्रो वर्षदेखि प्रति कोठा विद्यार्थी सङ्ख्याको अनुपात १ कोठा बराबर ३० विद्यार्थी हुने प्रक्षेपणको आधारमा लक्ष्य उल्लेख गरिएको छ। विद्यार्थी सङ्ख्या न्यून र शिक्षक सङ्ख्या बढी भएको अवस्थामा यो अनुपात कम रहेको हुन्छ र घटाउने लक्ष्य राखिन्छ। कतिपय गाउँ/नगरपालिकाहरुमा शिक्षक सङ्ख्याको तुलनामा विद्यार्थी सङ्ख्या न्यून रहेको अवस्था पनि छ। यस्तो अवस्थामा विद्यालयहरु मर्ज गरी शिक्षक-विद्यार्थी अनुपात बढाउने लक्ष्य राख्नुपर्ने पनि हुन सक्छ।

### (ग) खानेपानी तथा सरसफाइ उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | शौचालय भएका घर | प्रतिशत | ९८ | ९८.५ | ९९ | १०० | १०० |
| २ | पाइपबाट खानेपानीको धारा जडान भएका घर | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | १०० |

यस तालिकामा शौचालय भएका घर आगामी वर्ष ९९ प्रतिशत पुऱ्याउने र आगामी दोस्रो वर्ष १०० प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। त्यसैगरी, पाइपवाट खानेपानीको धारा जडान भएका घर तेस्रो वर्षसम्म १०० प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। सुरक्षित पिउने पानीको उपलव्धताको अवस्था आँकलन गर्न पाइपबाट खानेपानीका धाराको अवस्था उल्लेख गर्नुपर्छ। खुला स्रोतको पानी सूरक्षित नमानिने हुंदा यसमा समावेश गरिँदैन।

### (घ) महिला, बालबालिका र सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९३१ | ०.९३५ | ०.९४० | ०.९४५ | ०.९५० |
| २ | घर-जमिनमा महिलाको स्वामित्व | प्रतिशत | १० | १५ | २५ | ३० | ३५ |
| ३ | संगठित संस्थाको रोजगारीमा महिला सहभागिता | प्रतिशत | १० | १० | १२ | १५ | १९ |

लैङ्गिक विकास सूचकाङ्कमा भएको प्रगति सामान्यतया सर्भेक्षणहरुबाट यकिन गरिन्छ। घर-जमिनमा महिलाको स्वामित्वको तथ्याङ्क मालपोत कार्यालयबाट तथा गाउँ/नगर पालिकामा तिरो तिरेको विवरणवाट प्राप्त गर्न सकिन्छ। बुकीपाटन नगरपालिकाले महिलाको स्वामित्वमा घर-जग्गा पास गरेमा थप सुविधाहरु उपलव्ध गराउने कार्यक्रमबाट आगामी वर्ष घर-जग्गाको स्वामित्व भएका महिलाको सङ्ख्या २५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ र त्यसपछिका वर्षहरुमा पनि उल्लेखनीय वृद्धी हुने प्रक्षेपण गरेको छ। गाउँ/नगरपालिकामा उच्च शिक्षा हासिल गर्ने छात्राहरुको सङ्ख्यामा उच्च वृद्धी भएकोले आगामी वर्षहरुमा संगठित संस्थाहरुमा महिला सहभागिता दरमा पनि उच्च वृद्धी आउने प्रक्षेपण गरिएको छ।

### (ङ) युवा, खेलकूद तथा नवप्रवर्तन उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | युवा रोजगारी | प्रतिशत | २० | २० | ३० | ४० | ४५ |
| २ | युवा लक्षित कार्यक्रमहरु | सङ्ख्या | १० | १० | २० | ३० | ३२ |
| ३ | खेलकूद मैदान | सङ्ख्या | १ | २ | ४ | ५ | ६ |
| ४ | नवप्रवर्तनमा आधारित व्यवशायको लागि अनुदान | सङ्ख्या | ० | ५ | १० | १५ | |

युवा लक्षित कार्यक्रमहरुमा हुने वृद्धीसंगै युवा रोजगारी पनि बढ्ने हुंदा आगामी वर्ष र त्यसपछिका वर्षहरुमा कार्यान्वयन गरिने युवा लक्षित कार्यक्रमहरुको सङ्ख्या र युवा रोजगारीको लक्ष्य क्रमशः वृद्धी हुने प्रक्षेपण गरिएको छ।

### (च) सामाजिक सुरक्षा तथा पंजिकरण उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ८ | १० | १२ | १३ | १५ |
| २ | व्यक्तिगत घटना दर्ता | प्रतिशत | ६० | ६५ | ७५ | ८५ | ९५ |

## पूर्वाधार विकास क्षेत्र

### (क) भवन, आवास तथा वस्ति विकास उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | एकिकृत वस्ति | सङ्ख्या | १ | २ | २ | २ | ३ |
| २ | भूकम्प प्रतिरोधी घर भएका परिवार | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |

बुकीपाटन नगरपालिकामा चालु आर्थिक वर्षमा शुरु गरिएको थप एक एकिकृत वस्ति निर्माणको काम आगामी दुईवर्षसम्म निरन्तर रहने र एकिकृत वस्ति साथै पहिले देखि कायम वस्तिहरुमा नयां मापदण्ड अनुसार निर्माण हुने र सबलीकरण गरिने घरहरु समेतबाट भूकम्प प्रतिरोधी घर भएका परिवारको सङ्ख्या बढ्ने आंकलनको आधारमा आगामी तीन वर्षको लक्ष्य प्रक्षेपण गरिएको छ।

### (ख) सडक, पुल तथा यातायात उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | एकघण्टा भित्रको यात्रामा बाह्रै महिना सडकको पहुँच भएका नागरिक | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |
| २ | कालोपत्रे सडक | कि.मि. | १२ | ३५ | ५५ | ८५ | ९० |
| ३ | ग्राभेल सडक | कि.मि. | २५ | ४० | ६५ | ९० | १०० |

चालु आर्थिक वर्षको अन्त्यसम्म कालोपत्रे ३५ कि.मी. र ग्राभेल सडक ४० कि.मी. थपिने आधारमा बाह्रै महिना एकघण्टा भित्रको यात्रामा सडक यातायातमा पहुँच भएका नागरिकको सङ्ख्या २५ प्रतिशत पुग्ने आंकलन छ। आगामी वर्ष कालोपत्रे ५५ कि.मि. र ग्राभेल सडक ६५ कि.मि. निर्माण गर्ने लक्ष्य राखिएको छ। यस अनुरुप बाह्रै महिना एकघण्टा भित्रको यात्रामा सडक यातायातको पहुँच भएका नागरिक सङ्ख्या ३० प्रतिशत पुग्नेछ। त्यसैगरी, आगामी दोस्रो र तेस्रो वर्ष निर्माण हुने थप सडकसंगै सडक यातायातको पहुँच भएको सङ्ख्या पनि बढ्ने प्रक्षेपण गरिएको छ। सडक पूर्वाधारको प्रगती उल्लेख गर्दा यस उदाहरणमा हरेक वर्ष गाउँ/नगरपालिकामा थप निर्माण हुने सडकको लम्वाई उल्लेख गरिएको छ। यसको सट्टा हरेक वर्ष थप निर्माण हुने समेत सडकको कुल लम्बाई उल्लेख गर्न पनि सकिन्छ।

### (ग) जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | राष्ट्रिय ग्रिडको बिजुली जडान घर | प्रतिशत | ८५ | ९० | ९२ | ९५ | १०० |
| २ | सोलार तथा अन्य उर्जा प्रयोग गर्ने घर | प्रतिशत | १० | १२ | १५ | २० | २२ |

बुकीपाटन नगरपालिकामा राष्ट्रिय ग्रिडको बिजुली जडान गरिएको घर सङ्ख्या आगामी वर्ष ९२ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ भने त्यसपछिको दोस्रो वर्ष ९५ प्रतिशत र तेस्रो वर्ष शतप्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। यसमा सङ्घ र प्रदेश अन्तर्गतका विद्युतीकरण आयोजना कार्यान्वयनबाट हुने प्रगतिलाई समेत आधार बनाइएको छ।

### (घ) सूचना तथा संचार प्रविधि उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | मोबाइल, इन्टरनेट, टलिफोन, टेलिभिजनमध्ये कम्तिमा एक प्रयोग गर्ने परिवार | प्रतिशत | ९६ | ९६ | ९७ | ९८ | ९९ |
| २ | इन्टरनेट भएको घरधुरी | प्रतिशत | १२ | १५ | २० | ३० | ५० |

यस तालिका अनुसार विद्युतीय आमसंचारका साधनमध्ये कम्तिमा कुनै एक प्रयोग गर्नेको सङ्ख्या आगामी वर्ष ९७ प्रतिशत पुग्ने र त्यसपछिका वर्षहरुमा क्रमशः ९८ र ९९ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ। ईन्टरनेटमा पहुँच द्रुतरुपमा बढ्ने आंकलन अनुरुप आगामी वर्ष इन्टरनेट भएको घरधुरी सङ्ख्या २० प्रतिशत पुग्ने र त्यसपछिका वर्षहरुमा यस्तो घरधुरी क्रमशः ३० प्रतिशत र ५० प्रतिशत पुग्ने आंकलन गरिएको छ।

## वन तथा वातावरण क्षेत्र

### (क) वन, भूसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | वनक्षेत्रको रोजगारी | सङ्ख्या | ५० | ७५ | १०० | १२५ | १२० |
| २ | सामुदायिक वन | सङ्ख्या | १५ | १६ | १८ | १८ | २० |
| ३ | सिमसार क्षेत्र संरक्षण | सङ्ख्या | २ | ४ | ५ | ८ | १० |
| ४ | पहिरो नियन्त्रण | सङ्ख्या | ५ | १० | १५ | २० | २५ |

सामुदायिक वन र वनक्षेत्रको रोजगारी बढाउने र विपद जोखिमबाट हुने क्षति घटाउँदै लाने नगरपालिकाको उद्देश्य अनुसार वन क्षेत्रसंग सम्वन्धित कार्यक्रमहरुको कार्यान्वयनबाट बुकीपाटन नगरपालिकामा वनक्षेत्रको रोजगारी आगामी वर्ष १०० जना पुग्ने, सामुदायिक वन सङ्ख्या २ थपिएर १८ पुग्ने अनुमान गरिएको छ। त्यसपछिका वर्षहरुमा पनि क्रमशः सामुदायिक वन सङ्ख्या र वनक्षेत्रको रोजगारी बढ्ने प्रक्षेपण गरिएको छ।

### (ख) वातावरण तथा फोहरमैला व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | सामुदायिक पार्क निर्माण | सङ्ख्या | ० | १ | २ | २ | ३ |
| २ | फोहरमैला संकलनको लागि बास्केट वितरण | सङ्ख्या | ५०० | १००० | १००० | १५०० | २००० |

### (ग) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | विपद जोखिमबाट वार्षिक क्षति | रु. करोड | ५.५ | ५.० | ४.५ | ४.० | ३.० |
| २ | विपदको घटनाबाट प्रभावित परिवार | प्रतिहजार | ५० | ४० | ३० | २० | १५ |

## सुशासन तथा सस्थागत विकास क्षेत्र

### (क) नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | कानून तर्जुमा | सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० |
| २ | मुद्दा फर्स्यौट | प्रतिशत | ५० | ६० | ७५ | ८० | ८५ |

### (ख) संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | सेवा प्रवाहमा नागरिक सन्तुष्टि | प्रतिशत | २० | ३० | ४० | ५० | ५५ |
| २ | संस्थागत स्व–मूल्याक्तनमा प्राप्त अङ्क | प्रतिशत | ४२ | ५० | ६० | ६५ | ७० |

सुशासनको अवस्था बारेमा जानकारी दिने सेवा प्रवाहमा नागरिक सन्तुष्टि सूचकको प्रगति मापन गर्न सर्भेक्षण संचालन गर्नु पर्दछ भने संस्थागत अवस्थाको मूल्याङ्कन गाउँ/नगरपालिका स्वयंले गर्नु पर्दछ। सर्भेक्षण र स्व-मूल्याङ्कन गर्दा तुलनात्मक प्रयोजनको लागि एकैप्रकारको प्रश्नावली तथा आधार प्रयोग गर्नु पर्दछ। बुकीपाटन नगर पालिकाले सेवा प्रवाहमा नागरिक सन्तुष्टि आगामी वर्ष ४० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ भने दोस्रो वर्ष ५० प्रतिशत र त्यसपछिको वर्ष ५५ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। त्यसैगरी संस्थागत स्व-मूल्याङ्कनको अङ्क आगामी वर्ष ६० प्रतिशत पुग्ने र त्यसपछि पनि क्रमिक सुधार भई दोस्रो वर्ष ६५ र तेस्रो वर्ष ७० प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।

### (ग) राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | कुल बजेटमा आन्तरिक स्रोतको योगदान | प्रतिशत | ६१.५ | ५४.० | ६०.० | ६२.० | ६३.० |

### (घ) तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक प्रगति | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०७९/८० | दोश्रो वर्ष २०८०/८१ | तेस्रो वर्ष २०८१/८२ |
| १ | तथ्याङ्क सम्वन्धी तालिम | सङ्ख्या | १० | १५ | २० | ३० | ४० |
| २ | एकिकृत तथ्याङ्क प्रणाली विकास तथा संचालब | सङ्ख्या | ० | ० | १ | १ | १ |
| ३ | क्षेत्रगत तथा रणनीतिक योजना तर्जुमा | सङ्ख्या | ० | १ | २ | ४ | ५ |

## ४.९ दिग्दर्शनको अनुसूची ९
# स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका

दिग्दर्शनको यस अनुसूचीमा स्थानीय तहको समष्टिगत मध्यमकालीन आर्थिक खाका भर्ने विधि उल्लेख गरिएको छ। यस अनुरुप तालिकामा बिवरण भर्ने विधि र सो अनुरुप उदाहरणको रुपमा बुकीपाटन नगरपालिकाको बिवरण भरिएका तालिकाहरु तल प्रस्तुत गरिएको छ।

## नमूना तालिका - १० स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका भर्ने विधि

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष |
| १ | वार्षिक उत्पादन | यसमा रकमको एकाइ लेख्ने जस्तै: रु लाख | यसमा गत आ.व.को आषाढ मसान्तसम्मको कुल वार्षिक उत्पादनको रकम एकाइ अनुसार लेख्ने | यसमा चालु आ.व.को आषाढ मसान्त सम्मको कुल वार्षिक उत्पादनको रकम एकाइ अनुसार लेख्ने | आगामी आ.व.को कुल वार्षिक उत्पादनको प्रक्षेपण अङ्क लेख्ने | आगामी दोश्रो आ.व.को कुल वार्षिक उत्पादनको प्रक्षेपण लेख्ने | आगामी तेस्रो आ.व.को कुल वार्षिक उत्पादनको प्रक्षेपण लेख्ने |
| १.१ | कृषि | हरेक सूचकको माथि उल्लेख भए बमोजिमका बिवरण भर्ने। | | | | | |
| १.२ | गैर-कृषि (उद्योग र सेवा) | | | | | | |
| २ | औसत पारिवारिक आय | | | | | | |
| ३ | उद्योग ब्यापार र व्यबसाय | हरेक सूचकको माथि उल्लेख भए बमोजिमका बिवरण भर्ने। | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | | | | | | |

**उदाहरण - १० बुकीपाटन नगरपालिकाको स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष |
| १ | वार्षिक उत्पादन | रु. लाख | ५०००० | ५५००० | ६१००० | ६७००० | ७४००० |
| १.१ | कृषि | रु. लाख | ४०००० | ४२००० | ४४००० | ४६००० | ४८००० |
| १.२ | गैर-कृषि (उद्योग र सेवा) | रु. लाख | १०००० | १३००० | १७००० | २१००० | २६००० |
| २ | औसत पारिवारिक आय | रु. हजार | १२० | १३० | १४५ | १६० | १७७ |
| ३ | उद्योग ब्यापार र व्यवसाय | सङ्ख्या | २२३ | २५० | २७५ | ३०० | ३२५ |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | प्रतिशत | १२ | १८ | २२ | २६ | ३० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |

## ४.१० दिग्दर्शनको अनुसूची १०
## समष्टिगत मध्यकालीन नतिजा खाका

दिग्दर्शनको अनुसूची १० मा मध्यमकालीन नतिजा खाका भर्ने ढाँचाको तालिका दिइएको छ। यसमा हरेक समष्टिगत सूचकको गत वर्षको उपलब्धि, चालु आर्थिक वर्षको अनुमानित उपलब्धि र आगामी तीन आर्थिक वर्षको लक्ष्य उल्लेख गर्नु पर्दछ। यस अनुसार बिवरण भर्ने विधि र उदाहरण तल प्रस्तुत गरिएको छ। उदाहरणमा सीमित सूचकहरुमात्र देखाइएको भएता पनि गाउँ/नगरपालिकाले धैरैभन्दा धैरै सूचकहरुको बिवरण समावेश गर्नु पर्दछ।

## नमूना तालिका - ११ समष्टिगत मध्यमकालीन नतिजा खाका भर्ने विधि

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष २०../.. | दोश्रो वर्ष २०../.. | तेस्रो वर्ष २०../.. |
| १ | यसमा नतिजा सूचक लेख्ने जस्तैः ५ वर्ष मुनिका कम तौल भएका वालबालिका | यसमा नतिजाको सूचकको मापक एकाइ लेख्ने जस्तैः प्रतिशत | यसमा गत आ.व.को अर्थात गत आ.व.को आषाढ मसान्त सम्मको उपलब्धिको नतिजा सूचकको एकाइ अनुसार को परिमाण लेख्ने | यसमा आगामी आ.व.को बजेट तथा कार्यक्रम अनुसार अनुमानित उपलब्धिको नतिजा सूचकको एकाइ अनुसारको परिमाण लेख्ने | आगामी आ.व.को कुल वार्षिक उत्पादनको प्रक्षेपण अङ्क लेख्ने | आगामी दोश्रो आ.व.को उपलब्धिको प्रक्षेपित परिमाण लेख्ने | आगामी तेस्रो आ.व.को उपलब्धिको प्रक्षेपित परिमाण लेख्ने |
| २ | साक्षरता दर (१५ वर्ष माथिको) | उपरोक्त बमोजिम सबै सूचकहरुको बिवरण भर्ने। | | | | | |

**उदाहरण - ११ बुकीपाटन नगरपालिकाको मध्यमकालीन नतिजा खाका**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आगामी वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष |
| १ | ५ वर्ष मुनिका कम तौल भएका वालबालिका | प्रतिशत | २० | १७ | १४ | १२ | १० |
| २ | साक्षरता दर (१५ वर्ष माथिको) | प्रतिशत | ७५ | ८० | ९० | ९५ | ९९ |
| ३ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | सङ्ख्या | ५ | ७ | ९ | १० | १२ |
| ४ | प्राबिधिक तथा ब्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | १० | १५ | २० | २५ | ३० |
| ५ | रोजगारीमा औपचारीक क्षेत्रमा हिस्सा | प्रतिशत | ११ | १५ | २० | २५ | ३२ |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | १२ | ३५ | ५५ | ८५ | ९० |
| ७ | स्थानीय सडक (खण्डास्मिथ) | कि.मि. | २५ | ४० | ६५ | ९० | १०० |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | ११५ | १५० | १५५ | १६० | १७० |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएको जनसङ्ख्या | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |
| १० | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८५ | ९० | ९२ | ९५ | १०० |
| ११ | सुरक्षित आवासमा वसोवास गर्ने जनसङ्ख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| १२ | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | | | | | |
| १३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | १०० |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६० | ६५ | ७५ | ८५ | ९५ |
| १५ | विपदको घटनाबाट प्रभावित परिवार | प्रति हजार | ५० | ४० | ३० | २० | १५ |
| १६ | वनजङ्गलको घनत्व (रुख प्रति हेक्टर) | सङ्ख्या | ३७ | ३७.५ | ३८ | ३८.५ | ३९ |
| १७ | मातृभाषामा पठनपाठन हुने विद्यालय | सङ्ख्या | ० | १ | १ | १ | २ |
| १८ | सामाजिक सूरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ८ | १० | १२ | १३ | १५ |
| १९ | पर्यटन आगमन | सङ्ख्या | १५००० | २०००० | २५००० | ३०००० | ३५००० |
| २० | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | २० | ३० | ४० | ५० | ५५ |

## ४.११ दिग्दर्शनको अनुसूची ११
# समष्टिगत मध्यकालीन बजेट खाका

दिग्दर्शनको अनुसूची -११ मा समष्टिगत मध्यकालीन बजेट खाका भर्ने ढाँचा तालिका दिइएको छ। यस तालिकामा खर्च र आयको अनुमान तोकिएको उपशीर्षक अनुसार भर्नु पर्दछ। हरेक उपशीर्षक अन्तर्गत गत आर्थिक वर्षको यथार्थ, चालु आर्थिक वर्षको संशोधित अनुमान, आगामी वर्षको अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको प्रक्षेपण रकम भर्नु पर्दछ। यस ढाँचा अनुसार बिवरण भर्ने विधि र उदाहरण तलका तालिकाहरुमा दिइएको छ।

## नमूना तालिका- १२ समष्टिगत मध्यमकालीन बजेट खाका तालिका भर्ने विधि

| क्र.सं. | विवरण | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०../.. को अनुमान | २०../.. को प्रक्षेपण | २०../.. को प्रक्षेपण | तीन वर्षको कुल |
| १ | खर्च अनुमान | | | | | | |
| | चालु खर्च | यस महलमा गत आ.व.को यथार्थ चालु खर्च लेख्ने | यस महलमा चैत मसान्त सम्मको खर्चको आधारमा अनुमान गरी चालु आ.व.को अनुमानित चालु खर्च लेख्ने | यस महलमा आगामी आ.व.को लागि चालु खर्चतर्फ विनियोजन गरिएको रकम लेख्ने | यस महलमा आगामी दोस्रो आ.व.को लागि चालु खर्चतर्फ प्रक्षेपण गरिएको रकम लेख्ने | यस महलमा आगामी तेस्रो आ.व.को लागि चालु खर्चतर्फ प्रक्षेपण गरिएको रकम लेख्ने | यस महलमा तीनआगामी आ.व.को लागि अनुमान र त्यसपछिका दुई बर्षको प्रक्षेपण गरिएको रकम जोडी लेख्ने |
| | पुंजीगत खर्च | माथिजस्तै पुजीगतको यथार्थ खर्च लेख्ने | माथिजस्तै पुजीगतको अनुमानित खर्च लेख्ने | माथिजस्तै पुजीगतको विनियोजित रकम लेख्ने | माथिजस्तै पुजीगतको प्रक्षेपित रकम लेख्ने | माथिजस्तै पुजीगतको प्रक्षेपित रकम लेख्ने | माथिजस्तै तीन बर्षको पुजीगतको रकम जोडी लेख्ने |
| | वित्तीय व्यवस्था | माथिजस्तै वित्तीय व्यवस्थाको यथार्थ खर्च लेख्ने | माथिजस्तै वित्तीय व्यवस्थाको अनुमानित खर्च लेख्ने | माथिजस्तै वित्तीय व्यवस्थाको विनियोजित रकम लेख्ने | माथिजस्तै वित्तीय व्यवस्थाको प्रक्षेपित रकम लेख्ने | माथिजस्तै वित्तीय व्यवस्थाको प्रक्षेपित रकम लेख्ने | माथिजस्तै तीन बर्षको वित्तीय व्यवस्थाको रकम जोडी लेख्ने |
| | कुल | कोलमको जोडेर जम्मा लेख्ने | कोलमको जोडेर जम्मा लेख्ने | कोलमको जोडेर जम्मा लेख्ने | कोलमको जोडेर जम्मा लेख्ने | कोलमको जोडेर जम्मा लेख्ने | कोलमको जोडेर जम्मा लेख्ने |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | यस तालिकामा रहेका सबै महलहरु उपशीर्षकगत रुपमा माथिको नमूना अनुसार भर्ने। | | | | | |
| २.२ | राजस्व बांडफाटबाट प्राप्त रकम | | | | | | |
| | क. नेपाल सरकार | | | | | | |
| | ख. प्रदेश सरकार | | | | | | |
| २.३ | रोयल्टी बांडफाट | | | | | | |
| | क. वन रोयल्टी | | | | | | |
| | ख. खानी रोयल्टी | | | | | | |
| | ग. विद्युत रोयल्टी | | | | | | |
| | घ. पर्वतारोहण रोयल्टी | | | | | | |
| | ङ. पानी तथा अन्य रोयल्टी | | | | | | |

क्रमशः नमूना तालिका- १२ समष्टिगत मध्यमकालीन...

क्रमशः नमूना तालिका- १२ समष्टिगत मध्यमकालीन...

| क्र.सं. | विवरण | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०./.. को अनुमान | २०./.. को प्रक्षेपण | २०./.. को प्रक्षेपण | तीन वर्षको कुल |
| २.४ | नेपाल सरकारको वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख. सशर्त अनुदान | यस तालिकामा रहेका सबै महलहरु उपशीर्षकगत रुपमा माथिको नमूना अनुसार भर्ने। | | | | | |
| | ग. समपूरक अनुदान | | | | | | |
| | घ. विशेष अनुदान | | | | | | |
| २.५ | प्रदेश सरकारको वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख. सशर्त अनुदान | | | | | | |
| | ग. समपूरक अनुदान | | | | | | |
| | घ. विशेष अनुदान | | | | | | |
| २.६ | आन्तरिक ऋण | | | | | | |
| २.७ | अन्य अनुदान | | | | | | |
| २.८ | जनसहभागिता | | | | | | |
| २.९ | अन्तर स्थानीय तह साझेदारी | | | | | | |
| २.१० | मौज्दात रकम# | | | | | | |
| | कुल | हरेक महलको जोड रकम लेख्ने। | | | | | |
| | बचत (–) न्यून () | कुल आयबाट कुल खर्च घटाउंदा हुन आउने रकम लेख्ने। | | | | | |

#चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षाको आधारमा खर्च नभई बचत हुने रकमको अनुमान गर्ने।

## उदाहरण - १२ बुकीपाटन नगरपालिकाको समष्टिगत मध्यमकालीन बजेट खाका

(रकम रु.लाखमा)

| क्र.सं. | विवरण | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०../.. को अनुमान | २०../.. को प्रक्षेपण | २०../.. को प्रक्षेपण | तीन वर्षको कुल |
| १ | खर्च अनुमान | | | | | | |
| | चालु खर्च | ३९३० | ४६६० | ५८५० | ५५९० | ५३२० | १६७७० |
| | पुंजीगत खर्च | ५९०० | ७२९० | १०८७० | ११८७० | १३६७० | ३६४१० |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | कुल | ९८४० | ११९५० | १६७२० | १७४६० | १८९९० | ५३१७० |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ६०५० | ६४५० | ८४८० | ९४२० | १०९०० | २८८०० |
| २.२ | राजस्व बांडफाटबाट प्राप्त रकम | | | | | | |
| | क. नेपाल सरकार | ६५० | ७६० | १०९० | ११३० | ११९० | ३४१० |
| | ख. प्रदेश सरकार | ३१० | ३५० | ४४० | ४६० | ४८० | १३८० |
| २.३ | रोयल्टी बांडफाट | | | | | | |
| | क. वन रोयल्टी | ५ | ५ | १० | १० | १५ | ३५ |
| | ख. खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | ग. विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | घ. पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| २.४ | नेपाल सरकारको वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | १०९० | १७५५ | २७८० | ३०१० | ३२५० | ९०४० |
| | ख. सशर्त अनुदान | ९०० | १६८० | २८५० | २२८० | २२८० | ७४१० |
| | ग. समपूरक अनुदान | ० | ० | ० | ० | ० | ० |
| | घ. विशेष अनुदान | २६० | २७० | २८० | २८० | ० | ५६० |
| २.५ | प्रदेश सरकारको वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | १९० | २१० | २४० | २६० | २७० | ७७० |
| | ख. सशर्त अनुदान | २०५ | २२० | २५० | २६० | २६० | ७७० |
| | ग. समपूरक अनुदान | २०० | २५० | ३०० | ३५० | ३४५ | ९९५ |
| | घ. विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |

क्रमशः उदाहरण - १२ बुकीपाटन नगरपालिकाको ...

क्रमशः उदाहरण - १२ बुकीपाटन नगरपालिकाको ...

(रकम रु.लाखमा)

| क्र.सं. | विवरण | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०../.. को अनुमान | २०../.. को प्रक्षेपण | २०../.. को प्रक्षेपण | तीन वर्षको कुल |
| २.६ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| २.७ | अन्य अनुदान | ० | ० | ० | ० | ० | ० |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० |
| २.९ | अन्तर स्थानीय तह साझेदारी | ० | ० | ० | ० | ० | ० |
| २.१० | मौज्दात रकम | ० | ० | ० | ० | ० | ० |
| | कुल | ९८४० | ११९५० | १६७२० | १७४६० | १८९९० | ५३१७० |
| | बचत (–) न्यून () | | | | | | |

## ४.१२ दिग्दर्शनको अनुसूची १२
## कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

दिग्दर्शनको अनुसूची -१२ मा बिभिन्न आधारमा कार्यक्रम तथा आयोजनाहरुलाई साङ्केतीकरण गर्ने विधि उल्लेख गरिएको छ। यसमा कार्यक्रम तथा आयोजनाहरुलाई रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक, जलवायु परिवर्तन, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको आधारमा बजेट अनुमान तथा प्रक्षेपण गर्नुपर्ने ब्यबस्था छ। रणनीतिक स्तम्भ आवधिक विकास योजनाले निर्धारण गरे बमोजिम उल्लेख गर्नु पर्दछ। आबधिक विकास योजना नबनेको अवस्थामा दिग्दर्शनमा उल्लेख भएका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासलाई नै रणनीतिक स्तम्भ मानी तीन वर्षको बजेट प्रक्षेपण गर्न सकिन्छ। यस सम्वन्धी नमूना तालिका र उदाहरण तल प्रस्तुत गरिएको छ।

**नमूना तालिका - १३ खण्ड क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि**

| सि.नं. | रणनीतिक स्तम्भ | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| रणनीतिक सङ्केत नम्बर १ | रणनीतिक स्तम्भको नाम लेख्ने जस्तैः आर्थिक वृद्धी | आर्थिक वृद्धी रणनीतिक स्तम्भसंग सम्बन्धित सबै आयोजना तथा कार्यक्रममा गत वर्ष भएको खर्च जोडी लेख्ने | सबै रणनीतिक स्तम्भहरुमा भएको जम्मा खर्च मध्ये यो रणनीतिक स्तम्भमा भएको खर्चको प्रतिशत निकाली लेख्ने | यो रणनीतिक स्तम्भ अन्तर्गत चालु वर्षको आषाढ मसान्त सम्म हुने खर्चको अनुमान निकाली लेख्ने | सबै रणनीतिक स्तम्भहरुमा भएको जम्मा खर्च अनुमान मध्ये यो रणनीतिक स्तम्भमा हुने खर्चको प्रतिशत लेख्ने | यो रणनीति स्तम्भ अन्तर्गत आगामी आर्थिक वर्षमा संचालन गरिने कार्यक्रम तथा आयोजनाहरुको लागि विनियोजित रकम लेख्ने | सबै रणनीतिक स्तम्भहरुमा छुट्याईएको जम्मा विनियोजनमध्ये यो रणनीतिक स्तम्भमा विनियोजित रकमको प्रतिशत लेख्ने | यो रणनीतिक स्तम्भ अन्तर्गत दोश्रो वर्ष संचालन गरिने संभाव्य कार्यक्रम तथा आयाजनाहरुको लागि प्रक्षेपित विनियोजनको रकम लेख्ने | सबै रणनीतिक स्तम्भहरुमा छुट्याईएको जम्मा प्रक्षेपित रकममा यो रणनीतिक स्तम्भमा प्रक्षेपित रकमको प्रतिशत लेख्ने | यो रणनीतिक स्तम्भ अन्तर्गत तेस्रो वर्ष संचालन गरिने संभाव्य कार्यक्रम तथा आयोजनाहरुका लागि प्रक्षेपित विनियोजनको रकम लेख्ने | सबै रणनीतिक स्तम्भहरुमा छुट्याईएको जम्मा प्रक्षेपित रकममा यो रणनीतिक स्तम्भमा प्रक्षेपित रकमको प्रतिशत लेख्ने |
| २ | रणनीतिक स्तम्भको नाम | उपरोक्त बमोजिम सबै रणनीतिक स्तम्भहरुको बिवरण भर्ने । | | | | | | | | | |
| ३ | रणनीतिक स्तम्भको नाम | | | | | | | | | | |
| ४ | रणनीतिक स्तम्भको नाम | | | | | | | | | | |
| | जम्मा | महलको जोड लेख्ने | महलको जोड लेख्ने, जम्मा योग १०० हुनु पर्ने | महलको जोड लेख्ने | महलको जोड लेख्ने, जम्मा योग १०० हुनु पर्ने | महलको जोड लेख्ने | महलको जोड लेख्ने, जम्मा योग १०० हुनु पर्ने | महलको जोड लेख्ने | महलको जोड लेख्ने, जम्मा योग १०० हुनु पर्ने | महलको जोड लेख्ने | महलको जोड लेख्ने, जम्मा योग १०० हुनु पर्ने |

यस तालिकामा उल्लेख गरिएको रकमले कुल विनियोजन तथा खर्चसंग तादात्म्यता राखेको हुनुपर्छ । रणनीतिक स्तम्भ बाहेक अन्य क्षेत्रमा पनि केहि खर्च भएको अवस्थामा कुल विनियोजनसंग केही मेल नखान पनि सक्छ ।

### उदाहरण - १३ बुकीपाटन नगरपालिकाको रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रकम रु. लाखमा)

| सि.नं. | रणनीतिक स्तम्भ | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक वृद्धी | ६४० | ६.५ | ८३० | ६.९ | १४२० | ८.९ | १७१० | ९.८ | १८८० | ९.९ |
| २ | शिक्षा तथा स्वास्थ्य | ८८० | ८.९ | १२२० | १०.२ | २३२० | १३.९ | २३८० | १३.६ | २८०० | १४.७ |
| ३ | सडक तथा वस्ति विकास | १७६० | १७.९ | २०९० | १७.५ | २९८० | १७.८ | ३४८० | १९.९ | ३८०० | २०.० |
| ४ | उत्पादन तथा उत्पादकत्व वृद्धी | ५०० | ५.९ | ६१० | ५.१ | ९८० | ५.९ | ११३० | ६.५ | १२३० | ६.५ |
| ५ | सामाजिक सूरक्षा | ११८० | १२.० | १२१० | १०.१ | १६७० | १०.० | १७१० | ९.८ | १७७० | ९.३ |
| ६ | न्यायपूर्ण समाज | ६७० | ६.८ | ७०० | ५.९ | ७०० | ४.२ | ७३० | ४.२ | ७६० | ४.० |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ८५० | ८.६ | ९३० | ७.८ | ९८० | ५.९ | ५४० | ३.१ | ५८० | ३.१ |
| ८ | सुशासन | ३३६० | ३४.२ | ४३६० | ३६.५ | ५६७० | ३३.९ | ५६७० | ३३.९ | ६१७० | ३२.४ |
| | जम्मा | ९८४० | १०० | ११९५० | १०० | १६७२० | १०० | १७४६० | १०० | १८९९० | १०० |

बुकीपाटन नगरपालिकाको आगामी वर्षको लागि अनुमान गरिएको बजेट रु. १ अर्ब ६७ करोड २० लाख रहेको छ। आगामी वर्ष संचालन गरिने सम्पूर्ण कार्यक्रम, निर्माण गरिने आयोजना र अन्य शीर्षकका बिनियोजनलाई आठवटा रणनीतिक स्तम्भ अन्तर्गत वर्गिकरण गरी प्रस्तुत गरिएको छ। चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षमा शिक्षा तथा स्वास्थ्यको बजेट झण्डै दोब्बर बनाइएको छ। स्वास्थ्य पूर्वाधार निर्माण, विद्यालय भवन निर्माण र शिक्षक कोटा थपको लागि विशेष प्राथमिकतामा राखी रकम बिनियोजन गरिएको हो। कुल बजेटमा पुंजिगत खर्चको अंश बढाउँदै लाने र चालु खर्चको अंश घटाउँदै लाने उद्देश्य अनुसार चालु आर्थिक वर्षमा कुल बजेटको ३६.५ प्रतिशत रहेको चालु खर्चलाई आगामी आर्थिक वर्षमा ३३.९ प्रतिशतमा ल्याउने गरी बजेट बिनियोजन गरिएको छ भने त्यस पछिका वर्षहरुमा यस्तो अंश क्रमशः ३३.१ प्रतिशत र ३२.४ प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ।

## नमूना तालिका - १४ खण्ड ख . प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि

दिग्दर्शनको अनुसूची ५ मा कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकता निर्धारण गर्ने विधि बारेमा ब्याख्या गरिनुका साथै अङ्क निर्धारण तालिका पनि दिइएको छ। सो बमोजिम प्राथमिकताक्रम निर्धारण गर्दा पहिलो प्राथमिकता (P–1) मा परेका जम्मा कार्यक्रम तथा आयोजना र दोस्रो प्राथमिकता (P–2) मा परेका जम्मा कार्यक्रम तथा आयोजनाको सङ्ख्या सहित गत वर्षको यथार्थ, चालु आर्थिक वर्षको संशोधित अनुमान, आगामी वर्षको अनुमान तथा त्यसपछिका दुईवर्षको प्रक्षेपण तलको तालिका अनुसार भर्नु पर्दछ। यस अनुसार तालिका भर्ने विधिको नमूना र बुकीपाटन नगरपालिकाको उदाहरण तल प्रस्तुत गरिएको छ।

| प्राथमिकता क्रम | आयोजना सङ्ख्या | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आयोजनाको प्राथमिकता क्रम लेख्ने जस्तैः पहिलो (P1) | P1 आयोजना तथा कार्यक्रम को सङ्ख्या लेख्ने | P1 का आयोजना तथा कार्यक्रममा गत वर्ष भएको यथार्थ खर्च जोडी लेख्ने | जम्मा खर्च मध्ये P1 का आयोजना तथा कार्यक्रममा गत वर्ष भएको खर्चको प्रतिशत निकाली लेख्ने | P1 का आयोजना तथा कार्यक्रममा चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्च जोडी लेख्ने | जम्मा खर्च मध्ये P1 का आयोजना तथा कार्यक्रममा चालु वर्ष हुने खर्च अनुमानको प्रतिशत लेख्ने | P1 का आयोजना तथा कार्यक्रममा आगामी वर्ष विनियोजित रकम लेख्ने | P1 का आयोजना तथा कार्यक्रममा आगामी वर्षको लागि बिनियोजित रकमको प्रतिशत निकाली लेख्ने | P1 का आयोजना तथा कार्यक्रममा दोश्रो वर्षकालागि प्रक्षेपित रकमको योग लेख्ने | दोश्रो वर्ष प्रक्षेपित जम्मा रकम मध्ये P1 का आयोजना तथा कार्यक्रमका लागि प्रक्षेपित रकमको प्रतिशत निकाली लेख्ने | P1 का आयोजना तथा कार्यक्रममा तेस्रो वर्षका लागि प्रक्षेपित रकमको योग लेख्ने | तेस्रो वर्ष प्रक्षेपित जम्मा रकम मध्ये P1 का आयोजना तथा कार्यक्रमका लागि प्रक्षेपित रकमको प्रतिशत निकाली लेख्ने |
| दोस्रो (P2) | P2 आयोजना तथा कार्यक्रम को सङ्ख्या लेख्ने | P2 का आयोजना तथा कार्यक्रममा गत वर्ष भएको यथार्थ खर्च जोडी लेख्ने | जम्मा खर्च मध्ये P2 का आयोजना तथा कार्यक्रममा गत वर्ष भएको खर्चको प्रतिशत निकाली लेख्ने | P2 का आयोजना तथा कार्यक्रममा चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्च जोडी लेख्ने | जम्मा खर्च मध्ये P2 का आयोजना तथा कार्यक्रममा चालु वर्ष हुने खर्च अनुमानको प्रतिशत लेख्ने | P2 का आयोजना तथा कार्यक्रममा आगामी वर्ष विनियोजित रकम लेख्ने | P2 का आयोजना तथा कार्यक्रममा आगामी वर्षको लागि बिनियोजित रकमको प्रतिशत निकाली लेख्ने | P2 का आयोजना तथा कार्यक्रममा दोश्रो वर्षकालागि प्रक्षेपित रकमको योग लेख्ने | दोश्रो वर्ष प्रक्षेपित जम्मा रकम मध्ये P2 का आयोजना तथा कार्यक्रमका लागि प्रक्षेपित रकमको प्रतिशत निकाली लेख्ने | P2 का आयोजना तथा कार्यक्रममा तेस्रो वर्षका लागि प्रक्षेपित रकमको योग लेख्ने | तेस्रो वर्ष प्रक्षेपित जम्मा रकम मध्ये P2 आयोजनाका लागि प्रक्षेपित रकमको प्रतिशत निकाली लेख्ने |
| कुल जम्मा | | | | | | | | | | | |

**उदाहरण - १४ बुकीपाटन नगरपालिकाको प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रकम रु. लाखमा)

| प्राथमिकता क्रम | आयोजना सङ्ख्या | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | ६० | ९०९० | ९२.४ | १०८६० | ९०.९ | १४७४० | ८८.२ | १५६१० | ८९.४ | १७२२० | ९०.७ |
| दोस्रो (P2) | १५ | ७५० | ७.६ | १०९० | ९.१ | १९८० | ११.८ | १८५० | १०.६ | १७७० | ९.३ |
| जम्मा | ७५ | ९८४० | १०० | ११९५० | १०० | १६७२० | १०० | १७४६० | १०० | १८९९० | १०० |

**नमूना तालिका - १५ खण्ड ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि**

यस तालिकामा दिगो विकास लक्ष्य अनुसार कार्यान्वयन भएका, कार्यान्वयन भइरहेका वा आगामी वर्ष कार्यान्वयन गर्न प्रक्षेपित कार्यक्रम तथा आयोजनाको कुल रकम उल्लेख गर्नुपर्दछ। एक लक्ष्य अन्तर्गत एकभन्दा बढी कार्यक्रम अथवा आयोजना हुने हुंदा दिगो विकास लक्ष्य बजेट कोडिङ्ग दिग्दर्शन अनुसार कुन क्रियाकलाप कुन लक्ष्य अन्तर्गत पर्दछ भनी यकिन गर्नु पर्दछ। यस तालिकाले दिगो विकास लक्ष्यहरुमध्ये कुन लक्ष्यमा कति रकम विनियोजन गरिएको छ भन्ने तुलनात्मक स्थितको चित्र प्रस्तुत गर्दछ। यसका आधारमा स्थानीय तहले उच्च प्राथमिकतामा राख्नुपर्ने गरिबी निवारण, भोकमरी नियन्त्रण, गुणस्तरिय शिक्षा र स्वास्थ्य जस्ता लक्ष्य प्राप्तिमा हालसम्म भएको प्रगति र त्यसमा रहेको अन्तर (Gap) को विश्लेषण गरी तदनुरुप यस्तो अन्तर बढी देखिएका पहिलो प्राथमिकताका दिगो विकासका लक्ष्यहरुसंग सम्बन्धित कार्यक्रममा बढी रकम विनियोजन गर्नु पर्दछ। पूर्वाधार निर्माणसंग सम्वन्धित आयोजना तथा कार्यक्रमहरुमा बजेट केन्द्रित गर्दा सामाजिक क्षेत्रको विकास पछि पर्न सक्दछ। तसर्थ सन्तुलित विकासको अवधारणा लागु गर्न समेत यस तालिकाका बिवरणहरु सहयोगी हुन सक्दछन्।

क्रमशः नमूना तालिका - १५ खण्ड ग. दिगो विकास...

क्रमशः नमूना तालिका - १५ खण्ड ग. दिगो विकास...

| दिविल सङ्केत नम्बर | दिगो विकासका लक्ष्य | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | दिगो विकास लक्ष्यको क्रमानुसार लक्ष्य लेख्ने । जस्तैः गरिबीको अन्त्य | गरिबीको अन्त्यसंग सम्बन्धित लक्ष्य परिपूर्ति गर्न संचालन भएका सबै कार्यक्रम/ आयोजनाहरुको लागि गत वर्ष खर्च भएको रकम जोडेर लेख्ने | जम्मा खर्च मध्ये यो लक्ष्यमा भएको खर्चको प्रतिशत लेख्ने | गरिबीको अन्त्यको लक्ष्य अन्तर्गत चालु वर्षको आषाढ मसान्तसम्म हुने खर्चको अनुमान लेख्ने | जम्मा अनुमानित खर्च मध्ये यो लक्ष्यमा यस आ.व.को आषाढ मसान्तसम्म हुने खर्चको प्रतिशत लेख्ने | सम्बन्धित लक्ष्य अन्तर्गत आगामी आर्थिक वर्षमा संचालन गरिने कार्यक्रम तथा आयोजनाहरुको लागि विनियोजित रकम लेख्ने | जम्मा विनियोजन मध्ये यो लक्ष्यमा भएको विनियोजनको प्रतिशत लेख्ने | सम्बन्धित लक्ष्य अन्तर्गत दोश्रो वर्ष संचालन गरिने संभाव्य कार्यक्रम तथा आयोजनाहरुका लागि प्रक्षेपित विनियोजनको रकम लेख्ने | जम्मा प्रक्षेपित रकममा यो लक्ष्यमा प्रक्षेपित दोश्रो वर्षको रकमको प्रतिशत लेख्ने | सम्बन्धित लक्ष्य अन्तर्गत तेस्रो वर्ष संचालन गरिने संभाव्य कार्यक्रम तथा आयोजनाहरुका लागि प्रक्षेपित विनियोजनको रकम लेख्ने | जम्मा प्रक्षेपित रकममा यो लक्ष्यमा प्रक्षेपित तेस्रो वर्षको रकमको प्रतिशत लेख्ने |
| २<br>३<br>४ | शून्य भोकमरी<br>स्वस्थ जीवन<br>गुणस्तरीय शिक्षा | उपरोक्त अनुसार दिगो विकासका लक्ष्यहरुमध्ये नेपालको सन्दर्भमा सान्दर्भिक नहुने १४ नं. को लक्ष्य बाहेक सबै लक्ष्यहरुको बिवरण भर्ने । | | | | | | | | | |
| जम्मा | | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा | यो महलको जम्मा |
| साङ्केतीकरण नगरिएका | | साङ्केतीकरण नगरिएका आयोजना तथा कार्यक्रम | संकेतीकरण नगरिएका कार्यक्रमको यथार्थ खर्च | कुल खर्चमा साङ्केतीकरण नभएका आयोजामाको खर्च प्रतिशत | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार | साङ्केतीकरण नभएकाका लागि माथि उल्लेख भए अनुसार |
| कुल जम्मा | | जम्मा अङ्क | १०० | जम्मा अङ्क | १०० | जम्मा अङ्क | १०० | जम्मा अङ्क | १०० | जम्मा अङ्क | १०० |

## उदाहरण - १५ बुकीपाटन नगरपालिकाको दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रकम रु. लाखमा)

| सङ्केत नम्बर | दिगो विकासका लक्ष्य | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | १६१० | १६.४ | १६९० | १४.१ | २३३० | १३.९ | २४१० | १३.८ | २५४० | १३.४ |
| २ | शून्य भोकमरी | ५२० | ५.३ | ६३० | ५.३ | ८९० | ५.३ | १०६० | ६.१ | ११५० | ६.१ |
| ३ | स्वस्थ जीवन | ५१० | ५.२ | ७३० | ६.१ | १४०० | ८.४ | ११२० | ६.४ | ११९० | ६.३ |
| ४ | गुणस्तरीय शिक्षा | ५८० | ५.९ | ५९० | ४.९ | ८१० | ४.८ | ९४० | ५.४ | १०१० | ५.३ |
| ५ | लैङ्गिक समानता | २० | ०.२ | ५० | ०.४ | ६० | ०.४ | ६० | ०.३ | ७० | ०.४ |
| ६ | स्वच्छ पानी तथा सरसफाई | २२० | २.२ | ३३० | २.८ | ४८० | २.९ | ६५० | ३.७ | ७०० | ३.७ |
| ७ | आधुनिक उर्जामा पहुँच | ५९० | ६.० | ६७० | ५.६ | ११०० | ६.६ | ११८० | ६.८ | १३३० | ७.० |
| ८ | समावेशी आर्थिक वृद्धी तथा मर्यादित काम | ११० | १.१ | २५० | २.१ | ३१० | १.९ | ३२० | १.८ | ३४० | १.८ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | १३६० | १३.८ | १८६० | १५.६ | २९०० | १७.३ | ३५०० | २०.० | ३७४० | १९.७ |
| १० | असमानता न्यूनिकरण | ३ | ०.० | १५ | ०.१ | ३० | ०.२ | २० | ०.१ | २० | ०.१ |
| ११ | दिगो सहर र वस्ती | १०८० | ११.० | १२७० | १०.६ | १८३० | १०.९ | १२०० | ६.९ | १२२० | ६.४ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ४० | ०.४ | १६० | १.३ | ३४० | २.० | ३५० | २.० | ३७० | १.९ |
| १३ | जलवायु परिवर्तन | ३० | ०.३ | ४० | ०.३ | ८० | ०.५ | ५० | ०.३ | ६० | ०.३ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.० | ० | ०.० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १५ | भू-सतह स्रोतको उपयोग | १५० | १.५ | १४० | १.२ | १८० | १.१ | १९० | १.१ | २१० | १.१ |
| १६ | शान्ति, न्याय र सबल संस्था | १८४७ | १८.८ | २१०० | १७.६ | २१५० | १२.९ | २२३० | १२.८ | २३३० | १२.३ |
| १७ | दिगो विकासका लागि साझेदारी | ६० | ०.६ | ११० | ०.९ | १४० | ०.८ | १५० | ०.९ | १४० | ०.७ |
| साङ्केतीकरण गरिएको जम्मा रकम | | ८७३० | ८८.७ | १०६३५ | ८९.० | १५०३० | ८९.९ | १५४३० | ८८.४ | १६४२० | ८६.५ |
| साङ्केतीकरण नगरिएको जम्मा रकम | | १११० | ११.३ | १३१५ | ११.० | १६९० | १०.१ | २०३० | ११.६ | २५७० | १३.५ |
| कुल जम्मा | | ९८४० | १००.० | ११९५० | १००.० | १६७२० | १००.० | १७४६० | १००.० | १८९९० | १००.० |

बुकीपाटन नगरपालिकाका कार्यक्रमहरुमध्ये दिगो विकासका लक्ष्य अनुसार साङ्केतीकरण अर्थात वर्गिकरण गर्न सकिने कार्यक्रमहरुलाई सम्बन्धित लक्ष्य शीर्षकमा वर्गिकरण गरी तालिकामा प्रस्तुत गरिएको छ। साङ्केतीकरण नगरिएका कार्यक्रमहरुमा बिनियोजन गरिएको बजेट समेत जोड्दा कुल बजेटको अङ्कसंग मेल खानु पर्दछ। बुकीपाटन नगरपालिकामा गत आर्थिक वर्षमा दिगो विकास लक्ष्य नम्बर १ - गरिबीको अन्त्य गर्ने सम्बन्धी कार्यक्रममा कुल साङ्केतीकरण गरिएको बजेटको १६.४ प्रतिशत खर्च भएको देखिन्छ भने सबभन्दा बढी लक्ष्य नम्बर १६ - शान्ति, न्याय र सबल संस्थासंग सम्बन्धित कार्यक्रममा (१८.८) प्रतिशत खर्च भएको देखिन्छ। सो आर्थिक वर्षमा लैङ्गिक समानता, असमानता न्यूनिकरण, जलवायु परिवर्तन र दिगो उपभोग तथा उत्पादन सम्बन्धी कार्यक्रममा न्यून रकम खर्च भएको देखिन्छ। आगामी तीन वर्षको बजेटमा भने यी शीर्षकहरुमा क्रमशः बजेट बढाउँदै लगिएको छ।

**नमूना तालिका - १६ खण्ड घ. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि**

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | लैङ्गिक सङ्केत लेख्ने जस्तैः निर्दिष्ट | प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि गत वर्ष भएको यथार्थ खर्चको जम्मा लेख्ने | गत वर्षको जम्मा खर्चमा प्रत्यक्ष लाभका आयोजना तथा कार्यक्रमको खर्चको प्रतिशत लेख्ने | प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्को अनुमानित खर्च लेख्ने | जम्मा खर्चमा प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्चको प्रतिशत लेख्ने | प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि आगामी वर्षको जम्मा विनियोजित रकम लेख्ने | आगामी वर्षको जम्मा विनियोजनमा प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि विनियोजित रकमको प्रतिशत लेख्ने | प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनामा आगामी दोश्रो वर्ष को लागि प्रक्षेपित रकम लेख्ने | दोश्रो वर्षको जम्मा प्रक्षेपित रकममा प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि प्रक्षेपित रकमको प्रतिशत लेख्ने | प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनामा आगामी तेस्रो वर्षको लागि प्रक्षेपित रकम लेख्ने | तेस्रो वर्षको जम्मा प्रक्षेपित रकममा प्रत्यक्ष लाभका कार्यक्रम तथा आयोजनाका लागि प्रक्षेपित रकमको प्रतिशत लेख्ने |
| ०२ | सहयोगी | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | अप्रत्यक्षको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| ०३ | तटस्थ | तटस्थकोलागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| जम्मा | | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा |

लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण गर्दा बजेटमा समावेश गरिएका कार्यक्रम लैङ्गिक उत्तरदायी भए-नभएको वा यसले लैङ्गिक समानताको मूलभूत लक्ष्यमा योगदान गरे-नगरेको आधारमा वर्गिकरण गर्नु पर्दछ। अर्को शव्दमा, लैङ्गिक समानतामा योगदान पुर्‍याउने आधारमा कार्यक्रमको मूल्यांङ्कन गर्नु पर्दछ। लैङ्गिक समानताका सूचकहरुको आधारमा मूल्यांङ्कन गरी त्यसलाई प्रत्यक्ष योगदान दिने निर्दिष्ट, अप्रत्यक्ष योगदान दिने सहयोगी र तटस्थ रहने आयोजनाहरुको बजेट  छुट्टा-छुट्टै राख्नुपर्छ।

### उदाहरण - १६ बुकीपाटन नगरपालिकाको लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रकम रु. लाखमा)

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | २७९० | २८.४ | २५०० | २०.९ | ४०८० | २४.४ | ३९६० | २२.७ | ४२२० | २२.२ |
| ०२ | सहयोगी | ३९७० | ४०.४ | ४६५० | ३८.९ | ६८२० | ४०.८ | ७६४० | ४३.८ | ८०७० | ४२.५ |
| ०३ | तटस्थ | ३०८० | ३१.३ | ४८०० | ४०.२ | ५८२० | ३४.८ | ५८६० | ३३.५ | ६७०० | ३५.३ |
| | जम्मा | ९८४० | १००.० | ११९५० | १००.० | १६७२० | १००.० | १७४६० | १००.० | १८९९० | १००.० |

बुकीपाटन नगरपालिकाको उदाहरणमा लैंङ्गिक सङ्केतको आधारमा हेर्दा निर्दिष्ट र सहयोगी गरी दुईतिहाई कार्यक्रमहरुले लैंङ्गिक समानता कायम गर्ने काममा योगदान गर्ने देखिन्छ। लैंङ्गिक साङ्केतीकरण गरिएका कार्यक्रममा विनियोजित रकम र तटस्थ प्रकारका कार्यक्रमहरुमा बिनियोजन गरिएको रकमको जोड नै कुल बजेटको अङ्क हुन आउंदछ।

## नमूना तालिका - १७ खण्ड ङ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि

| सङ्केत नम्बर | जलवायु सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | जलवायु सङ्केत लेख्ने जस्तैः अत्यन्त सान्दर्भिक | अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि गत वर्ष भएको यथार्थ खर्चको जम्मा लेख्ने | गत वर्षको जम्मा खर्चमा अत्यन्त सान्दर्भिक आयोजना तथा कार्यक्रमको खर्चको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्च लेख्ने | जम्मा खर्चमा अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्चको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि आगामी वर्षको जम्मा विनियोजित रकम लेख्ने | आगामी वर्षको जम्मा विनियोजनमा अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि विनियोजित रकमको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनामा आगामी दोश्रो वर्षको लागि प्रक्षेपित रकम लेख्ने | आगामी दोश्रो वर्षको जम्मा प्रक्षेपण मध्ये अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनामा प्रक्षेपित रकमको प्रतिशत लेख्ने | अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनामा आगामी तेस्रो वर्षको लागि प्रक्षेपित रकम लेख्ने | आगामी तेस्रो वर्षको जम्मा प्रक्षेपण मध्ये अत्यन्त सान्दर्भिक कार्यक्रम तथा आयोजनामा प्रक्षेपित रकमको प्रतिशत लेख्ने |
| ०२ | सान्दर्भिक | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | सान्दर्भिक कार्यक्रम तथा आयोजनाका लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| ०३ | तटस्थ | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजना को लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने | तटस्थ कार्यक्रम तथा आयोजनाको लागि पनि माथि उल्लेख भए अनुसार गर्ने |
| जम्मा | | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा | महलको जम्मा |

**उदाहरण - १७ बुकीपाटन नगरपालिकाको जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रकम रु. लाखमा)

| सङ्केत नम्बर | जलवायु परिवर्तन सङ्केत | गत वर्षको यथार्थ | | चालु वर्षको संशोधित अनुमान | | आगामी वर्षको अनुमान | | दोस्रो वर्षको प्रक्षेपण | | तेस्रो वर्षको प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ४३० | ४.४ | ५८० | ४.९ | १०७० | ६.४ | १२७० | ७.३ | १४२० | ७.५ |
| २ | अप्रत्यक्ष लाभ | १७५० | १७.८ | २१६० | १८.१ | ३४५० | २०.६ | ३७८० | २१.६ | ४२७० | २२.४ |
| ३ | तटस्थ | ७६६० | ७७.८ | ९२१० | ७७.० | १२२०० | ७३.० | १२४१० | ७१.१ | १३३०० | ७०.० |
| | जम्मा | ९८४० | १००.० | ११९५० | १००.० | १६७२० | १००.० | १७४६० | १००.० | १८९९० | १००.० |

जलवायु सङ्केत अनुसार वर्गिकरण गर्दा बुकीपाटन नगरपालिकाको कार्यक्रममध्ये तीन-चौथाई कार्यक्रम तटस्थ रहेको देखिन्छ। जलवायुमैत्री कार्यक्रमहरु बढाउँदै लाने लक्ष्य अनुरुप आगामी तीनै आर्थिक वर्षमा प्रत्यक्ष र अप्रत्यक्ष लाभ हुने कार्यक्रम सङ्ख्यामा क्रमिक वृद्धी हुने प्रक्षेपण गरिएको छ।

### नमूना तालिका - १८ खण्ड च. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि

| उपक्षेत्र | आयोजना/कार्यक्रम | गत वर्षको यथार्थ | चालु वर्षको संशोधित अनुमान | आगामी वर्षको अनुमान | आगामी दोश्रो वर्षको प्रक्षेपण | तेस्रो वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| उपक्षेत्रको नाम लेख्ने जस्तैः कृषि | आयोजनाको नाम लेख्ने जस्तैः उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजना | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजनाका लागि गत वर्ष भएको यथार्थ खर्च लेख्ने | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजनाका लागि चालु वर्षको आषाढ मसान्तसम्मको अनुमानित खर्च लेख्ने | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजनामा आगामी आ.व. मा विनियोजित रकम लेख्ने | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजनामा दोश्रो वर्षको प्रक्षेपण लेख्ने | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजनामा तेस्रो वर्षको प्रक्षेपण लेख्ने |
| उपक्षेत्रको नाम | आयोजनाको नाम | सबै आयोजनाहरुको उपरोक्त बमोजिमको बिवरण भर्ने । | | | | |
| उपक्षेत्रको नाम | आयोजनाको नाम | | | | | |
| उपक्षेत्रको नाम | आयोजनाको नाम | | | | | |

गाउँ/नगरपालिकाले स्थानीय गौरवका आयोजना भनी तोकेकोमा सोही बमोजिमको बिवरण यस तालिकामा प्रस्तुत गर्नु पर्दछ । त्यस्तो आयोजना नतोकिएको अवस्थामा प्रमुख आयोजनाहरुलाई गाउँ/नगरपालिकाले निर्णय गरेर समावेश गर्न सक्दछन् । यस अवस्थामा शीर्षक पनि तदनुरुप परिवर्तन गर्नु पर्दछ ।

### उदाहरण - १८ बुकीपाटन नगरपालिकाको स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रकम रु. लाखमा)

| उपक्षेत्र | आयोजना/कार्यक्रम | गत वर्षको यथार्थ | चालु वर्षको संशोधित अनुमान | आगामी वर्षको अनुमान | आगामी दोश्रो वर्षको प्रक्षेपण | तेस्रो वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| कृषि | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजना | ० | ५०० | ६०० | ७०० | २०० |
| उद्योग, वाणिज्य तथा व्यवशाय | औद्योगिक ग्राम निर्माण आयोजना | ५० | १०० | २०० | ३५० | ३५० |
| पर्यटन तथा संस्कृति | पर्यटन प्रवर्द्धन आयोजना | ४० | ४० | ३० | २० | १० |
| पर्यटन तथा संस्कृति | होमस्टे प्रवर्द्धन कार्यक्रम | १०० | १५० | ५० | २५ | १५ |
| स्वास्थ्य तथा पोषण | अस्पताल पूर्वाधार सुधार आयोजना | ५० | ७० | ११० | १०० | ५० |
| शिक्षा, भाषा, कला तथा साहित्य | प्राविधिक शिक्षालय निर्माण आयोजना | ३०० | ५०० | ५०० | ० | ० |
| सडक, पुल तथा यातायात | नगरपालिका सडक सुधार आयोजना | १००० | १२०० | १५०० | १५०० | १००० |
| वन, भू-संरक्षण तथा जैविक विविधता | वन, जैविक विविधता तथा जलाधार संरक्षण आयोजना | ५० | ५५ | ८० | १०० | ७५ |
| सङ्गठन तथा क्षमता विकास | स्थानीय शासन सुधार कार्यक्रम | ४० | ५० | ५० | ४० | २५ |

यस तालिकामा बुकीपाटन नगरपालिकालाई आर्थिक तथा सामाजिकरुपमा रुपान्तरण गर्ने योजना वा गाउँ/नगरपालिकाले गौरवको रुपमा लिएका आयोजनाहरुको बजेट अनुमान तथा प्रक्षेपण प्रस्तुत गरिएको छ । यस उदाहरणमा आठवटा उपक्षेत्रहरुका जम्मा ९ वटा आयोजनाहरु स्थानीय गौरवका आयोजनाका रुपमा देखाइएको छ ।

## नमूना तालिका - १९ खण्ड छ. विषय क्षेत्र/उपक्षेत्रगतरूपमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण भर्ने विधि

| विषय क्षेत्र | विषयगत उपक्षेत्र | ................ को व्यय अनुमान | | | | ................ को खर्च प्रक्षेपण | | | | ................ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था |
| आर्थिक विकास क्षेत्र | आर्थिक विकास क्षेत्रका सबै उपक्षेत्र उल्लेख गर्ने | सम्बन्धित उपक्षेत्रमा आगामी वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको चालु, पुँजिगत र वित्तीय व्यवस्थाको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको चालु खर्चको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको पुजिगत खर्चको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको वित्तीय व्यवस्थाको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी दोस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको चालु, पुँजिगत र वित्तीय व्यवस्थको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी दोस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको चालु खर्चको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी दोस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको पुँजिगत खर्चको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी दोस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको वित्तीय व्यवस्थाको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी तेस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको चालु, पुँजिगत र वित्तीय व्यवस्थाको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी तेस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको चालु खर्चको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी तेस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको पुँजिगत खर्चको बजेट जोडी जम्मा लेख्ने | सम्बन्धित उपक्षेत्रमा आगामी तेस्रो वर्ष संचालन हुने कार्यक्रम तथा आयोजनाको वित्तीय व्यवस्थाको बजेट जोडी जम्मा लेख्ने |
| सामाजिक | बांकी क्षेत्र-उपक्षेत्रहरुको बिवरण माथि उल्लेख गरे अनुसार भर्ने । | | | | | | | | | | | | |
| कुल | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने | जम्मा अङ्क लेख्ने |

## उदाहरण - १९ बुकीपाटन नगरपालिकाको विषय क्षेत्रगतरूपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रकम रु. लाखमा)

| विषय क्षेत्र | विषयगत उपक्षेत्र | दिगो विकास लक्ष्य सङ्केत | आगामी वर्षको व्यय अनुमान | | | | आगामी दोस्रो वर्षको खर्च प्रक्षेपण | | | | आगामि तेस्रो वर्षको खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजिगत | वित्तीय व्यवस्था |
| १. आर्थिक विकास | | | २४०० | ३६० | २०४० | ० | २८८० | ४३० | २४५० | ० | ३४५० | ५२० | २९३० | ० |
| (क) | कृषि | २ | ८०० | १२० | ६८० | ० | ९८० | १५० | ८३० | ० | ११६० | १८० | ९८० | ० |
| (ख) | सिंचाइ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (ग) | पशुपंछी | २ | ६०० | ९० | ५१० | ० | ७४० | ११० | ६३० | ० | ८४० | १२० | ७२० | ० |
| (घ) | उद्योग, वाणिज्य तथा व्यवसाय | ९ | ६०० | १०० | ५०० | ० | ६९० | १०० | ४७० | ० | ५८० | १३० | ७४० | ० |
| (ङ) | पर्यटन तथा संस्कृति | ८ | ४०० | ५० | ३४० | ० | ४७० | ७० | ५८० | ० | ८७० | ९० | ४९० | ० |
| (च) | भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (छ) | श्रम तथा रोजगारी | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (ज) | गरिबी निवारण | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २. सामाजिक विकास | | | ३९९० | १२०० | २७९० | ० | ४३९० | १३२० | ३०७० | ० | ४७९० | १४४० | ३३५० | ० |
| (क) | स्वास्थ्य तथा पोषण | ३ | ९४० | २९० | ६५० | ० | १०६० | ३२० | ७४० | ० | ११४० | ३५० | ७९० | ० |
| (ख) | शिक्षा, भाषा, कला तथा साहित्य | ४ | १४५० | ४३० | १०२० | ० | १५९० | ४७० | ११२० | ० | १७१० | ५१० | १२०० | ० |
| (ग) | खानेपानी तथा सरसफाइ | ६ | १६०० | ४८० | ११२० | ० | १७४० | ५३० | १२७० | ० | १९४० | ५८० | १३४० | ० |
| (घ) | महिला, बालबालिका तथा सामजिक समावेशीकरण | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (ङ) | युवा, खेलकूद तथा नवप्रवर्तन | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (च) | सामजिक सुरक्षा तथा पञ्जीकरण | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. पूर्वाधार क्षेत्र | | | २९८० | ४५० | २५३० | ० | ३४३० | ५१० | २९२० | ० | ४१२० | ६१० | ३५१० | ० |
| (क) | भवन, आवास तथा वस्ती विकास | ११ | १०५० | १६० | ८८० | ० | १२०० | १८० | १०३० | ० | १४४० | २२० | १२३० | ० |
| (ख) | सडक, पुल तथा यातायात | ९ | १९३० | २९० | १६५० | ० | २२३० | ३३० | १८९० | ० | २६८० | ३९० | २२८० | ० |
| (ग) | जलस्रोत, जलविद्युत तथा स्वच्छ उर्जा | ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (घ) | सूचना तथा सञ्चार प्रविधि | १७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

क्रमशः उदाहरण - १९ बुकीपाटन नगरपालिकाका .....

क्रमशः उदाहरण - १९ बुकीपाटन नगरपालिकाका .....

(रकम रु. लाखमा)

| विषय क्षेत्र | विषयगत उपक्षेत्र | दिगो विकास लक्ष्य सङ्केत | आगामी वर्षको व्यय अनुमान | | | | आगामी दोस्रो वर्षको खर्च प्रक्षेपण | | | | आगामि तेस्रो वर्षको खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुंजिगत | वितीय व्यवस्था | कुल | चालु | पुंजिगत | वितीय व्यवस्था | कुल | चालु | पुंजिगत | वितीय व्यवस्था |
| ४. वन तथा वाता-वरण | | १६८० | ६७० | १०१० | ० | १७६० | ७०५ | १०५५ | ० | १८४० | ५५० | १२९० | ० | |
| (क) | वन, भू-संरक्षण तथा जैविक विविधता | १५ | ११८० | ४७० | ७१० | ० | १२३० | ५०० | ७१० | ० | १२९० | ३५० | ८०० | ० |
| (ख) | वातावरण संरक्षण | ११ | ३०० | १२० | १८० | ० | ३२० | १२५ | १९५ | ० | ३३० | १२० | २१० | ० |
| | फोहरमैला व्यवस्थापन | १२ | २०० | ८० | १२० | ० | २१० | ८० | १३० | ० | २२० | ८० | १४० | ० |
| (ग) | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५. सुशासन तथा संस्थागत विकास | | | ५६७० | ३१७० | २५०० | ० | ५००० | २६२५ | २३७५ | ० | ४७९० | २२०० | २५९० | ० |
| (क) | नीति, कानून, न्याय तथा सुशासन | १६ | ४५३० | २४५० | २००० | ० | ४००० | २१०० | १९०० | ० | ३८०० | १७५० | २०५० | ० |
| (ख) | सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | १६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (ख) | राजस्व तथा स्रोत परिचालन | १६ | ११४० | ७२० | ५०० | ० | १००० | ५२५ | ४७५ | ० | ७९० | ४५० | ५४० | ० |
| (घ) | तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन | १६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | कुल | १६७२० | ५८५० | १०८७० | | १७४६० | ५५९० | ११८७० | | १८९९० | ५३२० | १३६७० | | |

यस उदाहरणमा बिषय क्षेत्र र उपक्षेत्रगत रुपमा बजेटको सीमा निर्धारण प्रस्तुत गरिएको छ। बजेट विनियोजन र प्रक्षेपणको आधारमा हेर्दा नगरपालिकाले कतिपय महत्वपूर्ण उपक्षेत्रहरुमा बजेट विनियोजन गरेको देखिंदैन। खासगरी सामाजिक क्षेत्र अन्तर्गतका उपक्षेत्रहरुमा कम बजेट विनियोजन गरिएको छ भने लैङ्गिक समानता र सामाजिक समावेशीकरण हासिल गर्ने कार्यमा कुनै रकमनै विनियोजन गरिएको छैन। गाउँ/नगरपालिकाहरुले बजेट विनियोजन गर्दा बढी महत्व दिनुपर्ने उपक्षेत्रमा बढी बजेट छुट्टयाउन र सकेसम्म उपक्षेत्रगत सन्तुलन मिलाउनमा उचित ध्यान दिनु पर्दछ।

### ४.१३ दिग्दर्शनको अनुसूची १३

## स्थानीय तहको मध्यमकालीन खर्च संरचना दस्तावेजको विषयवस्तु तथा ढाँचा

दिग्दर्शनको अनुसूची -१३ मा स्थानीय तहको मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने विषयवस्तु समेतको ढाँचा दिइएको छ। यसमा समग्र दस्तावेजको विषयवस्तुलाई (१) परिचय, (२) मध्यमकालीन खर्च संरचना, (३) आर्थिक क्षेत्र, (४) सामाजिक क्षेत्र, (५) पूर्वाधार क्षेत्र, (६) वन तथा वातावरण क्षेत्र, र (७) संस्थागत विकास तथा सुशासन क्षेत्र गरी ७ परिच्छेदमा विभाजन गरिएको छ। यसमा परिचय र पृष्ठभूमि सम्वन्धी ब्याख्या लेखी यसै स्रोत पुस्तिकामा उल्लेख गरिएका सम्पूर्ण तालिका अनुसारका बिवरण भरेपछि गाउँ/नगरपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार हुन्छ।

**अनुसूची - १**

# प्रमुख शव्दावलीहरूको ब्याख्या

## आयोजना

तोकिएको बजेट र समय सिमा भित्र तोकिएबमोजिमको उद्देश्य प्राप्त गर्न निर्दिष्ट गरिएको अन्तरसम्बन्धित र समन्वयात्मक कार्यक्रमहरुको समुह । जस्तैः सिक्टा सिंचाई आयोजना, माथिल्लो तामाकोशी जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना, विद्यालय शिक्षा सुधार आयोजना, आदि ।

## परियोजना

परियोजना र आयोजनामा खासै फरक छैन । दुवैलाई अङ्ग्रेजीमा Project नै भनिन्छ । जस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना । आयोजना र परियोजनालाई एक अर्काको पर्यायको रुपमा प्रयोग गरेको देखिन्छ ।

## कार्यक्रम

कार्यक्रमः कुनै योजना अन्तर्गतका विभिन्न विषयक्षेत्रसंग सम्बन्धित आयोजना, कार्यपद्धति र सेवाहरुको एकिकृत समुह ।

## योजना

योजनाः विकास प्रक्रियालाई मार्गदर्शन गर्ने सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यक्रम, आयोजना र क्रियाकलापहरुको समष्टिगत स्वरुप ।

## आयोजनाहरूको प्राथमिकीकरण

नागरिक र देश वा स्थान विशेषको आवश्यकताको आधारमा उपलब्ध स्रोत र साधनले कार्यान्वयन गर्न सकिने गरी धेरै आयोजनाहरुमध्ये सीमित आयोजनाको छनौट गर्ने प्रक्रिया नै आयोजनाको प्राथमिकीकरण हो । स्थानीय तहको योजना प्राथमिकीकरणको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ उपदफा ३ र मध्यमकालीन खर्च संरचना दिग्दर्शनमा पनि आयोजना तथा कार्यक्रमको प्राथमिकताका आधार उल्लेख गरिएका छन् । आयोजनाहरको प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग हुने, आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका, अपांगता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, र धेरै बढी भन्दा बढी र धेरै जनता लाभान्वित हुने आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्दछ ।

## विषय क्षेत्र/उपक्षेत्र

विषय क्षेत्र भन्नाले आर्थिक, सामाजिक, वातावरण जस्ता विकासका महत्वपूर्ण क्षेत्रहरु हुन् भने उपक्षेत्र भन्नाले त्यस अन्तर्गतका बिषयक्षेत्र बुझ्नु पर्दछ । जस्तै, आर्थिक क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग वाणिज्य, सहकारी, बैंक तथा वित्तीय संस्था, राजस्व जस्ता आर्थिक विकासमा प्रत्यक्ष योगदान दिने उपक्षेत्र पर्छन् भने समाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, मानव विकास जस्ता सामाजिक विकास, मानव विकास, सामाजिक सुरक्षा तथा सशक्तिकरण, अधिकार संरक्षण जस्ता उपक्षेत्र पर्दछन् । स्थानीय तहको हकमा आर्थिक, सामाजिक, पूर्वाधार, बन, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी ५ वटा क्षेत्र र सो अन्तर्गत २५ विभिन्न उपक्षेत्रहरु राखिएका छन् ।

## रणनीतिक स्तम्भ

रणनीतिक स्तम्भ भन्नाले आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न योगदान दिने अग्रणी क्षेत्र भन्ने वुझिन्छ । जस्तै कृषि, उद्योग, पर्यटन, आदि । गाउँ/नगरपालिकाले आफ्नो अनुकूलता अनुरुप रणनीतिक स्तम्भ निर्धारण गर्न सक्दछ ।

## बजेट सीमा

बजेट सीमा भनेको उपलब्ध हुनसक्ने बजेटको अधिकतम अङ्क हो । आगामी वर्षको बजेट सीमा भन्नाले आगामी वर्षको लागि विनियोजन गर्न सकिने बजेटको अङ्क हो भने त्रिवर्षीय सीमा भनेको आगामी तीन वर्षका लागि हरेक वर्ष विनियोजन गर्न सकिने बजेटको सीमा हो । स्थानीय तहमा बजेटको सीमा क्षेत्रगत, उपक्षेत्रगत र वडागत रुपमा पठाउनुपर्ने हुन्छ ।

## स्रोत आँकलन

स्रोत आँकलन भन्नाले स्थानीय तहको हकमा आन्तरिक राजस्व, राजस्व बाँडफाँट, प्रदेश र सङ्घ सरकार बाट प्राप्त हुने अनुदान, ऋण आदि गरी जम्मा स्रोत कति हुन्छ भनी अनुमान गर्ने विधि हो । स्रोत आँकलनको आधारमा मात्र खर्चको बिनियोजन वा अनुमान गरिन्छ ।

## सूचक/परिसूचक

कुनै पनि विषय वा क्षेत्रको अवस्थालाई परिमाणात्मक रुपमा प्रस्तुत गर्न सूचक/परिसूचकहरुको प्रयोग गरिन्छ। जस्तैः मुलुकको आयस्तर कस्तो छ भन्ने मापण गर्न कुल गार्हस्थ्य उत्पादन, शिक्षाको स्तर मापन गर्न साक्षारता दर, पर्यटन क्षेत्रको अवस्था मापन गर्न पर्यटक आगमन जस्ता सूचक/परिसूचकहरुको प्रयोग गरिन्छ। वार्षिक प्रगति तुलना गर्न र विभिन्न मुलुक, प्रदेश, गाउँ/नगरपालिका आदिको अवस्था तुलना गर्न यस्ता सूचक/परिसूचकहरुलाई नै मुख्य आधारको रुपमा लिइन्छ।

## अनुमान

प्रतिनिधिमूलक प्रमुख परिसूचकहरुको यथार्थ तथ्याङ्कको आधारमा आकलन गरिने कुल परिमाणलाई अनुमान भनिन्छ। उदाहरणको लागि आर्थिक वर्षको पहिलो नौ महिना अर्थात चैत महिनासम्मको तथ्याङ्कको आधारमा सो वर्षको आर्थिक वृद्धी अनुमान गरिन्छ। गत वर्ष र चालु आर्थिक वर्षको संशोधित अनुमानको आधारमा आगामी वर्षको लागि विनियोजन गरिने बजेट अङ्कलाई पनि अनुमान भनिन्छ।

## प्रक्षेपण

विगत वर्षहरुको प्रवृत्ति र पछि कार्यान्वयन गरिने कार्यक्रम वा देखा पर्न सक्ने संभावित अवस्थाको आँकलन गरी सो को आधारमा पछि यस्तो अवस्था हुने छ भन्ने यकिन गर्ने विधिलाई प्रक्षेपण भनिन्छ। सामान्यतयाः आगामी आर्थिक वर्षको लागि लक्ष्य तोकिन्छ भने त्यस पछिको वर्षहरुको अवस्थाको लागि प्रक्षेपण उल्लेख गरिन्छ।

## नतिजा सूचक

कुनै पनि कार्यक्रम, आयोजना वा क्रियाकलापबाट केही नतिजा प्राप्त हुने हुंदा सोको मापनको आधारको रुपमा नतिजा सूचक प्रयोग गरिन्छ। यस्तो नतिजा प्रतिफल, असर र प्रभाव तीन तहमा हेर्ने गरिन्छ।

## अङ्क भार

अङ्क भार भन्नाले आयोजनाहरुको प्राथमिकीकरणका लागि विभिन्न मापदण्ड अनुसार प्रदान गरिने अङ्कको अंश भन्ने बुझिन्छ। तोकिएका मापदण्ड वा आधार अनुसार प्रदान गरिएको अङ्क जोड्दा जुन आयोजनाले बढी अङ्क पाउंछ, सोही आयोजनालाई नै उच्च प्राथमिकतामा राखिन्छ। आयोजनाहरुलाई यसै आधारमा पि-वान र पि-टु जस्ता वर्गमा वर्गिकरण गरिन्छ।

## आयोजना बैंक

गाउँ/नगरपालिकाको समग्र विकासको लागि संभाव्यता र आवश्यकताका आधारमा छनौट भएका आयोजनाहरुको भण्डारलाई आयोजना बैंक भनिन्छ। गाउँ/नगरपालिकाले आफ्नो आवधिक विकास योजना, बिषयक्षेत्रगत रणनीतिक योजना तथा गुरु योजनामा समावेश भएका र बस्तिस्तरबाट छनौट भई वडास्तरबाट प्राथमिकीकरण गरिएका आयोजनाहरुलाई संभाव्यता अध्ययन समेतको आधारमा आयोजना

प्रस्ताब तयार गरी त्यस्ता आयोजनाहरुको बैंक खडा गर्नु पर्छ । वार्षिक कार्यक्रम तथा बजेट र त्यससंगै मध्यमकालीन खर्च संरचना तयार गर्दा प्राथमिकता हेरी तिनै आयोजनाहरुमध्येबाट समावेश गर्नुपर्दछ ।

## खण्डिकृत तथ्यांक

सूचना वा तथ्याङ्कलाई मिहिन विश्लेषणबाट वास्तविक स्थिति पत्ता लगाई आयोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न महिला तथा पुरुषको भिन्ना-भिन्नै तथ्याङ्क तयार गर्दा विकासको स्थिति वा असरमा रहेको महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बीचको भिन्नता उजागर हुन सक्दछ । यिनै तथ्याङ्कको आधारमा विकास योजना वा कार्यक्रमहरु लैङ्गिक उत्तरदायी वा सामाजिक समावेशीकरणको हिसाबले पुनःतर्जुमा गर्न सकिन्छ । यस अनुरुप महिला समूहभित्र पनि कुन-कुन महिला वा पुरुष समूहभित्र पनि कुन-कुन पुरुष वा अन्य सामाजिक सांस्कृतिक समुहहरुको बन्चितीकरणको अवस्था के छ, सो पहिचान गरी महिला लगायत समाजमा पछाडी परेका वर्ग, समुदाय, क्षेत्र, लिङ्गका मानिसहरुलाई मूलधारमा ल्याउन सकिन्छ ।

**अनुसूची - २**

# दिगो विकास लक्ष्य प्राप्तिको लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरू र नतिजा मापनका परिमाणात्मक सूचक

(राष्ट्रिय योजना आयोगद्वारा २०७८ मा प्रकाशित गरिएको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन" को अनुसूची १ बाट साभार गरिएको ।)

## पृष्ठभूमि

दिगो विकासका प्रत्येक लक्ष्य स्थानीय तहमा केका लागि अर्थपूर्ण हुन्छ, नेपालमा यसको नीतिगत सन्दर्भ तथा आफ्नो क्षेत्रमा प्रगति वा प्रत्येक लक्ष्य प्राप्तिका लागि स्थानीय तहले निर्वाह गर्न सक्ने भूमिका वा गर्न सक्ने कार्यबारे छोटकरीमा प्रस्तुत गर्नु यस अनुसूचीको उद्देश्य हो । यस अनुसूचीमा प्रत्येक लक्ष्य प्राप्तिका लागि उल्लेख गरिएका कार्यहरू स्थानीय तहले आफ्नो संवैधानिक वा कानूनी दायराभित्र रहेर गर्नैपर्ने समग्र कामहरूका अलावा गर्नुपर्ने अन्य कार्यहरू र सोसँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरण स्वरूप देहायअनुसार प्रस्तुत गरिएका छन्ः

### लक्ष्य १: सबै ठाउाबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

राष्ट्रिय आर्थिक प्रगति तथा सामाजिक सुरक्षाको प्रवर्द्धन गरेर स्थानीय तहले गरिबी निवारण गर्न सङ्घीय तथा प्रादेशिक सरकारको प्रयासमा सहयोगी भूमिका निर्वाह गर्न सक्दछ। दिगो विकासको लक्ष्य - १ प्राप्तिमा योगदान गर्न स्थानीय तहले गर्नसक्ने विशेष कार्यहरू र स्थानीय तह सम्बन्धी परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन्:

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सन् २०३० सम्ममा गरिबी न्यूनीकरण वा निवारण गर्न आ-आफ्नो स्थानीय तहको लागि लक्ष्य तथा उद्देश्य तोक्ने ।<br>२. सामाजिक सुरक्षासम्बन्धी सूचना सङ्कलन गर्ने, बेरोजगार तथा गरिब घरधुरीको सर्वेक्षण गर्न सहयोग पुऱ्याउने ।<br>३. शिक्षा, स्वास्थ्य, कृषि प्रसार सेवा, खानेपानी तथा सरसफाइ लगायतका गरिबी निवारण सम्बन्धी सार्वजनिक सेवाहरूमा समावेशी पहुँच सुनिश्चित गर्ने ।<br>४.रोजगारीका अवसरहरू तथा बजारहरूमा पहुँच सुनिश्चित गर्न शहरी तथा ग्रामीण विकास प्रवर्द्धन गर्ने ।<br>५.साना तथा मझौला उद्योग (SME) र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने, सीप विकास तालिममार्फत आयआर्जनका गतिविधि सहजीकरण गर्ने, उद्यमशीलताको विकास, स्वावलम्बी समूह गठन गर्ने र लघुवित्त लगायतका वित्तीय सेवाहरूमा तिनको पहुँच पुऱ्याउने ।<br>६. वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि आर्थिक तथा सामाजिक संयोजन (Integration) कार्यक्रम सञ्चालन गर्ने । | ▪ लिङ्ग र उमेरअनुसार राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात<br>▪ राष्ट्रिय गरिबीको रेखामुनि रहको सबै उमेरका महिलाहरू (प्रतिशत)<br>▪ बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत)<br>▪ राष्ट्रिय गरिबीको रेखामुनि रहका बालबालिका (५ वर्षमुनिका, प्रतिशत)<br>▪ कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत)<br>▪ ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवार (कुल परिवारको प्रतिशत)<br>▪ औपचारिक वित्तीय सेवामा समेटिएका परिवार (कुल परिवारको प्रतिशत)<br>▪ महिलाहरूको नाममा रहेको सम्पत्ति/ठोस देखिने धनसम्पत्ति (कूल सम्पत्तिको प्रतिशत)<br>▪ विपद्का घटनाहरूबाट मृत्यु (सङ्ख्या)<br>▪ हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा)<br>▪ आवश्यक सेवाहरू (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा स्थानीय तहले गरेको कुल सरकारी खर्चको अनुपात<br>▪ लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने स्थानीय तहको बजेटको अनुपात |

### लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने ।

कृषि प्रसार तथा ग्रामीण विकासका साथै जनस्वास्थ्यका क्षेत्रमा समेत स्थानीय तहलाई महत्वपूर्ण अधिकार रहेको छ । त्यसैले खाद्य सुरक्षा हासिल गर्ने, पोषण सुधार गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकास लक्ष्य - २ प्राप्तिमा योगदान गर्न स्थानीय तहले प्रमुख रूपमा गर्न सक्ने कार्यहरू तथा सोसँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय तहमा कृषि तथा पशुपालन सम्बन्धी नीति, ऐन तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>२. कृषि तथा पशुपालनको बजार विकास, कृषि सडकको विकास र साना सिँचाइ आयोजनाको निर्माण तथा सुधार गर्ने ।<br>३. कृषि जमिन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन गर्ने ।<br>४. कृषि प्रसार कार्यक्रम (उच्च मूल्यका कृषि उत्पादन सम्बन्धी प्रविधि तथा वस्तुको वितरण तथा बजारीकरण) सञ्चालन गर्ने ।<br>५. पशुपालन विकास कार्यक्रम (पशु नश्ल सुधार तथा व्यवस्थापन, पशु बिमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा, पशुस्वास्थ्य सेवाको व्यवस्थापन) सञ्चालन गर्ने ।<br>६. पशु हाटबजार, पशु बधशाला तथा चिस्यान घरको नियमन तथा व्यवस्थापन गर्ने ।<br>७. स्थानीय तहमा खाद्य असुरक्षा तथा कुपोषण पहिचान गर्न यससम्बन्धी सूचना तथा तथ्याङ्क प्रणालीको उपयोग गर्ने ।<br>८. सम्भव भएसम्म विद्यालय तथा स्वास्थ्य चौकीमार्फत पोषण कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने । | ▪ प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.)<br>▪ पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना (Stunting) (प्रतिशत)<br>▪ पाँच वर्षमुनिका कम तौल हुने बालबालिका (प्रतिशत)<br>▪ प्रजनन् उमेरसमूहका महिलाहरूमा रक्त अल्पताको स्थिति (Prevalence) (प्रतिशत)<br>▪ ५ वर्षमुनिका बालबालिकामा रहेको रक्त अल्पताको स्थिति (प्रतिशत)<br>▪ विद्यमान कृषि भूमि (हजार हेक्टरमा)<br>▪ कृषिमा सरकारी खर्च (कूल बजेटको प्रतिशत)<br>▪ खाद्य सञ्चय डिपोहरूको सङ्ख्या |

## लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।

स्वस्थ्य रूपमा बाँच्ने वातावरण र प्रतिरोधात्मक तथा उपचारात्मक जनस्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय तहको भूमिका महत्वपूर्ण छ । सबैका लागि स्वस्थ जीवन जीउने वातावरण सुनिश्चित गर्न फोहरमैला व्यवस्थापन, स्वच्छ खानेपानी र सरसफाइ आवश्यक पर्दछ। वायु प्रदूषण कम गर्न, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न, सडक यातायात दुर्घटना रोक्न स्थानीय तहले शहरी यातायात योजना, सडक सुरक्षालगायतका दुर्घटना न्यूनीकरणको व्यवस्थासहित यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सक्दछ । सबैलाई आधारभूत स्वास्थ्य सेवामा पहुँचले (निजी स्वास्थ्य सेवाको नियमन समेतबाट) जनस्वास्थ्यको अवस्थामा सुधार भई नवजात शिशु, बालबालिका तथा मातृ मृत्युमा कम हुन पुग्दछ। जनस्वास्थ्यको क्षेत्रमा स्थानीय तहलाई महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व रहेको छ । यसैले स्वस्थ तथा समृद्ध जीवन प्रवर्द्धन गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ। दिगो विकास लक्ष्य - ३ प्राप्तिमा योगदान गर्न स्थानीय तहले खास रूपमा गर्न सक्ने कार्यहरू र स्थानीय तहसँग सम्बन्धित सूचकको उदाहरण देहायअनुसार रहेका छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा लागू गर्ने ।<br>२. स्थानीय तहको सार्वजनिक सुविधाहरू (स्वास्थ्य चौकी तथा स्थानीय तहका अस्पतालहरू) को स्थापना निर्माण तथा व्यवस्थापन गर्ने, आकस्मिक स्वास्थ्य सेवा र त्यसका यातायातका सुविधाहरू उपलब्ध गराउने, आवश्यकता अनुसार बिरामीहरूलाई प्रादेशिक स्वास्थ्य सुविधा भएका ठाउँहरूमा सिफारिस गर्ने ।<br>३. औषधि तथा स्वास्थ्य सामग्रीहरू स्थानीय तहमा खरिद, भण्डारण तथा वितरण गर्ने ।<br>४. निरोधात्मक स्वास्थ्य सेवा अभियान सञ्चालन गर्ने र स्थानीय तहका अन्य विस्तृत स्वास्थ्यसम्बन्धी कार्यहरू तथा चुरोट रक्सी एवम् लागू पदार्थ विरुद्ध जनचेतना प्रवर्द्धन गर्ने । | ▪ दक्ष प्रसुतिकर्मीहरूको सहयोगमा भएको जन्मको अनुपात<br>▪ पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)<br>▪ नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)<br>▪ कुष्ठरोगका विरामीहरू (Cases)<br>▪ कालाजार (Leishmaniasis) का विरामी (cases)<br>▪ हात्तीपाइले (Lymphatic Filariasis) का विरामी (सङ्ख्या हजारमा)<br>▪ डेङ्गुका विरामी (Cases)<br>▪ सक्रिय ट्रकोमाका विरामी (Cases)<br>▪ कार्डियोभास्कुलर रोग, क्यान्सर, मधुमेह वा स्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोगहरूका कारण हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा)<br>▪ आत्महत्याबाट हुने मृत्युदर (हरेक १ लाख जनसङ्ख्यामा)<br>▪ सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (हरेक १ लाख जनसङ्ख्यामा) |

क्रमशः .....

क्रमशः .....

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| ५. निजी स्वास्थ्य सुविधाहरूको सञ्चालन सम्बन्धमा (साधारण अस्पतालहरू, नर्सिङ होम, डाइग्नोसिस सेन्टर तथा अन्य स्थानीय स्वास्थ्य संस्थाहरू) दर्ता, नियमन तथा अनुगमन गर्ने ।<br>६. परम्परागत स्वास्थ्य उपचार सेवाहरू जस्तै आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथी तथा प्राकृतिक उपचार सुविधाहरू उपलब्ध गराउने र रेखदेख गर्ने । | ▪ परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (%)<br>▪ अत्यावश्यक स्वास्थ्य सेवाहरूमा पहुँचः<br>क) प्रोटोकल अनुसार चार पटक पूर्वप्रसुति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा)<br>ख) अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने प्रतिशत<br>ग) प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक प्रसुति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत<br>घ) हेपाटाइटिस बी भ्याक्सिनको तीन वटा डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत<br>ङ) रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधी प्रयोग गरिरहेका १५ वर्ष र सोभन्दा बढी उमेर भएका जनसङ्ख्याको प्रतिशत<br>च) घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत<br>छ) स्वास्थ्य बिमामा आबद्ध भएका गरिबहरूको प्रतिशत<br>▪ राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका लक्षित जनसङ्ख्याको अनुपात, स्वास्थ्यकर्मीहरूको घनत्व र वितरण (हरेक १ हजार जनसङ्ख्यामा)<br>▪ स्वास्थ्य क्षेत्रको कुल खर्च (कुल बजेटको प्रतिशत) |

### लक्ष्य ४: समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले प्राथमिक तथा माध्यमिक शिक्षाका क्षेत्रमा स्थानीय तहलाई महत्वपूर्ण अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकासको लक्ष्य - ४ कार्यान्वयन गर्न स्थानीय तहले गर्न सक्ने कार्यहरू र स्थानीय तहसँग सम्बन्धित सूचकहरू देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक शिक्षाका साथै अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, लामो/निरन्तर सिकाइ (Continuous learning) तथा विशेष शिक्षाको नीति, कानून, मापदण्ड, योजना तथा नियमन तयार गर्ने तथा लागू गर्ने ।<br>२. राष्ट्रिय, प्रादेशिक लक्ष्य तथा स्थानीय अवस्था सुहाउँदो गरी शिक्षामा पहुँच तथा शैक्षिक प्रतिफल प्राप्ति सम्बन्धी उद्देश्य तथा लक्ष्य तय गर्ने ।<br>३. सार्वजनिक विद्यालयहरूको (आधारभूत तथा माध्यमिक) स्थापना, निर्माण तथा व्यवस्थापन गर्ने । यस अन्तर्गत शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन, शैक्षिक सामग्री तथा पाठ्यक्रमको खरिद तथा वितरण एवम् शैक्षिक पूर्वाधारहरूको निर्माण एवम् सम्भार कार्यहरू गर्ने ।<br>४. प्राविधिक शिक्षा व्यावसायिक तालिम तथा उच्च शिक्षाका सम्भावनाहरूमा स्थानीय पहुँच प्रवर्द्धन गर्ने ।<br>५. निजी विद्यालयहरू तथा शैक्षिक सुविधाहरू, शैक्षिक परामर्श सेवाका स्वीकृति तथा नियमन सम्बन्धमा दर्ता तथा नियमन एवम् अनुगमन गर्ने । | ▪ प्राथमिक तहमा खुद भर्नादर (प्रतिशत)<br>▪ प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत)<br>▪ कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरूको प्रतिशत<br>▪ कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात (Ratios of girls and boys)<br>▪ कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात (Ratio of girls and boys)<br>▪ कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत) (गणित, नेपाली, अङ्ग्रेजी)<br>▪ माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कुल भर्नादर (प्रतिशत)<br>▪ पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरी<br>▪ लिङ्गअनुसार पछिल्लो १२ महिनामा औपचारिक तथा अनौपचारिक शिक्षा र तालिममा युवा तथा वयस्कहरूको सहभागिता दर<br>▪ कूल विद्यार्थीहरूमा छात्रवृत्ति पाउने विद्यार्थीहरूको प्रतिशत<br>▪ लैङ्गिक समता सूचकाङ्क (प्राथमिक विद्यालय)<br>▪ लैङ्गिक समता सूचकाङ्क (माध्यमिक विद्यालय) |

क्रमशः .....

क्रमशः .....

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| ६. विद्यार्थीहरूको प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।<br>७. स्थानीय पुस्तकालय तथा अध्ययन कोठाहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने । | ■ साक्षरतामा आधारित लैङ्गिक समता सूचकाङ्क (१५ वर्षमाथिका)<br>■ १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)<br>■ १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर (प्रतिशत)<br>■ प्रति विद्यार्थी सावर्जनिक खर्च (आधारभूत र माध्यमिक शिक्षा, प्रति हजारमा)<br>■ विद्युतमा पहुँच भएका विद्यालयहरू (प्रतिशत)<br>■ इन्टरनेटमा पहुँच भएका विद्यालयहरू (प्रतिशत)<br>■ वास (WASH) सुविधाहरू भएका आधारभतू विद्यालयहरू (प्रतिशत)<br>■ अपाङ्गमैत्री विद्यालयहरू (प्रतिशत)<br>■ न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत)<br>■ न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) |

### लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउने।

संविधानले महिलाको हकलाई मौलिक हकमा राख्नुको साथै लैङ्गिक समानतालाई निर्देशक सिद्धान्तको रूपमा स्थापित गरेको छ। त्यसैले संघ, प्रदेश तथा स्थानीय तहका सबै सरकारहरूको यस सम्बन्धी जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ। जनताको नजिकको सरकार भएकोले लैङ्गिक समानताको प्रवर्द्धन तथा महिला एवम् किशोरी सशक्तीकरण गर्न स्थानीय तहको भूमिका अझ महत्वपूर्ण हुन्छ। दिगो विकास लक्ष्य - ५ अघि बढाउन स्थानीय तहले निम्न कार्य गर्न सक्दछन् र यस लक्ष्यसँग सम्बन्धित परिमाणात्मक सूचकहरू देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. महिला हकको संरक्षण तथा प्रगति सम्बन्धी नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने।<br>२. स्थानीय तहको नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सक्रियताका साथ प्रवर्द्धन गर्ने। स्थानीय तहमा लैङ्गिकमैत्री कार्य वातावरणको सिर्जना गर्ने।<br>३. लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने। सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।<br>४. स्थानीय तहमा उपलब्ध गराइने सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ इत्यादि सबै प्रकारका सेवाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने।<br>५. स्थानीय तहमा समावेशी सशक्तिकरण तथा महिलाको क्षमता विकास सुनिश्चित गर्ने।<br>६. लैङ्गिक हिंसा हटाउन निरोधात्मक, प्रवर्द्धनात्मक साथसाथै सुरक्षात्मक उपायहरू अपनाउने र सुधार गृहहरू (सुरक्षित घरहरू) उपलब्ध गराउने | ▪ जीवनकालमा शारीरिक तथा यौनहिंसा भएका (दर्ता गरिएका घटनाहरू, प्रतिशत)<br>▪ शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (दर्ता गरिएका घटनाहरू) प्रतिशत<br>▪ महिला, किशारी तथा बालिकाहरूको वेचविखन (सङ्ख्या)<br>▪ विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत)<br>▪ स्थानीय सरकारका विभिन्न सरंचना (Bodies) हरूमा महिलाले ओगटेको पदहरूको अनुपात (प्रतिशत)<br>▪ सार्वजनिक सेवाका नीति निर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरू मध्ये महिलाको प्रतिशत)<br>▪ व्यवसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषहरुको अनुपात (Ratio of women to men) (प्रतिशत)<br>▪ महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या<br>▪ महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर)<br>▪ मोबाइल टेलिफोन हुने व्यक्तिहरुको अनुपात (लिङ्ग अनुसार)<br>▪ १५ देखि २४ वर्ष उमरे समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत |

## लक्ष्य ६: सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्ने ।

खानेपानी तथा सरसफाइ आधारभूतरूपमा स्थानीय तहको जिम्मेवारीमा पर्दछ र खानेपानी तथा सरसफाइ सेवामा सबैको पहुँच सुनिश्चित गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ। दिगो विकास लक्ष्य - ६ अघि बढाउन स्थानीय तहले खास रूपमा निम्न कार्य गर्न सक्दछन् र यससँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सफा खानेपानी तथा सरसफाइको पहुँचसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमहरू लागू तथा कार्यान्वयन गर्ने । शुल्कमा आधारित खानेपानी तथा सरसफाइका सेवा शुल्क तथा नियमहरू निर्धारण गर्ने ।<br>२. स्थानीय सेवा प्रदायक कम्पनीहरूबाट उपयुक्तता अनुसार व्यावसायिक रूपमा पाइपद्वारा वा अन्य तवरले खानेपानीको प्रबन्ध गर्ने । त्यस्ता सेवा सम्बद्ध खानेपानी तथा सरसफाइसम्बन्धी विकासका कामहरू र दस्तुरमा आधारित स्थानीय खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन तथा मर्मत सम्भार गर्ने ।<br>३. ढल व्यवस्थापन तथा प्रशोधन केन्द्रको स्थापना तथा फोहर पानीको प्रशोधन व्यवस्थापन तथा पूर्वाधारको निर्माण एवम् व्यवस्थापन ।<br>४. भवन मापदण्डमा खानेपानी तथा ढल निकाससम्बन्धी प्रावधानसमेत समावेश गरी लागू गर्ने ।<br>५. अति गरिब घरधुरीलाई पाइपद्वरा वा गैरपाइपद्वारा खानेपानी तथा सरसफाइ सेवाहरूको लागि उचित अनुदानको व्यवस्था गर्ने ।<br>६. निजी खानेपानी वितरक तथा ढल निकास सञ्चालकहरूका सेवाहरूको नियमन तथा अनुगमन गर्ने ।<br>७. समुदायमा आधारित, गैरनाफामूलक तथा निजी एवम् घरधुरी तहका खानेपानी तथा सरसफाइसम्बन्धी प्रावधानहरूलाई सहयोग र नियमन गर्ने ।<br>८. सरसफाइसम्बन्धी चेतना अभियान तथा कार्यक्रमहरू (खुला दिसामुक्त गाउँ प्रवर्द्धन गर्ने । | ▪ पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत)<br>▪ आधारभूत खानेपानी सेवामा पहुँच (प्रतिशत)<br>▪ उन्नत/सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत)<br>▪ शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात/प्रतिशत)<br>▪ ढल प्रणालीहरू/उपयुक्त एफ.एस.एम (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प्रतिशत) |

**लक्ष्य ७: सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने ।**

सबैका लागि धान्न सकिने, विश्वसनीय, दिगो तथा आधुनिक ऊर्जा आपूर्तिको सुनिश्चित गर्न सङ्घीय तथा प्रादेशिक प्रयासमा स्थानीय तहले सहयोगी भूमिका खेल्न सक्दछ । यसो भए तापनि यस क्षेत्रमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकास लक्ष्य - ७ अघि बढाउन स्थानीय तहले गर्न सक्ने विशेष कार्यहरू र यससँग सम्बन्धित स्थानीय तहको परिमाणात्मक सूचक देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय तहको लघु जलविद्युत् योजना तथा वैकल्पिक ऊर्जा सम्बन्धमा नीति निर्माण कार्यान्वयन तथा नियमन ।<br>२. स्थानीय विद्युत् वितरण व्यवस्थापन, सेवाहरूको कार्यान्वयन तथा नियमन (जस्तै ३ मेगावाट भन्दा कम लघु जलविद्युत् आयोजनाहरू) । | ▪ विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात<br>▪ प्रतिव्यक्ति ऊर्जा (अन्तिम) उपभोग (गिगाजुल्स-Gigajoules)<br>▪ खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत)<br>▪ खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत)<br>▪ विद्युत् खपत उपभोग (प्रतिव्यक्ति किलोवाट घण्टा)<br>▪ जलविद्युतको जडित क्षमता (मेगावाट) |

## लक्ष्य ८: सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने ।

स्थानीय तहले सङ्घीय तथा प्रादेशिक तहमा सबैका लागि हुने समावेशी तथा दिगो आर्थिक समुन्नति रोजगारी तथा सम्मानित कामको प्रवर्द्धनमा सहयोगी भूमिका निभाउन सक्दछ। स्थानीय तहको यस क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकास लक्ष्य - ८ लाई अघि बढाउन स्थानीय तहले गर्नसक्ने विशेष काम र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सहकारीहरूको गठन, सञ्चालन तथा विघटन सम्बन्धी नीति, कानून तथा योजना निर्माण, कार्यान्वयन तथा नियमन ।<br>२. स्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन तथा नियमन एवम् स्थानीय आर्थिक अवस्थाको विश्लेषण गर्ने ।<br>३. व्यापार व्यवसाय तथा आवतजावतको पहुँच विस्तार हुने गरी स्थानीय सडक तथा पूर्वाधार हरूको योजना तर्जुमा तथा निर्माण गर्ने ।<br>४. स्थानीय बजारको निर्माण, सञ्चालन तथा नियमन गर्ने, आर्थिक गतिविधिलाई सहयोगका लागि सार्वजनिक निजी साझेदारीको पक्षमा काम गर्ने ।<br>५. स्थानीय तहमा पर्यटनको प्रवर्द्धन गर्ने ।<br>६. शिक्षा तथा सीप विकास एवम् जीविकोपार्जनको प्रवर्द्धन गर्ने । स्कूलदेखि श्रम बजारमा प्रवेशबीचको अन्तरिम अवस्थाको व्यवस्थापन गर्ने ।<br>७. श्रम बजारमा महिलाहरूको पहुँचलाई प्रवर्द्धन गर्ने । | ▪ वित्तीय सेवाहरूमा पहुँच (प्रतिशत)<br>▪ सहकारी सेवाहरूमा पहुँच (प्रतिशत)<br>▪ पेशा, उमेर र अपाङ्गताअनुसार महिला र पुरुष कर्मचारी/कामदारहरूको प्रतिघण्टा औसत आम्दानी<br>▪ पेशा, उमेर र अपाङ्गताअनुसार बेरोजगारी दर<br>▪ पर्यटक आगमन (सङ्ख्या हजारमा)<br>▪ पर्यटनबाट प्राप्त राजस्व (अमेरिकी डलर) (हजारमा)<br>▪ पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या<br>▪ प्रति हजार बयस्कहरूमा वाणिज्य बैङ्कहरूको शाखाहरूको सङ्ख्या |

### लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

स्थानीय सडक (ग्रामीण तथा कृषि सडकसमेत) का साथै बजार तथा स्थानीय विकासका योजनाहरू एवम् कार्यक्रमहरू निर्माण तथा मर्मतसम्बन्धी अधिकार तथा उत्तरदायित्व स्थानीय तहलाई सुम्पिएको छ। औद्योगिकीकरण सम्बन्धी महत्वपूर्ण अधिकार सङ्घीय तथा प्रादेशिक तहमा रहेको छ। यस सन्दर्भमा, स्थानीय तहले सङ्घीय तथा प्रादेशिक सरकारसँग संयुक्त रूपमा औद्योगिक ग्रामको स्थापना, उत्थानशील पूर्वाधारहरूको व्यवस्था, दिगो औद्योगिकीकरण तथा नवीन कार्यहरूको खोजी र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ। दिगो विकास लक्ष्य - ९ लाई अघि बढाउन स्थानीय तहले गर्नसक्ने विशेष कामहरू र उदाहरणको लागि यससँग सम्बन्धित परिमाणात्मक सूचक निम्नानुसार रहेका छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. भू-उपयोग योजनाअनुरूप जमिनको उपयोग, भवन निर्माण इजाजत पत्र तथा स्वीकृति, भूमि कर तथा स्थिर सम्पत्तिसम्बन्धी नीति कानून तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने ।<br>२. यातायातमा पहुँच वृद्धि तथा बजार, व्यापार प्रवर्द्धन गर्न स्थानीय सडक पूर्वाधारहरू (पुलहरू, कल्भर्ट, फुटपाथ, सडक बत्ती इत्यादि) को निर्माण तथा सम्भार गर्ने । यसका साथै खानेपानी, ढल, बिजुली तथा सूचना सञ्चार प्रविधि जसले उत्पादकत्व तथा जमिनको मूल्य वृद्धिमा सहयोग पुऱ्याउँदछ तिनका निर्माण तथा सम्भार गर्ने ।<br>३. स्थानीय तहका व्यापारिक संस्थाहरूलाई इजाजत पत्र दिने, दर्ता गर्ने, नवीकरण गर्ने, दर्ता खारेज गर्ने, अनुगमन तथा नियमन गर्ने । घरेलु उद्योग, पर्यटन तथा अन्य स्थानीय आर्थिक गतिविधिहरूको प्रवर्द्धन गर्ने ।<br>४. एक सय बाट क्षमतासम्मको एफएम रेडियोको लाइसेन्स वितरण गर्ने, नवीकरण गर्ने, नियमन गर्ने | ▪ सडक घनत्व (कि.मि./वर्ग कि.मि.)<br>▪ पक्की/कालापत्रे सडकको घनत्व (कि.मि./वर्ग कि.मि.)<br>▪ कुल रोजगारीमा ठूला/निर्माण उद्योगहरूको रोजगारीको अनुपात |

## लक्ष्य १०: मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने ।

संविधानले राजनीतिक, प्रशासनिक तथा वित्तीय अधिकारका बारेमा गरेको विकेन्द्रीकरण सम्बन्धी प्रावधानले स्थानीय तहलाई असमानता न्यूनीकरण गर्न प्रशस्त अवसर प्रदान गरेको छ । जसअनुसार असमानता न्यूनीकरण गर्न स्थानीय तह, सङ्घीय तथा प्रादेशिक तहका सरकारहरू सँगसँगै महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । दिगो विकासको लक्ष्य - १० लाई अघि बढाउन स्थानीय तहले गर्नसक्ने विशेष कार्यहरू र यससँग सम्बन्धित सूचकहरू उदाहरणको लागि निम्नानुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. महिला, केटाकेटी, गरिब तथा अन्य सुविधाबाट वञ्चित समूहमा विद्यमान असमानता हटाउने तथा सामाजिक सुरक्षाको प्रावधानको ऐन, नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तयार तथा कार्यान्वयन गर्ने ।<br>२. स्थानीय तहले सेवा लिने वा खरिद गर्ने लगायत सबै काममा समतामूलक तथा समावेशी तरिका अपनाउनेबारे सुनिश्चित गर्ने ।<br>३. सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइमा पहुँच, फोहोरमैला व्यवस्थापन, रोजगारीको कार्यक्रमहरू आदि जस्ता सार्वजनिक सेवाहरूमा समान पहुँचको सुनिश्चित गर्ने । | ▪ कुल जनसङ्ख्याको प्रतिव्यक्ति आयमा वृद्धिदर<br>▪ लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवारहरूको अनुपात (प्रतिशत) |

**लक्ष्य ११: सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने।**

स्थानीय तहलाई शहरी विकास, सेवाहरूको प्रवाह र सार्वजनिक सुव्यवस्थाका क्षेत्रमा महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व प्रदान गरिएको छ। त्यसैले स्थानीय तहले सहरलाई समावेशी, सुरक्षित, उत्थानशील तथा दिगो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ। स्थानीय तहले दिगो विकासका लक्ष्य - ११ लाई अघि बढाउन गर्न सक्ने कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरणको लागि देहायअनुसार रहेका छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय स्तरका सार्वजनिक यातायात (स्थानीय रेल, बस, ट्याक्सी तथा अन्य सार्वजनिक यातायात समेत) व्यवस्था, त्यससँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तर्जुमा गरी कार्यान्वयन तथा नियमन गर्ने।<br>२. स्थानीय बासिन्दाको सुरक्षा तथा दिगो बसाइसम्बन्धी वातावरण सुनिश्चित गर्न शहरी पूर्वाधारहरूको योजनाको कार्यान्वयत तथा व्यवस्थापन गर्ने।<br>३. शहरी पूर्वाधार, शहरी सुविधा तथा शहरी सेवाहरू जस्तै सार्वजनिक पार्क, हरियाली स्थलहरू, सहर बत्ती, फोहरमैला व्यवस्थापन एवम् यातायातसम्बन्धी पूर्वाधारहरूको व्यवस्थित विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् व्यवस्थापन सम्बन्धी कार्य गर्ने। | ▪ गरिब-बस्तीहरू/झुपडपट्टीहरू र अबैध जमिनमा बसोबास गर्ने (Sqatters) जनसङ्ख्या (सङ्ख्या हजारमा)<br>▪ खर/पराल/पातले छाएको घरमा बस्ने परिवार (प्रतिशत)<br>▪ सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार (प्रतिशत)<br>▪ पाचँ जना र सोभन्दा बढी व्यक्तिहरू बसबास गर्ने परिवारहरू (प्रतिशत)<br>▪ प्राकृतिक र साँस्कृतिक सम्पदाहरूको संरक्षणका निम्ति विनियोजित बजेट (प्रतिशत)<br>▪ विपद्को कारणबाट भएका मृत्यु (सङ्ख्या)<br>▪ विपद्का कारण चोटपटक लागेका/घाइते भएका (सङ्ख्या ) |

## लक्ष्य १२: दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने ।

स्थानीय तहले दिगो खपत तथा उत्पादन प्रणाली सुनिश्चित गर्न सङ्घीय तथा प्रादेशिक प्रयासहरूमा महत्वपूर्ण सहयोगी भूमिका खेल्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्य - १२ हासिल गर्न स्थानीय तहले गर्न सक्ने खास कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सङ्घीय तथा प्रादेशिक वातावरणका मापदण्डहरू समेतलाई सहयोग पुग्ने गरी दिगो खपत तथा उत्पादन सम्बन्धी ऐन, नीति, कानून, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।<br>२. दिगो उत्पादन तथा खपतको महत्वबारे जनताको सचेतना वृद्धि गर्ने र उनीहरूले वातावरणमा पारेको प्रभाव कम गर्न ज्ञान तथा तरिकाहरू सिकाउने ।<br>३. न्यून ऊर्जा खपत पद्धतिहरू अपनाएर स्थानीय तहले गर्ने आफ्ना कार्यहरूमा ऊर्जाको दिगो खपत सुनिश्चित गर्ने ।<br>४. निजी तथा गैरसरकारी क्षेत्रहरूको समन्वय एवम् सहयोगमा ढल निकास तथा फोहरमैलाको मात्रा कम गर्ने । जस्तै अंग्रेजीका तीन आरका सिद्धान्त (कम उत्पादन गर्ने - Reduce, पुनः प्रशोधन गर्ने - Recycle र पुनः प्रयोग गर्ने - Reuse) अपनाउने । | ▪ जीवाश्म इन्धन (Fossil fuel) ऊर्जाको खपत (कुल ऊर्जाको प्रतिशत)<br>▪ प्रतिव्यक्ति काठको प्रयोग (क्युबिक मिटर) |

### लक्ष्य १३: जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल गर्ने ।

स्थानीय तहले जलवायु परिवर्तनसम्बन्धी कार्यमा सङ्घीय तथा प्रादेशिक प्रयासहरूमा सहयोगी भूमिका खेल्दछन् । दिगो विकास लक्ष्य -१३ हासिल गर्न स्थानीय तहले खास रूपमा गर्न सक्ने कार्यहरू र यस लक्ष्यका परिमाणात्मक सूचकका उदाहरण देहाय अनुसार रहेका छन्:

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरू तथा बस्ती एवम् वैकल्पिक बस्तीका ठाउँहरूको पहिचान गरेर जलवायु परिवर्तन कम गर्ने उपाय अपनाउन तथा प्रकोप व्यवस्थापन गर्न कानून, नीति, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।<br>२. वातावरणमैत्री स्थानीय योजनाहरू र सम्भाव्य प्राकृतिक प्रकोपबाट उठ्ने जोखिम सहन सक्ने क्षमताको सुनिश्चित गर्ने ।<br>३. प्रकोप व्यवस्थापनका लागि सङ्घीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसँग सहयोग, समन्वय तथा सहकार्य गर्ने ।<br>४. स्थानीय तहमा जोखिमयुक्त वस्तुहरूबाट हुने प्रदूषण नियन्त्रण, नियमन तथा व्यवस्थापन गर्ने ।<br>५. स्थानीय तहमा प्राकृतिक प्रकोपबाट भएका हानि नोक्सानीको क्षतिपूर्तिका लागि विपद् व्यवस्थापन कोष खडा गरी सञ्चालन गर्ने ।<br>६. स्थानीय तहले आकस्मिक कार्यको तयारी सुनिश्चित गर्ने । यसका अलावा स्थानीय तहमा आकस्मिक कार्य व्यवस्थाहरू एवम् प्रकोपपश्चात् पुनर्वास तथा पुनर्निर्माण योजनाहरूसमेत तयार गर्ने । | ▪ स्थानीय अनुकूलन (Adaptation) योजना तर्जुमा सङ्ख्या<br>▪ समुदाय तहमा अनुकूलन योजना तर्जुमा<br>▪ जलवायुको दृष्टिकोणले व्यवस्थित गाउँहरू/बस्तीहरू (Smart Villages/Settlements)<br>▪ जलवायुको दृष्टिकोणले व्यवस्थित खेती प्रणाली (Adaptive Farming System)<br>▪ जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरुको अनुपात (प्रतिशत) |

### लक्ष्य १४: दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने ।

महासागर तथा तटीय क्षेत्रहरूको संरक्षण गर्न'मा नेपाल भूपरिवेष्ठित मुलुक भएकोले प्रत्यक्ष जिम्मेवार नभए तापनि तटीय क्षेत्र तथा महासागरहरूमा प्रदूषण घटाउन नदीको माथिल्ला भागमा सरसफाइ तथा फोहरमैलाको व्यवस्थापन गर्न जरुरी हुन्छ । विश्वव्यापी विकास तथा वातावरणीय दिगो विकासका प्रयासहरू बीच ठूलो अन्तरसम्बन्ध भएतापनि भौगोलिक अवस्थितिको कारणले दिगो विकासको चौधौं लक्ष्य, नेपाल तथा खासगरी नेपालका स्थानीय तहसँग कम सम्बन्धित रहेको मानिन्छ । तैपनि स्थानीय नदीनाला, तालतलैया र हिमतालहरू संरक्षण तथा सम्वर्द्धन गर्नु आवश्यक हुन्छ ।

## लक्ष्य १५: वनको दिगो व्यवस्थापन, मरुभूमिकरण नियन्त्रण, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्ने ।

प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधताको व्यवस्थापन, जलाशय, सिमसार तथा वन्यजन्तुको व्यवस्थापनमा स्थानीय तहलाई महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व प्रदान गरिएको छ । जसअनुसार दिगो वन व्यवस्थापन गर्न, भूक्षयको रोकथाम गर्न तथा जैविक विविधताको हानिनोक्सानी थाम्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकासको लक्ष्य - १५ लाई अघि बढाउन स्थानीय तहले गर्न सक्ने कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरण लागि देहायअनुसार छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. प्रभावकारी वातावरणीय व्यवस्थापन सुनिश्चित गर्ने सम्बन्धमा ऐन, नीति, कानून, मानक, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन प्रभावकारी रूपमा गर्ने ।<br>३. स्थानीय तहमा सामुदायिक वन, ग्रामीण तथा शहरी वन, धार्मिक वन तथा कबुलियत वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापन गर्ने ।<br>४. नदीले छोडेका ठाउँहरू वा नदी कटानहरू, नहरका किनारहरू तथा सडक किनारहरूमा वृक्षरोपण गरी सोको व्यवस्थापन गर्ने ।<br>५. स्थानीय तहमा निजी तथा व्यावसायिक वनको प्रवर्द्धन तथा नियमन गर्ने ।<br>६. स्थानीय तहमा सार्वजनिक खुला जमिन तथा खाली ठाउँहरूमा वृक्षारोपण, सम्भार, प्रयोग तथा व्यवस्थापन गर्ने ।<br>७. स्थानीय तहमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावरको सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन तथा बजार व्यवस्थापन गर्ने ।<br>८. बीउबिजनका बेर्ना तयारीका साथै बगैंचाका स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने ।<br>९. नर्सरी बिरुवा उत्पादन, वितरण, वृक्षरोपण तथा प्रवर्द्धन गर्ने ।<br>१०.मानव तथा वन्यजस्तुबीचको द्वन्द्व व्यवस्थापन गर्ने । | ▪ कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र<br>▪ समुदायमा आधारित व्यवस्थापन अन्तर्गत रहेको वन (कुल घना वन क्षेत्रको प्रतिशतको रूपमा)<br>▪ संरक्षित क्षेत्र (वनसहित, कुल भूभागको प्रतिशत)<br>▪ ताल, सीमसार र तलाउ/पोखरीहरू (सङ्ख्या)<br>▪ कवुलियती (Leasehold) वन समूहलाई वन हस्तान्तरण (हजार हेक्टर)<br>▪ वृक्षारोपण (Plantation) गरिएको क्षेत्र (प्रति वर्ष बेर्ना/बिरुवा, हजारमा)<br>▪ सङ्कटापन्न (Potentially dangerous) तालहरू/पोखरीहरू (प्रतिशत)<br>▪ जङ्गली बाघहरू (सङ्ख्या)<br>▪ गैंडा (सङ्ख्या)<br>▪ समुदायको नेतृत्व/अगुवाइमा परिचालित चोरी सिकारी नियन्त्रण एकाइहरू (सङ्ख्या) |

### लक्ष्य १६: न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने ।

स्थानीय तहहरू न्याय, शान्तिपूर्ण तथा समावेशी समाज प्रवर्द्धन गर्ने भूमिका निर्वाह गर्ने स्थानमा छन् । संविधानले स्थानीय तहमा नगर प्रहरी तथा न्यायिक समितिको व्यवस्था गरी उनीहरूको भूमिकालाई स्थापित गरेको छ । यसका अलावा स्थानीय तह आफैंले पनि पारदर्शी तथा समावेशी तरिकाले काम गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्य - १६ लाई अघि बढाउन स्थानीय तहले गर्न सक्ने कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने ।<br>२. उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिबाट न्याय सम्पादन छिटो, छरितो र निष्पक्ष गर्ने ।<br>३. मध्यस्थता तथा मेलमिलापमा जोड दिने ।<br>४. समावेशी तथा सहभागितात्मक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरू सुनिश्चित गर्ने ।<br>५. स्थानीय विकासका सूचकहरूलाई विद्युतीय माध्यमद्वारा सार्वजनिक गरेर उत्तरदायित्व प्रवर्द्धन गर्ने । | ▪ हत्यादर (प्रति १ हजार जनसङ्ख्या) (Homicide rate per 1000 population)<br>▪ दर्ता गरिएका यौनजन्य हिंसा सम्बन्धी केसहरू (सङ्ख्या)<br>▪ मानव बेचविखनमा परेका व्यक्तिहरूको सङ्ख्या<br>▪ दर्ता गरिएको सम्बन्ध विच्छेद (प्रति १ हजार जनसङ्ख्या) (सङ्ख्या)<br>▪ स्थानीय तहमा दर्ता भएका कुल मुद्दाहरूमध्ये फर्स्यौट भएका मुद्दाको अनुपात<br>▪ कुल स्वीकृत बजेटमध्ये खर्चको अनुपात<br>▪ जन्मदर्ता भएका ५ वर्षमुनिका बालबालिकाहरूको अनुपात |

**लक्ष्य १७: दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने ।**

जनताको निकटतम तहको सरकार भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले निर्णायक भूमिका खेल्नुपर्दछ किनभने स्थानीय तहमा यसले गरिबी निवारण तथा दिगो विकास लक्ष्यका बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्न उपयुक्त नीतिको विकास गर्दछ। यसकारण स्थानीय तह, सामुदायिक संस्थाहरू, निजी क्षेत्र तथा नागरिक समाजबीच साझेदारी तथा सहजीकरण गर्न प्रोत्साहन गर्ने स्थानमा रहेको छ। सबै लाई समेटेर स्रोत परिचालन गर्न तथा स्थानीय तहमा हुने प्रगतिको भिन्नता अनुगमन गर्न भरपर्दो स्थानीय तथ्याङ्कको आवश्यकता पर्दछ। दिगो विकास लक्ष्य -१७ लाई अघि बढाउन स्थानीय तहले गर्न सक्ने विशेष कार्यहरू र यससँग सम्बन्धित परिमाणात्म सूचकहरू उदाहरणको लागि देहायअनुसार रहेका छन्ः

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय तहले आफ्नो अनुकूलताको दिगो विकास लक्ष्यका कार्यसूची (एजेण्डा) बनाउने तथा त्यसको अनुगमन गर्ने ।<br>२. आफ्नो क्षेत्रभित्र राष्ट्रिय विकासका उद्देश्यहरू प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने र यसमा सहभागितात्मक ढङ्गले काम गर्ने ।<br>३. स्थानीय विकासका लक्ष्यहरू हासिल गर्न स्थानीय तहले आफ्नै राजस्व स्रोतबाट आर्थिक स्रोतहरू सिर्जना गर्ने ।<br>४. स्थानीयस्तरमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले सार्वजनिक निजी साझेदारी अवधारणा अपनाउने ।<br>५. नागरिकको इन्टरनेट पहुँचमा (पुस्तकालयहरू, सामुदायिक केन्द्र आदि) सहयोग गर्न स्थानीय तहले प्रयास गर्ने । | ■ कूल बजेटमा आन्तरिक आयको अनुपात<br>■ कुल बजेटको अनुपातमा सङ्घीय र प्रादेशिक सरकारमार्फत् प्राप्त अनुदान (प्रतिशत)<br>■ कुल बजेटको अनुपातमा राजस्व बाँडफाँटबाट<br>■ प्राप्त रकम (प्रतिशत)<br>■ इन्टरनेट घनत्व (प्रति १०० जनामा) |

**अनुसूची - ३**

# प्रगति समीक्षाका लागि बिवरण संकलन तालिका

## क. आर्थिक विकास क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| कृषि | | | | | |
| १ | व्यवसायिक कृषिमा संलग्न कृषक परिवार | सङ्ख्या | | | |
| २ | स्थानीय व्यवसायिक कृषि फार्म | सङ्ख्या | | | |
| ३ | कृषि उपज संकलन तथा बिक्रि केन्द्र | सङ्ख्या | | | |
| ४ | कोल्ड स्टोर/रष्टिक स्टोर क्षमता | सङ्ख्या (मे.ट) | | | |
| ५ | तरकारी बिक्री (वार्षिक) | रु. | | | |
| ६ | फलफुल बिक्री (वार्षिक) | रु. | | | |
| ७ | विउविजन उत्पादन (बिक्री) | रु. | | | |
| पशुपंक्षी पालन | | | | | |
| ८ | व्यवसायिक पशुपालनमा संलग्न कृषक परिवार | सङ्ख्या | | | |
| ९ | व्यवसायिक पशुपालन फर्म | सङ्ख्या | | | |
| १० | दुध उत्पादन (वार्षिक) | मे.टन | | | |
| ११ | मासु उत्पान (वार्षिक) | कि.ग्रा. | | | |
| १२ | अण्डा उत्पादन (वार्षिक) | गोटा | | | |
| १३ | कृत्रिम गर्भाधान केन्द्र | सङ्ख्या | | | |
| १४ | दुग्ध चिस्यान केन्द्र | सङ्ख्या | | | |

क्रमशः आर्थिक विकास क्षेत्र

क्रमशः आर्थिक विकास क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| उद्योग, व्यापार, व्यवसाय | | | | | |
| १५ | चालु लघु उद्योग | सङ्ख्या | | | |
| १६ | चालु घरेलु उद्योग | सङ्ख्या | | | |
| १७ | चालु साना उद्योग | सङ्ख्या | | | |
| १८ | चालु मझौला उद्योग | सङ्ख्या | | | |
| १९ | सुचारु व्यापार व्यवसाय | सङ्ख्या | | | |
| २० | जडिबुटी निकासी कर (वार्षिक) | रु. | | | |
| २१ | उद्यम विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | सङ्ख्या | | | |
| पर्यटन विकास | | | | | |
| २२ | प्रमुख पर्यटकीय स्थल | सङ्ख्या | | | |
| २३ | सञ्चालनमा रहेको होमस्टे | सङ्ख्या | | | |
| २४ | पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | सङ्ख्या | | | |
| २५ | आन्तरिक पर्यटक सङ्ख्या (वार्षिक) | सङ्ख्या | | | |
| २६ | बाह्य पर्यटक सङ्ख्या (वार्षिक) | सङ्ख्या | | | |
| २७ | पर्यटन पूर्वाधार (कोशेली घर, पदमार्ग, पाहुना घर, .....) | सङ्ख्या | | | |
| बैंक वित्तीय सेवा तथा सहकारी | | | | | |
| २८ | बैंक शाखा | सङ्ख्या | | | |
| २९ | लघु वित्त संस्था | सङ्ख्या | | | |
| ३० | सहकारी संस्था | सङ्ख्या | | | |
| श्रम तथा रोजगारी | | | | | |
| ३१ | औपचारिक क्षेत्रमा रोजगार जनसङ्ख्या | प्रतिशत | | | |
| ३२ | वैदेशिक रोजगारीमा संलग्न जनसङ्ख्या | प्रतिशत | | | |
| ३३ | अनौपचारिक क्षेत्रमा रोजगार जनसङ्ख्या | प्रतिशत | | | |
| ३४ | बेरोजगारी दर | प्रतिशतत | | | |
| गरिबी निवारण | | | | | |
| ३५ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | | | |
| ३६ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | | | |

## ख. सामाजिक क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| शिक्षा क्षेत्र | | | | | |
| १ | साक्षर जनसङ्ख्या (५ वर्ष माथिको) | प्रतिशत | | | |
| २ | खुद भर्नादर | प्रतिशत | | | |
| ३ | विद्यालय वाहिर रहेका (५ – १५ वर्ष) बालबालिका | जना | | | |
| ४ | नयाँ सामुदायिक विद्यालय खोल्न अनुमती दिएको सङ्ख्या | सङ्ख्या | | | |
| ५ | विद्यालय एकआपसमा गाभिएको (मर्ज) सङ्ख्या | सङ्ख्या | | | |
| ६ | नयाँ संस्थागत विद्यालय खोल्न अनुमती दिएको सङ्ख्या | सङ्ख्या | | | |
| ७ | प्राविधिक धार भएको विद्यालय | सङ्ख्या | | | |
| ८ | व्यवस्थित विज्ञान प्रयोगशाला भएका सामुदायिक विद्यालय | सङ्ख्या | | | |
| ९ | व्यवस्थित कम्प्युटर प्रयोगशाला भएका सामुदायिक विद्यालय | सङ्ख्या | | | |
| १० | प्रारम्भिक वाल विकास केन्द्र (विद्यालय/समुदाय) | सङ्ख्या | | | |
| ११ | इन्टरनेट सुविधा भएको विद्यालयहरु | सङ्ख्या | | | |
| आधारभूत स्वास्थ्य र सरसफाइ | | | | | |
| १३ | स्वास्थ्य सेवामा पहुँच भएका जनसङ्ख्या (घरधुरी) | प्रतिशत | | | |
| १४ | इन्टरनेट सुविधा भएको स्वास्थ्य संस्थाहरु | सङ्ख्या | | | |
| १५ | अस्पताल शैया | सङ्ख्या | | | |
| १६ | स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी) भएको वडा | सङ्ख्या | | | |
| १७ | स्वास्थ्य वीमा सेवामा आबद्ध परिवार सङ्ख्या | सङ्ख्या | | | |
| १८ | वाल मृत्युदर (५ वर्ष मुनिका) | प्रति हजारमा | | | |
| १९ | पूर्ण खोप लगाएका बालबालिका | प्रतिशत | | | |
| २० | स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलाको सङ्ख्या | प्रतिशत | | | |
| २१ | औसत आयु | वर्ष | | | |
| युवा तथा खेलकुद | | | | | |
| २२ | वैदेशिक रोजगारीमा गएका | सङ्ख्या | | | |
| २३ | खेल मैदान | सङ्ख्या | | | |
| २४ | कभर्ड हल | सङ्ख्या | | | |

## ग. पूर्वाधार विकास

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| सडक तथा यातायात | | | | | |
| १ | कालोपत्रे सडक | कि.मि. | | | |
| २ | ग्राभेल (खण्डास्मिथ) सडक | कि.मि. | | | |
| ३ | माटे (कच्ची) सडक | कि.मि. | | | |
| ४ | सडक यातायातको पहुँचमा जोडिएका वडा केन्द्र | सङ्ख्या | | | |
| ५ | यातायात सुचारु हुने सडकको लम्बाई | कि.मि. | | | |
| ६ | पक्की पुल (वेली समेत) निर्माण | सङ्ख्या | | | |
| ७ | झोलुङ्गे पुल | सङ्ख्या | | | |
| ८ | गाउँ/नगरपालिकाको नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न | सङ्ख्या | | | |
| ९ | गाउँ/नगरपालिकाको प्रशासनिक भवन निर्माणाधिन | सङ्ख्या | | | |
| १० | वडा कार्यालय भवन निर्माण सम्पन्न | सङ्ख्या | | | |
| ११ | वडा कार्यालय भवन निर्माणाधिन | सङ्ख्या | | | |
| १२ | स्वास्थ्य भवनहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई) | सङ्ख्या | | | |
| १३ | स्वास्थ्य भवनहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई) निर्माणाधिन | सङ्ख्या | | | |
| १४ | अन्य भवनहरु निर्माण सम्पन्न (सेवा केन्द्र, सभा हल, सामुदायिक भवन) | सङ्ख्या | | | |
| १५ | अन्य भवनहरु निर्माण सम्पन्न (सेवा केन्द्र, सभा हल, सामुदायिक भवन) निर्माणाधिन | सङ्ख्या | | | |
| १६ | विद्यालय भवनहरु निर्माण सम्पन्न | सङ्ख्या | | | |
| १७ | विद्यालय भवनहरु निर्माणाधिन | सङ्ख्या | | | |
| १८ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | सङ्ख्या | | | |
| १९ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर (नक्सा पास भएका) | सङ्ख्या | | | |
| २० | घरबार विहीन परिवार | सङ्ख्या | | | |
| विद्युत तथा बैकल्पिक उर्जा | | | | | |
| २१ | स्थानीय विद्युत उत्पादन | कि.वा | | | |
| २२ | विद्युत सेवा पुगेको घरधुरी | प्रतिशत | | | |
| २३ | राष्ट्रिय विद्युत प्रणालीमा जोडिएको परिवार | सङ्ख्या | | | |
| २४ | सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | | | |
| २५ | सुधारिएको उर्जा (वायोग्यास, एलपि ग्यास) प्रयोग गर्ने परिवार | सङ्ख्या | | | |
| २६ | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | सङ्ख्या | | | |
| सूचना तथा संचार प्रविधि | | | | | |
| २७ | इन्टरनेट सेवाको पहुँच पुगेका वडाहरुको सङ्ख्या | वडा सङ्ख्या | | | |
| २८ | स्थानीय एफ.एम. स्टेशन रहेको | सङ्ख्या | | | |

क्रमश: पूर्वाधार विकास

क्रमशः पूर्वाधार विकास

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| **खानेपानी** | | | | | |
| २९ | खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, नियम, कार्यविधि तथा निर्देशिका | सङ्ख्या | | | |
| ३० | खानेपानी योजना निर्माण (योजनाको प्रकार वा लागत) | सङ्ख्या | | | |
| ३१ | आधारभुत खानेपानी पुगेको घरधुरी | सङ्ख्या | | | |
| ३२ | निजी धारा भएका घरधुरी | सङ्ख्या | | | |
| **सिंचाइ** | | | | | |
| ३३ | कुल कृषि योग्य भूमि | रोपनी/ विगाहा | | | |
| ३४ | कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्धताको अवस्था | रोपनी/ विगाहा | | | |

## घ. वन तथा वातावरण

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| **वातावरण संक्षण** | | | | | |
| १ | भूक्षय, पहिरो र नदी कटान नियन्त्रण आयोजना | सङ्ख्या | | | |
| २ | सामुदायिक वन | सङ्ख्या | | | |
| ३ | सामुदायिक बनमा संलग्न घरधुरी | सङ्ख्या | | | |
| ४ | सामुदायिक बनबाट बार्षिक आय | रु. हजारमा | | | |
| ५ | कवुलियती बनमा संलग्न घरधुरी | सङ्ख्या | | | |
| ६ | कवुलियती बनबाट बार्षिक आय | रु. हजारमा | | | |
| ७ | पार्क र हरित क्षेत्र | सङ्ख्या | | | |
| ८ | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | पटक | | | |
| **विपद् व्यवस्थापन** | | | | | |
| ९ | जोखिमयुक्त (वस्ती अयोग्य) स्थानमा बसोबास गरेका परिवार | सङ्ख्या | | | |
| १० | खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | | | |
| ११ | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | सङ्ख्या | | | |
| १२ | विपदबाट मृत्यू हुनेको सङ्ख्या (वार्षिक) | सङ्ख्या | | | |
| १३ | विपदबाट विस्थापित परिवार सङ्ख्या (वार्षिक) | सङ्ख्या | | | |

## ङ. सुशासन तथा संस्थागत विकास

| क्र.सं. | सूचक | एकाइ | दिगो विकास लक्ष्य सङ्केत नम्बर | आधार वर्ष (२०../..) | आ.व. २०../.. को चैत महिनासम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| सुशासन, ऐन नियम, कानून, नीति तथा जवाफदेहिता | | | | | |
| १ | गाउँ/नगरपालिकाले जारी गरेका नीति | सङ्ख्या | | | |
| २ | गाउँ/नगरपालिकाले जारी गरेका ऐन | सङ्ख्या | | | |
| ३ | गाउँ/नगरपालिकाले जारी गरेका नियम तथा विनियम | सङ्ख्या | | | |
| ४ | गाउँ/नगरपालिकाले जारी गरेका निर्देशिका, कार्यविधि र मापदण्ड | सङ्ख्या | | | |
| ५ | गाउँ/नगरपालिकाले जारी गरेका मार्गदर्शन | सङ्ख्या | | | |
| ६ | गाउँ/नगरपालिकामा कार्यरत मानव संशाधन (कर्मचारी) | सङ्ख्या | | | |
| वित्तीय श्रोत परिचालन | | | | | |
| ७ | गाउँ/नगरपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. हजारमा | | | |
| ८ | संघबाट प्राप्त समानिकरण अनुदान | रु. हजारमा | | | |
| ९ | संघबाट प्राप्त विशेष अनुदान | रु. हजारमा | | | |
| १० | संघबाट प्राप्त समपुरक अनुदान | रु. हजारमा | | | |
| ११ | प्रदेशबाट प्राप्त समानिकरण अनुदान | रु. हजारमा | | | |
| १२ | प्रदेशबाट प्राप्त विशेष अनुदान | रु. हजारमा | | | |
| १३ | प्रदेशबाट प्राप्त समपुरक अनुदान | रु. हजारमा | | | |
| १४ | सङ्घीय सरकारबाट राजस्व बांडफाड प्राप्त रकम | रु. हजारमा | | | |
| १५ | प्रदेश सरकारबाट राजस्व बांडफाडबाट प्राप्त रकम | रु.हजारमा | | | |
| १६ | गाउँ/नगरपालिकाको कूल बार्षिक बजेट (हजारमा) | रु. हजारमा | | | |
| १७ | गाउँ/नगरपालिकाको बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | | | |
| १८ | औसत वार्षिक वेरुजु रकम | रु. हजारमा | | | |
| १९ | गैसस, अगैसस, विकास विकासबाट संचालित आयोजना/ कार्यक्रमबाट लगानी रकम | रु. हजारमा | | | |
| योजना व्यवस्थापन | | | | | |
| २० | स्थानीय गौरवका आयोजना भनि तोकिएका आयोजनाहरुको सङ्ख्या | सङ्ख्या | | | |
| २१ | तर्जुमा गरिएको विषय क्षेत्रगत गुरुयोजना | वटा | | | |
| २२ | आयोजना बैंकमा रहेको आयोजना | सङ्ख्या | | | |
| २३ | न्यायिक समितिमा परेका उजुरी | सङ्ख्या | | | |
| २४ | न्यायिक कार्यसम्पादन भएका उजुरी | सङ्ख्या | | | |

नोटः यस तालिकामा सान्दर्भिकताका आधारमा विभिन्न सूचकहरु थपी तथ्य-तथ्याङ्क भर्न सकिन्छ।

**प्रकाशकः**
नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
फोनः (+९७७) ०१-४२००३१८, ४२००४३२, ४२००२९१
इमेलः info@mofaga.gov.np